दोष मुक्त गरिन्छ, सफाई दिइन्छ, निर्दोष मानिन्छ, सही घोषणा गरिन्छ । जब परमेश्वरले हामीलाई धर्मी तुल्याउनु हुन्छ, उहाँले भन्नु हुन्छ कि हाम्रो पापहरू हाम्रो विरुद्धमा गनिने छैनन् । तिनीहरूलाई अभिलेखबाट हटाइनेछ ।

जब येशू खीष्ट हाम्रो निम्ति मर्नु भयो भनेर स्विकार गर्छौ , जब हामी हामीलाई उद्धारकर्ता आवश्यक छ भनी थाहा गर्दछौ, जब हामी थाहा गर्दछौं कि के हाम्रो पापले दण्ड पाउँदछ र हाम्रो पापहरूको दण्ड येशूले हाम्रो निम्ति सहनु भयो तब हामीसित विश्वास हुन्छ र परमेश्वरले हामीलाई हामी क्षमा गरिएका छौ भनी निश्चितता दिनुहुन्छ ।

व्यवस्था कर्महरूद्वारा कोही पनि दोषमुक्त हुन सक्तैन अर्थात धर्मी घोषित हुन सक्तैन (रोमी ३:२०) किनकी व्यवस्थाले बचाउन सक्तैन । त्यसलाई हामी पुरा गर्न सक्तैनौ र त्यसको नापले त हामी सबै चुक्दछौ (पद २३) । “येशूमा विश्वास राख्नेहरूलाई परमेश्वरले धर्मी ठहराउनु हुन्छ” (पद २६) । “व्यवस्थाको कर्महरूको पालना बिना विश्वास द्वारा नै हामी धर्मी ठहरिन्छौ” (पद २८) ।

विश्वासद्वाराको धार्मिकतालाई व्याख्या गर्न, पावलले अव्राहामको उदाहरण प्रयोग गर्छन् “अव्राहमले परमेश्वरलाई विश्वास गरे र त्यो उनको निम्ति धार्मिकता गनियो” (रोमी ४:३, उत्पत्ति १५:६ लाई उदृत गरेको) अव्राहामले परमेश्वरलाई विश्वास गरेको कारण परमेश्वरले उसलाई धर्मी गन्नु भयो। धार्मिकता परमेश्वरको दान हो जुन विश्वासद्वारा पाईन्छ, व्यवस्थापालनद्वारा होइन भन्ने कुरा व्यवस्था दिइनुभन्दा धेरै अगाडी नै थियो ।

धार्मिकता क्षमा भन्दा पनि अझ बढि हो । हाम्रो ऋणहरू हटाउनु भन्दा पनि अझ बढी हो । धार्मिकताको मतलब हामी धर्मी गनिनु, केही सही कुरा गरिनु हो । हाम्रो धार्मिकता हाम्रो कामहरूबाट होइन तर खीष्टबाटको हो (१ कोरिन्थी १:३०) । पावल भन्दछन्, यो खीष्टको आज्ञाकारीताबाटको हो जसले विश्वासीहरूलाई धार्मिक बनाउँदछ (रोमी ५:१९) ।

पावलले यो पनि भन्दछन् कि परमेश्वरले भक्तिहिनहरूलाई पनि धर्मी ठहराउनु हुन्छ (रोमी ४:५) । परमेश्वरले पापीहरूको धार्मिकतालाई विचार गर्नु हुनेछ यदि पापीहरूले परमेश्वरलाई विश्वास गर्दछन् भने । परमेश्वरलाई विश्वास गर्नेले अब उसो भक्तिहिन हुन चाहँदैन तर यो एक परिमाण हो र उद्धारको कारण होइन । मानिसहरू “व्यवस्थाको कर्महरूको पालनाद्वारा धर्मी ठहरिदैनन् तर येशू खीष्टमा

गरेको विश्वासद्वारा" (गलाती २:१६) ।

## एक नयाँ शुरुवात

कोही मानिसहरू तुरुन्तै विश्वासमा आउँदछन । केही कुराले तिनीहरूको दिमागमा क्लिक गर्दछ । ज्योति पस्दछ र तिनीहरूले येशूलाई तिनीहरूको मुक्तिदाताको रूपमा स्विकार्दछन् । अरु कोही मानिसहरूचाहिँ बढी घुमाउरो तरीकाले, उदारको निम्ति आफैमा विश्वास गरेर होइन त ख्रीष्टमा गरेको विश्वासद्वारा आउँछ भन्ने विस्तारै महसूस गर्दै विश्वासमा आउँदछन् ।

बाईबलले यसलाई नयाँ जन्म भनेर व्याख्या गर्दछ । जब हामीसित ख्रीष्टमा विश्वास हुन्छ, हामी परमेश्वरको सन्तानको रूपमा नयाँ गरी जन्मन्छौ (यूहन्ना १:१२-१३, गलाती ३:२६, १ यूहन्ना ५:१) । पवित्र आत्मा हामी भित्र वास गर्न शुरु गर्नु हुन्छ (यूहन्ना १४:१७) र परमेश्वरले हामीमा नयाँ सृष्टि शुरु गर्नुहुन्छ (२ कोरिन्थी ५:१७, गलाती ६:१५) । पुरानो व्यक्ति मर्दछ र नयाँ व्यक्तिको सृष्टि गरिन्छ (एफिसी ४:२२-२४) - परमेश्वरले हामीलाई परिवर्तन गर्दै हुनुहुन्छ ।

येशू ख्रीष्टमा, र यदि हामीसित उहाँमा विश्वास छ भने परमेश्वरले मानिसको पापको परिणामहरू उल्टाउँदै हुनुहुन्छ । जब पवित्र आत्माले हामीभित्र काम गर्नु हुन्छ, तब एक नयाँ मानिस निर्माण गरिँदै हुन्छ । खास गरी कसरी हुन्छ भनेर बाईबलले बताउँदैन, यति मात्र बताउँदछ कि यो गरिइदै छ । प्रक्रिया यो जीवनमा शुरु हुन्छ र अर्कोमा पुरा गरिन्छ । यो सम्बन्धमा हामी अर्को पाठमा कुरा गर्नेछौ ।

लक्ष्य चाहिँ अझ बढि हामीलाई येशू ख्रीष्ट जस्तै बनाउनु हो । उहाँ सिद्धतामा परमेश्वरको प्रतिरूप हुनुहुन्छ (२ कोरिन्थी ४:४ कलस्सी १:१५, हिब्रू १:३) र हामी उहाँकै स्वरूपमा परिवर्तन गरिनु पर्छ (२ कोरिन्थी ३:१८, गलाती ४:१९, एफिसी ४:१३,कलस्सी ३:१०) ।हामी आत्मामा उहाँ जस्तै हुनुपर्छ -प्रेममा, आनन्द, शान्ति, नम्रता र अरु धार्मिक गुणहरू । त्यो नै पवित्र आत्माले हामीमा गर्नुहुन्छ । उहाँले परमेश्वरको प्रतिरूपलाई पुन स्थापित गर्दै हुनुहुन्छ ।

उद्धारलाई मिलापका रूपमा पनि व्याख्या गरिन्छ - परमेश्वरसँगको हाम्रो सम्बन्धको पुनर्निमाण (रोमी ५:१०-११,२ कोरिन्थी ५:१८-२१, एफिसी २:१६, कलस्सी १:२०-२२) । अब उसो हामी परमेश्वरलाई इन्कार वा बेवास्ता गर्दैनौ - हामी उहाँलाई प्रेम गर्छौ । हामीलाई शत्रुबाट मित्रमा परिवर्तन गरिन्छौ । अनि

मित्रभन्दा पनि अझ बढि - परमेश्वर भन्नु हुन्छ कि उहाँले हामीलाई उहाँको आफ्नै सन्तानको रूपमा स्वीकार्नु हुन्छ (रोमी ८:१५ एफिसी १:५) । हामी उहाँको परिवारमा अधिकारसित, उत्तरदायीसित र एक महिमित उत्तराधिकारसित हुन्छौ (रोमी ८:१६-१७, गलाती ३:२९, एफिसी १:१८, कलस्सी १:१२) ।

अन्तमा कुनै पिडा र शोक हुनेछैन (प्रकाश २१:४) जसको मतलब कसैले पनि गल्ती गर्ने छैनन् । पाप हुनेछैन र मृत्यु हुने छैन (१ कोरिन्थी १५:२६) । जब अहिले हामीले आफैलाई हेर्दछौं भने त्यो लक्ष्य एक लामो बाटो देखिन्छ तर यात्रा (कुनै अरु यात्रा जस्तै) एक कदमसित शुरु हुन्छ - खीष्टलाई मुक्तिदाताको रूपमा स्विकार गर्ने कदमबाट । उहाँले हामीमा शुरु गर्नु भएको काम ख्रीष्टले पुरा गर्नु हुनेछ (फिलिपी १:६) र भविष्यमा, हामी झन् बढि खीष्ट जस्तै हुनेछौ (१ कोरिन्थी १५:४९, १ यूहन्ना ३:२) । हामी अविनाशी, दोषरहित, महिमित र पापरहित हुनेछौ । हाम्रो आत्मिक शरीरसित इश्वरीय शक्ति हुनेछ । हामीसित एक जीवन शक्ति, तिक्ष्ण वुद्धि, सृजनाशिलता, शक्ति र हामीले जानेको भन्दा पनि बढि प्रेम हुनेछ । पापद्वारा एक पटक धमिल्याएको परमेश्वरको प्रतिरूपलाई पहिले भन्दा पनि अरु राम्ररी पुनस्थापित गरिने छ ।

★★★

## ईकाइ ६ ख

# हामीले परमेश्वरको अनुग्रहलाई कसरी जवाफ दिने ?

एउटा तरीका चाहिँ अनुग्रहलाई अरुसित, हाम्रो परिवारमा, छिमेकीहरूमा र काम गर्ने ठाउँहरूमा बाँडेर हामी जवाफ दिन सक्छौ । त्यसको एक उदाहरणको रूपमा हामीले तल वैवाहिक सम्बन्धहरूमा आधारित एक पाठ प्रस्तुत गर्दछौ ।

- **यदि येशूले विवाह गर्नु भएको भए .............**

येशूले विवाह गर्नु भएन । तर एक क्षण मानि लिउ, यदि उहाँले विवाह गर्नु भएको भए मानिसहरूले के सोच्थे होलान् ।

- **येशूलाई पूर्ण विश्वास हुन्थ्यो ।**

थप, एक चेलाले उहाँलाई विश्वासघात गऱ्यो र अरु भागे केवल स्त्रीहरू मात्र विश्वास योग्य भए ।

- **येशूले सारा बातचित मार्नु हुन्थ्यो ।**

फेरी पनि गलत - येशू उहाँको पत्नी (मण्डली) सित कुरा गर्न चाहानु हुन्छ । अवश्य नै तिनीले केही गल्तीहरू गर्छिन तर त्यो नै हामी सबैले सिक्ने तरीका हो । पुरुष र स्त्रीहरू दुवैलाई बोल्न उत्प्रेरित गरिन्छ ।

- **येशूले टेलिभिजन हेर्नु हुन्थ्यो होला उहाँको पत्नीले उहाँलाई खाना दिएको बेला ।**

मूर्खता, हैन त ? साँचो कुरा चाहिँ येशूले उहाँको पत्नीलाई वास्ता गर्नु हुन्थ्यो जब तिनी टेलिभिनज हेरिरहन्थिन । अर्को दिन मर्दैछु भन्ने थाहा पाएर पनि उहाँले चेलाहरूको खट्टा धुनुभयो जब तिनीहरू एक आपसमा सहमत थिए ।

- **येशूले उहाँको पत्नीलाई कहिल्यै नदेखिने गरी दवाएर राख्नु हुन्थ्यो ।**

गलत कुरा । येशूले उहाँको पत्नी देखिएको चाहानु हुन्छ । उहाँले त उहाँको पत्नीलाई संसारमा काम गर्न हौसला दिएर पो आफ्नो दवावको अभ्यास गर्नु हुन्छ ।

- **येशूले आफ्ना छोराछोरीको असल प्रबन्ध गर्नुहुन्थ्यो होला ।**

येशू समस्या होइनन् -हामी चाहिँ हौ । तै पनि हामी मण्डलीभित्र येशूसित

भएको भन्दा पनि राम्रो विवाहहरूको आशा गर्छौं ! कस्तो व्यङय ! के हामी उहाँ भन्दा पनि बढि हौ भनेर सोच्न सक्छौ ?

हामीसित विवाह बारेमा हास्यास्पद पौराणिक कथाहरू छन् तर जब हामी यस्ता कथाहरूमा जीउन कोशिस गर्छौं हामी धेरै पिडाको कारण हुन्छौ । पतीहरू पिडाको कारण हुन्छन् र पत्नीहरू पनि पिडाको कारण हुन्छन् । हामी दुवै नै पापसित बन्द गरिन्छौ र पापले मानिसहरूलाई चोट पुऱ्याउँछ ।

## एक्लो

कोही मानिसहरू एक्लोमा राम्रो हुन्छन् र कोही विवाहितमा राम्रो हुन्छन । परमेश्वरले पुरुष र स्त्री विवाहको निम्ति सृष्टि गर्नु भयो तर उहाँले कसैकसैलाई एक्लै रहने दान दिनुभयो (१ कोरिन्थी ७:७) ।

हामीले एक्लो जीवन बिताउनेहरूलाई महत्त्व दिनुपर्छ र तिनीहरूको जीवन शैलीलाई प्रशंसा गर्नुपर्छ । जब हामी विवाहको बारेमा कुरा गर्दछौं, तब हामीले अविवाहिलाई छड्के हान्न चाहानु हुँदैन । यो एक पूर्ण आदरणिय अवस्था हो । कसैले यसलाई आदर गर्दैनन् कोही विवाहितहरूले पनि विवाहलाई उत्तरदायित्वकासाथ निभाउँदैनन् । हामी जस्तै अवस्थामा हौ तैपनि हामीलाई सेवा गर्न बोलाइएको छ ।

पावलले भने कि एक्लो व्यक्ति पूर्णरूपमा परमेश्वरमा समर्पित हुन सक्तछ । विवाहित व्यक्तिको मन बाडिएको हुन्छ (पद ३२-३४) अविवाहित पुरुष र स्त्री परमेश्वरको राज्यको निम्ति अजङ्गको प्रतिनिधी हुन्छन् । येशू अविवाहित थिए र पावल पनि, लिडिया र फोवी पनि शायद अविवाहित थिए ।

## तपाईंको शरीर तपाईंको आफ्नै होइन

विवाहित मानिसहरूसित भएको एक अर्काको निम्ति जिम्मेवारीहरूको पावलले तलफल गर्दछन: पत्नीले - आफ्नो शरीरमाथि अधिकार राख्दिन तर उसको पतिले राख्छ । यसरी नै पतिले पनि आफ्नो शरीर माथि अधिकार राख्दैन तर उसकी पत्नीले राख्छे" (पद ४) ।

नत पतिहरूले न पत्नीहरूले नै एक्लो स्वार्थी रूपमा निर्णय गर्न सक्छन् । पतिले पत्नीलाई जानकारी नदिई कतै जाने बारेमा समेत एक्लै निर्णय गर्न सक्तैन किनकी उसको शरीर उसको मात्र होइन तर उसको पत्नीको पनि हो । तिनीसँग जान्न पाउने अधिकार छ । यो पदले आत्मिक र सांसारीक दुवै कुराहरूमा सहमती

बिनाको निर्णयलाई निषेध गर्दछ र यो सिद्धान्त पति र पत्नी दुवैलाई लागु हुँदछ।

यो आत्मसंयममा केन्द्रित छ अरु नियन्त्रणका कुराहरूमा होइन। हामी हाम्रा जीवन संगीवाटको हाम्रो अधिकारहरू माग्न सक्तैनौ। हामी तिनीहरूको शरीरलाई नियन्त्रण गर्ने माग गर्न सक्तैनौ। त्यो हाम्रो अधिकार भएर पनि हामी माग राखेर जीउन सक्तैनौ। हामीले गर्ने सक्ने कुराचाहिँ हामीले हाम्रो आफ्नो शरीरलाई नियन्त्रण गर्नु हो जसले जीवन संगीलाई आदर गर्दछ। अरुलाई आदेश दिनुभन्दा हामीले आफैमाथि काम गर्नु पर्छ। हामीले खुशी पार्ने कोशिस गर्नुपर्छ माग राख्ने होइन।

यो मन तिमीहरूमा होस्, पावलले लेखे (फिलिपी २:५-१०)। येशूले जस्तै सोच्नुहोस्। उहाँसित महान शक्ति भएर पनि त्यसलाई उहाँले आफ्नो फाइदाको निम्ति प्रयोग गर्नुभएन। उहाँले दासको स्वभाव लिनुभयो, आफ्नो पत्नीको सेवा गर्न उहाँले आफैलाई नम्र तुल्याउनु भयो। परमेश्वरले हामीले गर्ने महानतालाई मापन गर्नुहुन्न। उहाँले हामीले गर्ने नेतृत्वमा हेर्नुहुन्न। येशूले उहाँको अधिकारहरू माग गर्नु भएन। उहाँले उहाँलाई दिइएको काम मात्र गर्नुभयो।

अलिपछि पावलले पति र पत्नीहरूलाई केही निर्देशनहरू दिए। उहाँले पत्नीहरूलाई समर्पित हुनु भनेर भने (एफिसी ५:२२)। पत्नीहरूको निम्ति आफैलाई दिइहाल्नु भनी उहाँले पतिहरूलाई भने (पद २५) कोही पतिहरू आफ्नो पत्नीको निम्ति मर्न सक्ने दावी गर्छन् तर वास्तवमा पत्नीको लुङ्गी फेर्न मन गर्दैनन्। मसित यस्ता दिनहुँ मर्ने पतिहरूको उदाहरण छ। किनकि यदि तपाईंहरू सेवा गर्ने इच्छा गर्नुहुन्न भने तपाईं अति नै पतित हुनुहुनेछ।

पावलले पतिहरूलाई आफ्ना पत्नीहरूलाई प्रेम गर्नु र हेरचाह गर्नु भनेर भन्नु भयो, समर्पणको माग गर्नु भनेर उहाँले पतिहरूलाई भन्नु भएन। उहाँले पत्नीहरूलाई समर्पित हुनु भनेर भन्नु भयो। बढी प्रेम र बलिदान माग गर्नु भन्नु भएन। अरुले गरे पनि नगरे पनि हामी प्रत्येकले हाम्रो आफ्नो उत्तरदायित्वहरू वहन गर्नै पर्छ। हामी हामीले गर्न सक्ने कुरामा केन्द्रित हुनैपर्छ अरुले के गर्दै छैन भन्नेमा होइन।

## के आज तपाईं छुटिनु उचित हुन्छ ?

हामी जे को निम्ति योग्य छौं त्यो हामीले पाएको भए हामी मर्थ्यौं। परमेश्वरको अनुग्रहद्वारा, हामी सबैसित हाम्रो योग्यताभन्दा बढी नै पाएका छौं। येशूमा हामीलाई अनन्त जीवन दिइएका छौं, केही हामीले कमाउन नसक्ने र केही चाहिं हामीले कहिल्यै पनि आर्जन गर्न नसक्ने। हाम्रा पापहरू हाम्रो विरुद्धमा गनिएका

भए प्रत्येक दिन हामी पापको योग्य हुन्थ्यौं तर हामीले त आशिष पो पाउँछौं। आज हामी छुट्टिदैनौं तर परमेश्वरले हामीलाई जसरी पनि एक जना दिनु हुन्छ।

हामीले पाउनु पर्ने भन्दा पनि बढी आशिषहरू सधैं हामीले पाएको निम्ति प्रत्येक दिन हामी धन्यवादी हुनै पर्छ। जब हामी हाम्रा जीवनसङ्गीहरूलाई देख्छौं, सधैं सम्झौं यो मेरो योग्यता भन्दा उत्तम हो। सधैं धन्यवादी हौं।

अरबौं रूपैंयाको ऋणको परमेश्वरले तपाईंलाई क्षमा गर्नु भएको छ भनी सम्झनुहोस्। क्षमा गर्नुहोस् जब तपाईंको जीवनसङ्गी चुक्दछ (मत्ती १८:२३-३५)। हृदयबाटै एकले अर्कोलाई क्षमा गर र यो तुरुन्तै गर। जहाँ अनुग्रहद्वाराको उद्धारको सुसमाचार व्यवहारिक रूपमा दिनहुँको जीवनमा लागु हुन्छ। यसले हामीलाई हाम्रो जीवनसङ्गीहरूप्रति उद्धार हुनु भन्दछ। यसले हामीलाई वलिदान हुनु भन्दछ।

पतिहरूले तपाईंहरूका पत्नीहरूलाई प्रेम गर्नुहोस् यति सम्मकी तपाईंले घुँडा टेकेर तिनीहरूको खुट्टासम्म धुन पर्छ। अर्थात उभिएर भाँडाकुँडाहरू माझ्नुहोस्। तिनीहरूलाई आदर गर्नुहोस्, सम्मान गर्नुहोस् तिनीहरूलाई नहेप्नुहोस् किनकी तिनीहरू तपाईंसित अनन्त जीवनको उत्तराधिकारी हुन्।

## सेवा

पत्रुसले हामीलाई नम्र र आत्म-वलिदान हुनु भनेर भन्दछन्: मानिसहरूको बिचमा रहेको प्रत्येक अख्तियारमा प्रभूको खातिर आफैलाई समर्पित गर (१ पत्रुस २:१२)। यदि तपाईंले ईमान्दारीकासाथ संसारको कानूनलाई पालना गर्नुहुन्न भने तपाईंको परिवारले तपाईंको आज्ञालाई मानेन भने अचम्म नमान्नु होस्। कमारा हो, सम्पूर्ण आदरपूर्वक आफ्ना मालिकहरूका अधिनमा बस (पद १:८)। यदि तपाईंले तपाईंको घरका कामदारलाई बेइज्जत गर्नुहुन्छ भने तपाईंको परि वारले तपाईलाई आदर गरेनन् भने तपाई अचम्म नमान्नुहोस्।

"यसैको निम्ति तिमीहरू बोलाइएका हौ" पत्रुस लेख्छन्, "किनकी ख्रीष्टले पनि तिमीहरूका निम्ति कष्ट भोग्नु भयो, अनि तिमीहरूका लागि एउटा उदाहरण छोडिजानुभयो र तिमीहरू उहाँकै पाइलामा हिंड्नु पर्छ" (पद २१)। अवश्य, हामी कष्ट भोगाइमा, हाम्रो घमण्डलाई बलिदान गराईमा उहाँलाई पछ्याउँछौं। यदि हामी उहाँको आज्ञा पालन गर्दैनौ भने मानिसहरूले पनि हामीले चाहेको कुरा गरेनन् भने अचम्म मान्नु पर्दैन।

पत्रुससँग पत्नीहरूको लागि पनि उस्तै निर्देशनहरू छन्: "पत्नी हो, तिमीहरू

पनि आफ्ना पतिका अधिनमा रहो" (३:१) र पतिहरूको निम्ति पनि उस्तै निर्देशनहरू छन्: पति हो, त्यसैगरी आफ्ना पत्नीसँग विचारशिल भएर बस .... त्यसैले तिमीहरूका प्रार्थनामा वाधा नपरोस्" (पद ७)। यदि तपाईंले तपाईंको पत्नीलाई राम्रो व्यवहार गर्दैनौ भने परमेश्वरले तिमीलाई सुन्नु हुन्छ भनेर कसरी आशा गर्न सक्छौं ? विचारशिल हुनुहोस् - त्यसको मतलब तपाईंको आफ्नो आवश्यकता भन्दा पहिले पत्नीको आवश्यकता सोच्नुहोस्। त्यो नै प्रेमको अर्थ हो।

एफिसी ५:२१ ले भन्दछ कि हामी एक आपसमा समर्पित हुनुपर्छ। हामीले हुबहु उस्तै तरीकाले गर्नुहुँदैन (छोराछोरीले आमा बुबामा समर्पित हुने भन्दा भिन्नै तरीकाले आमाबुबा छोराछोरी प्रति समर्पित हुँदछन्) तर हामी सबै एक अर्काको आवश्यकताहरूमा समर्पित हुनैपर्छ। हामीले आफैलाई भन्दा बढी जीवनसङ्गीलाई ध्यान दिनु आवश्यक छ (फिलिपी २:३) पतिहरूले उदाहरण बनेर डोऱ्याउनु पर्छ, समर्पणको माग गरेर होइन।

पतिहरूलाई आफ्नो पत्नीहरूलाई प्रेम गर्नु भनिएको छ। यसको मतलब तिनीहरू पत्नीसित धैर्य र दयालु हुनुपर्छ। तिनीहरू इर्श्यालु अर्थात धाक लगाउने गर्नु हुँदैन। तिनीहरू घमण्डी, अभद्र अर्थात अहंकारी हुनुहुँदैन। तिनीहरू सजिल्यै रिसाउनु हुँदैन नत अतितको गल्तीहरूलाई कोट्याउनु नै हुन्छ। पतिहरूले सधैं सुरक्षा गर्नुपर्छ, सधैं विश्वास गर्नुपर्छ, सधैं आशावादी हुनुपर्छ र कहिल्यै त्याग्नु हुँदैन (१ कोरिन्थी १३:६-८)।

खीष्टले हामीहरूलाई आफै जीउँदो बलिदान हुनु भनेर भन्नु हुन्छ। हामी हाम्रो जीवन उहाँलाई दिन्छौ र हामी उहाँको निम्ति जिउँछौं र हामी उहाँलाई हाम्रो दिनदिनैको सम्बन्धहरूमा हामीभित्र जिउन दिन्छौं।

असल विवाहहरू त्यसै हुँदैनन्। तिनीहरूले कार्य र सचेत प्रयास लिन्छन्। जब हामी कसैसित वर्षौ वर्ष बस्दछौं भने हाम्रो धैर्यताको जाँच गरिने छ। हाम्रो स्वार्थीपन देखिने छ। हाम्रो आत्मिकता (अर्थात बसको अभाव) प्रकट गरिने छ। हामी गल्तीहरू गर्ने छौं र हामीलाई क्षमा आवश्यक पर्नेछ अनि हामीलाई क्षमा दिइनु आवश्यक हुन्छ।

अनुग्रहमा रहौं ! खीष्टले हामीलाई क्षमा गर्नुभए झैं एकअर्कालाई क्षमा गरौं (कलस्सी ३:१३) तपाईंको जीवनसंगीको निम्ति येशू हुनुहोस्।

★★★

# इकाई ६ ग

# एउटै मात्र बाटो के येशू हुन् त ?

येशू खीष्टद्वारा मात्र उद्धार छ भन्ने खीष्टियन विश्वासलाई मानिसहरूले कहिलेकाहीं इन्कार गर्दछन् । हाम्रो बहुसमाज र धार्मिक स्वतन्त्रताको विचारले सबै धर्महरू एकै हुन् भनेर कहिलेकाहीँ गलत व्याख्या गर्दछ ।

कोही कोहीले भन्दछन् धेरै बाटोहरूबाट हिंडेर एउटै गन्तव्यमा पुगिए झैं सबै बाटोहरूले एउटै परमेश्वरमा डोऱ्याउँदछ । तिनीहरूले एउटै मात्र बाटो छ भनी विश्वास गर्ने साँघुरो विचारधाराकाहरूलाई सहँदैनन् र सु-समाचार प्रचार चाहिं अरुको विश्वासलाई परिवर्तन गर्न खोज्ने निचताको उदाहरणको रूपमा लिएर तिनीहरूले इन्कार गर्दछन् । तैपनि तिनीहरूले आफैले चाहिं एउटै मात्र बाटो छ भनी विश्वास गर्नेहरूको विश्वासलाई परिवर्तन गर्न चाहन्छन् ।

यसको बारेमा के नी - के खीष्टिय सुसमाचारले साँच्चै नै मुक्तिको एउटै मात्र बाटो येशू हुन् भनी सिकाउँदछ त ?

## अरू धर्महरू

धेरै धर्महरू एकलकाँटे हुन्छन् । अर्थोडक्स यहुदीहरूले साँचो बाटो भएको दाबी गर्छन् । मुस्लिमहरू परमेश्वरको उत्तम प्रकाश भएको दावा गर्छन् । हिन्दूहरूले आफूलहरू सही छौं भनी विश्वास गर्छन् र बुद्धिष्टहरूले आफूले गरेको नै ठिक छ भनी विश्वास गर्छन् । आधुनिक समुहवादीहरूले पनि अरु विचारहरू भन्दा उनीहरू नै बढी सही छन् भनी विश्वास गर्छन् ।

सबै पथहरूले उही परमेश्वरमा डोऱ्याउँदैनन् । ती भिन्न धर्महरूले विभिन्न भगवानहरूको पनि व्याख्या गर्छन् । हिन्दूसँग विभिन्न भगवान्हरू छन् र मुक्तिलाई अनन्ततामा फर्कनुको रूपमा व्याख्या गर्छन् - यो निश्चय नै मुसलमानहरूको एउटै परमेश्व माथिको विश्वास र स्वर्गीय इनामहरूमाथिको जोडभन्दा फरकको गन्तव्य हो । न त मुसलमानले न त हिन्दूले न तिनीहको पथहरूभन्दा अरुले एउटै गन्तव्यमा पुऱ्याउँछ भनी सहमत हुन्छन् । तिनीहरू परिवर्तन भन्दा त लडाई नै गर्छन् र पश्चिमी सबै एक हुन् भन्नेहरू अनभिज्ञ र छलफल हुने रूपमा अस्विकारिन्छन् र

विश्वासहरूको विरोधमा तिनीहरू कसैको विरोध गर्ने चाहँदैनन् ।

हामी विश्वास गर्छौं कि खीष्टियन सुसमाचार नै सही छ यसले मानिसहरूलाई विश्वास नगर्न पनि अनुमति दिन्छ । किनकी हामी यो बुझ्दछौं, विश्वासले भन्दछ कि मानिससित विश्वास नगर्ने स्वतन्त्रता पनि छ ।

तर जब हामी मानिसहरूको निर्णय अनुसार विश्वास गर्ने तिनीहरूको निम्ति अधिकार छ भन्छौं तब यसको मतलब सबै विश्वासहरू साँचो हुन् भनी हामीले विश्वास गरेको चाहिं होइन । ईच्छा अनुसार मानिसहरूलाई विश्वास गर्ने अनुमति दिनुको मतलब मुक्तिको एउटै बाटो येशू हुन् भन्ने हाम्रो विश्वासलाई हामीले त्यागेका चाहिं होइन ।

## बाईबलिय दाबीहरू

येशूको पहिलो चेलाहरूले हामीलाई बताउँदछन् कि उहाँले आफू नै पिता कहाँ पुग्ने एक मात्र बाटो हुँ भनी दावा गर्नुभयो । उहाँले भन्नुभयो, यदि तिमीहरू मलाई पछ्याउँदैनौ भने परमेशवरको राज्यमा पस्ने छैनौं (मत्ति ७:२६-२७) । यही तिमीहरूले मलाई इन्कार गर्छौं भने, तिमीहरू अनन्ततामा मसित हुनेछैनौं (मत्ति १०:३२-३३) ।

येशूले भन्नुभयो कि परमेश्वरले "सबै न्याय गर्ने काम पुत्रलाई दिनुभएको छ ताकि सबैले पुत्रको आदर गरुन् जसरी तिनीहरूले पिताको आदर गर्दछन् । पुत्रको आदर नगर्नेले उसलाई पठाउनु हुने पिताको पनि आदर गर्दैन" (यूहन्ना ५:२२-२३) । येशूले उद्धार र सत्यताको एउटै मात्र अर्थ भएको दावी गरे । उहाँलाई इन्कार गर्ने मानिसहरूले परमेश्वरलाई पनि इन्कार गर्दैछन् ।

उहाँले भन्नुभयो, "म नै संसारको ज्योति हुँ" (यूहन्ना ८:१२), "बाटो, सत्य र जीवन म नै हुँ । मद्वारा बाहेक कोही पनि पिताकहाँ आउन सक्तैन तिमीहरूले मलाई चिनेका भए मेरा पितालाई पनि चिन्ने थियौं" (यूहन्ना १४:६-७) । येशूले भन्नुभयो, मुक्तिको अर्को बाटोहरू छन् भनी दावी गर्ने मानिसहरू गलत र झुटो हुन् ।

पत्रुसले पनि यहुदी गुरुहरूलाई त्यसरी नै भन्दछन्, "अरु कसैमा मुक्ति छैन, किनकी हामीले मुक्ति पाउनलाई स्वर्गमुनि मानिसहरूका बिचमा अर्को कुनै नाउँ दिइएको छैन" (प्रेरित ४:१२) ।

पावलले यसलाई अझ स्पष्ट पारे जब उनले ख्रीष्टलाई नचिन्ने मानिसहरूलाई यो भन्नुभयो, “ख्रीष्ट तिमीहरूको अपराध र पापहरूमा मर्नुभयो” (एफिसी २:१)। तिनीहरूसित कुनै आशा थिएन र तिनीहरूको धार्मिक विश्वासको अतिरिक्त तिनीहरूसित परमेश्वर हुनुहुन्थ्यो (पद १२) पावलले भने, एउटै मात्र मध्यस्थकर्ता हुनुहुन्छ - परमेश्वर कहाँ पुग्ने एउटै मात्र बाटो (१ तिमोथी २:५)। प्रत्येकलाई आवश्यक पर्ने छुट्कराको मोल येशू हुन् (तिमोथी ४:१०) यदि कुनै अर्को व्यबस्था भएको भए अर्थात मुक्ति दिने अर्को कुनै बाटो भएको भए, परमेश्वरले त्यही गर्नुहुन्थ्यो (गलाती ३:२१)।

ख्रीष्टद्वारा नै परमेश्वरसित संसारको मिलाप भएको छ (कलस्सी १:२०-२२)। पावललाई अन्यजातिहरूको माझमा सुसमाचार प्रचार गर्नु भनिएको थियो उनले भन्नुभयो, तिनीहरूको धर्मकर्म व्यर्थ थियो (प्रेरित १४:१५)। यस्तै गरी हिब्रूको पुस्तकले भन्दछ: येशू अरु बाटोहरूभन्दा उत्तम मात्र होइन - उहाँ प्रभावकारी पनि हुन् जो तिनीहरू हुनै सक्तैनन् (हिब्रू १०:११)। यो नै पूर्ण हो - कुनै परिवर्तन हुन सक्तैन, कसैको फाइदाको निम्ति। एउटै मात्र उद्धारको ख्रीष्टियन शिक्षा येशू आफैले के भन्नुभयो र धर्मशास्त्रले के सिकाउँछ त्यसैमा आधारित छ। र यो येशू जो हुनुहुन्छ र अनुग्रहको निम्ति हाम्रो आवश्यकतासित कस्सिलो गरी जोडिएको छ।

## अनुग्रहको निम्ति हाम्रो आवश्यकता

बाइबलले भन्दछ कि येशू अद्‌भूत तरीकाको परमेश्वरका पुत्र हुनुहुन्छ। देहमा रहेका परमेश्वरको रूपमा उहाँले आफ्नो जीवन हाम्रो उद्धारको निम्ति दिनुभयो। येशूले केही अर्को तरीकाको निम्ति प्रार्थना गर्नुभयो तर अर्को कुनै विकल्प थिएनन् (मत्ति २६:३९)। मुक्ति केवल परमेश्वरद्वारा मात्र आउँदछ किनकि उहाँ आफै पापको परिणामहरू भोग्न मानव संसारमा पस्नु भयो, हामीलाई पापबाट मुक्त गर्न उहाँ आफैले सजाय भोग्नु भयो, उद्धारलाई दानको रूपमा हामीलाई दिनुभयो।

धेरै धर्महरूले केही कामहरूको प्रकारलाई मुक्तिको बाटोको रूपमा शिक्षा दिन्छन् - सही रूपमा प्रार्थना गरेर, असल कुराहरू गरेर, सन्तुष्ट भएर मुक्ति पाइन्छ भन्छन्। तिनीहरूले सिकाउँछन् कि मानिस कठिन प्रयासद्वारा असल हुनसक्छ तर ख्रीष्टियन समुदायले सिकाउँदछ कि हामी सबैलाई अनुग्रह आवश्यक छ किनकि हामी जे सुकै गरे पनि अर्थात जतिसुकै कठिन प्रयास गरेपनि हामी असल हुन सक्तैनौं।

दुवै विचारहरूको निम्ति एकै समयमा साँचो हुन असम्भव हुन्छ। अनुग्रहको सिद्धान्तले सिकाउँदछ कि हामी मन पराउ वा मन नपराउ मुक्तिमा डोऱ्याउने अरु कुनै बाटोहरू छैन।

## भविष्यको अनुग्रह

येशूको बारेमा नसुनिकन मर्ने मानिसहरूको बारेमा के नि ? येशू जन्मिनु भन्दा अगाडि हजारौं माईल टाढा जिउनेहरूको बारेमा चाहिं के त ? के तिनीहरूसित कुनै आशा छ ?

हो - स्वभाविक रूपमा किनकि खीष्टियन सु-समाचार अनुग्रहको सुसमाचार हो। मानिसहरू परमेश्वरको अनुग्रहद्वारा बचाइन्छन् "येशू" नामलाई उच्चारण गरेर होइन अर्थात विशेष ज्ञान र विशेष सूत्र लिएर होइन। येशू सारा संसारको पापहरूको निम्ति मर्नु भयो चाहे संसारले यो जानोस् या नजानोस् (२ कोरिन्थी ५:१४, १ यूहन्ना २:२)। उहाँको मृत्यु नै प्रत्येकको निम्ति प्रायश्चितको बलिदान हो - विगत, वर्तमान र भविष्य सबैको निम्ति।

हामी विश्वस्त छौं कि परमेश्वर आफ्नो वचनमा पक्का हुनुहुन्छ "उहाँले सबैजना पश्चातापमा आएको चाहनु हुन्छ" (२ पत्रुस ३:९)। उहाँको बाटोहरू र समय हाम्रो निम्ति अदृष्य हुन सक्छन् तैपनि उहाँले आफैले बनाउनु भएको मानिसहरूलाई प्रेम गर्नुहुन्छ भनी हामीले उहाँलाई विश्वास गर्नुपर्छ। येशूले स्पष्ट गर्नुभयो : "किनभने परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो कि उहाँले आफ्ना एक मात्र पुत्र दिनुभयो ताकि उहाँमाथि विश्वास गर्ने कोही पनि नाश नहोस् तर त्यसले अनन्त जीवन पाओस्। किनकि परमेश्वरले संसारलाई दोषी ठहराउन भनी पुत्रलाई संसारमा पठाउनु भएन तर संसार उहाँद्वारा बाँचोस् भनेर पठाउनु भयो (यूहन्ना ३:१६-१७)।

हामी विश्वास गर्छौं कि पुनरुत्थान भएको खीष्टले मृत्युलाई जित्नु भएको छ र त्यसकारण मृत्युले पनि मानिसहरूलाई मुक्तिको निम्ति उहाँलाई विश्वास गर्न डोऱ्याउने उहाँको क्षमतामा कुनै पनि अवरोध खडा गर्न सक्तैन। कहिले र कसरी भनेर हामीलाई थाहा छैन तर हामी उहाँको बचनलाई विश्वास गर्न सक्छौं। त्यसैकारण हामी विश्वास गर्न सक्छौं कि उहाँले अहिलेका वा पछिका सबैले उद्धारको निम्ति उहाँलाई नै विश्वास गर्नुपर्ने बताउनुहुन्छ - मृत्यु अगाडि पनि र मृत्यु पछाडी

पनि । यदि कोही मानिस अन्तिम न्यायमा विश्वासमा ख्रीष्टतिर फर्कन्छ भने, जब अन्त्यमा तिनीहरूले तिनीहरूको निम्ति उहाँले के गर्नु भएको छ भनी सिक्दछन् भने उहाँले निश्चय नै तिनीहरूलाई इन्कार गर्नुहुने छैन ।

केही छैन, जुनसुकै बेला मानिसहरू बचाइए पनि तर जसरी तिनीहरू यसलाई बुझे पनि, केवल येशू ख्रीष्टद्वारा मात्र तिनीहरू बचाइन सक्छन् । असल कामहरू गर्ने अभिप्रायले कहिल्यै कसैलाई बचाउने छैन, जति नै सुकै कडा प्रयासले बचाउँदछ भनेर विश्वास गरे पनि त्यसले बचाउने छैन । जुनै पनि बेला मानिसलाई बचाउन सक्ने अनुग्रह र येशूको बलिदानको सम्पूर्ण आसय असल कामहरूको परिणाम होइन, धार्मिक कार्यहरूको परिणाम पनि होइन । यदि यस्तो बाटोको परिकल्पना गर्न सकिएको भए, परमेश्वरले त्यही नै गर्नुहुन्थ्यो (गलाती ३:२१) ।

यदि मानिसहरूले कामद्वारा, योगाद्वारा अर्थात मानिसले गर्न सक्ने अरु परिकल्पनाहरूद्वारा मुक्ति पाउने कोशिस गरेका छन् भने तिनीहरूको कामहरूले तिनीहरूको निम्ति परमेश्वरसितको कुनैपनि कुरा आर्जन गर्दैन भनेर तिनीहरूले सिक्नेछन् । उद्धार अनुग्रहद्वाराको हो, केवल अनुग्रहद्वारा मात्र । ख्रीष्टियन सु-समाचारले सिकाउँदछ कि कसैले पनि यसलाई कमाउन सक्तैन तैपनि यो सबैको निम्ति प्राप्य (पाउन सकिने) छ ।

जुनसुकै धर्मको मानिसलाई पनि ख्रीष्टले त्यो पथबाट उद्धार गर्न सक्नुहुन्छ र उहाँको आफ्नै पथमा डोऱ्याउनु हुन्छ । उहाँमात्र परमेश्वरको पुत्र हुनुहुन्छ जसले प्रत्येकलाई चाहिने प्रायश्चितको बलिदान जुटाउनु भयो । उहाँनै परमेश्वरको अनुग्रह र उद्धारको अद्भूत माध्यम हुनुहुन्छ । यो नै येशू आफैले सत्यताको रूपमा सिकाउनु भएको हो । येशू नै एकै समयमा एकल र मिश्रित हुनुहुन्छ - साँघुरो बाटो र सारा संसारको मुक्तिदाता हुनुहुन्छ - उद्धारको एउटै मात्र बाटो, तैपनि सबैको निम्ति प्राप्य (पाइने) ।

येशू ख्रीष्टमा देखाइएको सिद्ध परमेश्वरको अनुग्रह नै सबैलाई चाहिने साँचो अनुग्रह हो र त्यो नै सुसमाचार हो जुन सबैलाई सित्तैमा दिइएको छ । यो महान सन्देश हो र यो बाँड्न उत्तम हुँदछ - र सोच्न पनि ।

★★★

# इकाई ७ क

# खीष्टियन जीवन

जब हामीले येशु खीष्टलाई मुक्तिदाताको रूपमा स्विकार गर्दछौं, तब हामीले खीष्टियन जीवनको शुरुवात गर्दछौ । तर खीष्टलाई स्विकार्नु चाहिँ शुरुवात मात्र हो - परमेश्वर यतिकैमा हामीसँग सकिनु हुन्न ।

हामी विश्वासमा आईसके पछि, हामी के गर्छौ त ? कसरी विश्वासले हामीले जीउने जीवनशैलीमा भिन्नता ल्याउँदछ ? परमेश्वरले हामीसँग के गर्नु चहानु हुन्छ ? कसरी उहाँले हामीलाई परिवर्तन गर्न चाहानुहुन्छ ? अनि हामीले परिवर्तनलाई कसरी सरल बनाउँदछौ ?

## हाम्रो जीवनमा परमेश्वरको लक्ष्य

परमेश्वरले हामी प्रत्येक "उहाँको पुत्रको रूपसमान बनाउन चाहानु हुन्छ" (रोमी ८:२९) "उहाँको रूपमा बदलिदै एउटा महिमा देखि अर्को महिमातिर उक्लदै जाने प्रक्रियामा हामी छौ " (२ कोरिन्थी ३:१८) विश्वासीहरूमा खीष्ट "स्थापित भएको" होस् भन्नका खातिर पावलले कार्य गरे (गलाती ४:१९) । उनले हाम्रो लक्ष्यलाई यसरी परिभाषित गरे : "परिपक्क मानिस बनी खीष्टका पूर्णताको नापसम्म" (एफिसी ४:१३) ।

परमेश्वरको सन्तानको रूपमा, हामी परमेश्वरको पुत्र जस्तै हुनुपर्छ । उहाँ हाम्रो उद्धारकर्ता मात्र हुनुहुन्न तर उहाँ हाम्रो लागि उदाहरण पनि हुनुहुन्छ मानवजाति जस्तो हुनु त्यस्तो हामीलाई देखाउनको निम्ति । जब हामी खीष्टलाई विश्वास गर्छौ तब हामीसँग नयाँ परिचय र जीउनका लागि नयाँ उद्देश्य हुँदछ । हाम्रो नयाँ परिचय चाहिँ "परमेश्वरको सन्तान्न" हो हाम्रो उद्देश्य चाहिँ "साँचो धार्मिकता र पवित्रतामा परमेश्वर जस्तै हुनु हो" (एफिसी ४:२२-२४) - हाम्रो हरेक कृयाकलाप हामी नयाँ मानिस भए झैं हुनुपर्दछ ।

कस्तो विशाल उद्देश्य ! हामी परमेश्वर जस्तै हुनुपर्छ । परमेश्वरले हामीलाई अझ बढि उहाँ जस्तै हुनलाई परिवर्तन गर्दै हुनुहुन्छ - येशू खीष्ट जस्तै जसले हामीलाई परमेश्वर शरीरमा जिउनु हुँदा के जस्तो हुनुहुन्थ्यो भनि देखाउनु भयो ।

निसन्देह, हामी आफैलाई परमेश्वर झैं बनाउन सक्दैनौं । तर परमेश्वर सक्नु

हुन्छ - अनि उहाँ हुनुहुन्छ ! उहाँले यो हाम्रो इच्छा विपरित गर्नुहुन्न तर तब मात्र गर्नुहुन्छ जब उहाँले जे गरिरहनु भएको छ त्यो कुरामा हामी सहमत हुन्छौं । हाम्रो हृदय र दिमागमा पवित्र आत्माको काम गराइद्वारा, उहाँले हामीलाई सहमत हुन सहायता गरिरहनु भएको छ । "तिमीहरूलाई उहाँको असल अभिप्राय अनुसार इच्छा गर्ने र काम गर्ने दुवै तुल्याउनलाई परमेश्वर तिमीहरूमा काम गर्नुहुन्छ" (फिलिप्पी २:१३) ।

सिकर्मी खुबिमा हामी खीष्ट जस्तै हुन आवश्यक छैन नत सांस्कृतिक प्रथा वा शारीरिक आकृतिमा नै । बरु, "साँचो धार्मिकता र पवित्रता" मा हामी उहाँ जस्तै हुनुपर्छ । हाम्रो नैतिकता र परमेश्वर प्रतिका हाम्रो उपसनामा हामी येशू जस्तै हुनुपर्दछ । खीष्टियन जीवनको उद्देश्य पनि त्यही हो ताकि हामी अझ बढि उहाँ जस्तै हुनलाई हामी बढौ ।

हामी हाम्रो सोचाईहरूको भित्रीरूपमा परिवर्तन हुन आवश्यक छ । पावल भन्दछन् आफ्नो मनमा नयाँ भई पूर्णरूपले परिवर्तन होओं" (रोमी १२:२) । हामी "आफ्नो सृष्टिकर्ताको रूपअनुसार ज्ञानमा नयाँ भएको छौ" (कलस्सी ३:१०) । जब हामी खीष्ट जस्तै सोच्दछौ, तब हामी उहाँ जस्तै हुन्छौ ।

## आफैलाई समर्पण गराई

उहाँ परमेश्वर नै हुनुहुन्छ जसले कार्य गर्नुहुन्छ तर हामी पनि समावेश गरिएको हुन्छौ । हामी उहाँको कार्यलाई इन्कार गर्न सक्छौ अथवा कार्यमा आफैलाई सहकर्मिको रूपमा सहभागि गराउन सक्छौ । खीष्टियन इतिहासमा तीन अभ्यासहरूको स्थान अनिवार्य छन् : प्रार्थना, बाईबल अध्ययन अनि आराधना । लाखौं खीष्टियनहरूले जानेका छन् कि यी अभ्यासहरू - (कहिलेकही आत्मिक अनुशासनहरू पनि भनिन्छ) ले हाम्रो हृदय र दिमागहरूमा परमेश्वरको काम गर्नका लागि आफूलाई परमेश्वरको अघि प्रस्तुत गर्न सहायता गर्दछ ।

प्रार्थनामा, हामी परमेश्वरको निम्ति हाम्रो आवश्यकता स्विकार गर्दछौं । हामीलाई यो कुरा सम्झना गराइन्छ कि उहाँ हाम्रो मापदण्ड, हाम्रो जीवनको विश्लेषणात्मक बुँदा हुनुहुन्छ । हामी परमेश्वरको निम्ति उहाँको शक्तिको प्रशंसा र उहाँको अनुग्रहको निम्ति धन्यवाद दिँदै प्रेममा बढ्दै जान्छौ । हामी हरेक दिनलाई सही प्रसङ्गमा राख्दछौं, उहाँलाई, सबै असल थोकहरूको निम्ति प्रशंसा गर्दै अनि

हाम्रो जीवनमा उहाँको योजनाको निम्ति । हामी हाम्रो आवश्यकताहरू स्विकार गर्दछौ र उहाँको सहायता खोज्छौं, हाम्रो शारीरिक आवश्यकताको निम्ति मात्र होइन तर हाम्रो आत्मिक परिवर्तनको लागि पनि जो हामीलाई आवश्यकता पनि छ ।

प्रार्थना येशूको जीवनको अभिन्न भाग थियो अनि यदि यो उहाँलाई आवश्यक थियो भने हामीलाई अझ बढी आवश्यक पर्दछ । तर कहिलेकही यो गाह्रो हुँदछ । हामीलाई सधै थाहा हुँदैन कि उहाँसँग के भन्ने, के माग्ने वा कसरी उहाँको प्रशंसा गर्ने भनेर । समय मुताविक चल्नु सजिलो हुँदैन । तर यसलाई निरन्तरता दिनु हामीलाई आवश्यक छ ।

प्रार्थनामा हामी परमेश्वरसँग कुरा मात्रै गर्दैनौ तर पवित्र आत्माले परमेश्वरद्वारा बोल्नु भएको कुराहरू, जो हाम्रो दिमागमा क्षणिक रूपमा ल्याउनु हुन्छ त्यो कुराहरूलाई सुन्ने पनि गदछौ । ती कुराहरू परमेश्वरबाट को हो कि हाम्रो दिमागबाट को हो भनेर कसरी हामीले जान्ने ? यी भिन्नतालाई छुट्टयाउनका लागि हामीलाई परमेश्वरको ज्ञानको तालिम आवश्यक छ - र त्यो तालिम हामी बाईबल अध्ययनबाट पाउँदछौ ।

पवित्रशास्त्र येशूको निम्ति एकदमै महत्त्वपूर्ण थियो । उहाँलाई यसको असल ज्ञान थियो अनि उहाँले अधिकार सहित यसको चिन्तन गर्नु भयो । उहाँले पवित्रशास्त्र शैतानको परीक्षालाई तिरस्कार गर्नका निम्ति प्रयोग गर्नुभयो (मत्ती ४:१-११) । उहाँले भन्नुभयो कि हामी “रोटीले मात्र बाँच्दैनौ” तर “परमेश्वरको मुखबाट निस्किएको हरेक वचन” पनि हामीलाई आवश्यक छ (पद ४) ।

पवित्रशास्त्रको वचनहरू हामीलाई आवश्यक छ । हामीलाई निर्देशन र हौसला दिनलाई परमेश्वरले यी पुस्तकहरू लेखाउनु भयो (२ तिमोथि ३:१६) । पवित्रशास्त्रले खीष्टको जस्तै हुने गरी हाम्रो सोचाई परिवर्तन गर्नलाई सहायता गर्दछ ।

पहिलेका खीष्टियनहरूले प्रेरितहरूको शिक्षालाई अध्ययन गर्न आफैलाई समर्पण गरे (प्रेरित २:४२) । हामी नयाँ नियमबाट पनि त्यही शिक्षा पाउँदछौं । पवित्रशास्त्रको अध्ययन, हाम्रो परिवर्तनको लागि परमेश्वरको योजनाको एक भाग हो । उहाँले यसो गर्नका लागि हामीलाई दवाव गर्नु हुन्न - तर यो हाम्रो छनौट हो ।

दुई कारणका लागि यो सदैव सजिलो छैन । पहिलो, बाईबलका भागहरू

बुझ्नलाई अप्ठयारो छन् अनि कहिलेकही यसका अर्थ विवाद योग्य छन् । पवित्रशास्त्रमा गहिराई छ जो आजीवन रहँदछ । पहिलो पटक त्यसको केही कुराहरू कामी बुझ्दछौ अनि दोस्रो पटक अलिक धेरै बुझ्दछौ र तेस्रो पटक अलिक धेरै । त्यसैले तत्कालै ती सबै ठिकसँग बुझ्नलाई हामी आशा गर्न सक्दैनौ । हामी जे कुरा बुझ्दैनौं त्यसमा ध्यान केन्द्रित गर्न साहायक सिद्ध हुदछ तर जे कुरा बुझ्दछौं त्यसमा होइन् । कतिपय धेरै मानिसहरूका लागि बाईबल अध्ययनको अप्ठ्यारो भाग चाहिँ बाईबल अध्ययनको लागि समय दिनु हुन्छ । बाईबल अध्ययन हामीले बानी बसाल्नु आवश्यक छ एक नियमित आज्ञापालनको रूपमा । धेरै खीष्टियनहरूले प्रत्येक दिन बाईबलको सानो पद पढन सजिलो पाउँदछन्, त्यसको बारेमा सोच्दै र प्रार्थना गर्दै । उपासनाका किताबहरू सदैव सहायक सिद्ध हुन्छन् । तर मुख्य कुरा चाहिँ बानी बसाउनु र निरन्तरता दिनु हो ।

आराधाना गर्नु तेस्रो आज्ञापालन हो जसले हामी खीष्ट जस्तै हुनुमा बढ्दै जानुको लागि सहायता गर्दछ । येशूले भन्नुभयो कि परमेश्वरले ति मानिसहरूलाई खोज्दै हुनुहुन्छ जसले उहाँलाई साँचो आराधना गर्दछ (यूहन्ना ४:२३) । शुरुका खीष्टियनहरूले आफैलाई सँगीत गर्न, रोटी भाँच्न अनि प्रार्थनाका लागि समर्पित गरे (प्रेरित २:४२) । आराधना गर्नका लागि तिनीहरू भेला हुन्थे । जति धेरै हामी परमेश्वरको आराधाना गर्छौं त्यति नै हामी उहाँको नजिक आउँछौ । हाम्रो विश्वास दरिलो हुन्छ जब हामी विश्वास भएकाहरूसँग सिधा सम्पर्कमा हुन्छौ ।

आत्मिक उन्नतिका निम्ति यहाँ अझ धेरै आज्ञापालनहरू वा हात हतियारहरू छन् । त्यसमा ध्यानमग्न, उपवास, एकान्तवास, सरलता, उद्धारता, सेवा आदि छन् । यी सबैमा, हामीले सम्झनै पर्छ कि आत्मिक उन्नति चाहिँ हाम्रो आफ्नै उपलब्धी होइन । हामी हाम्रो व्यक्तिगत अनुशासनद्वारा खीष्ट जस्तो बन्न सक्दैनौ । बरु अनुशासन चाहिँ हामीले नगन्य विरोध गरेर परमेश्वरलाई नै उहाँको कार्य गर्न दिनु हो ।

## प्रभुको रूपमा येशू खीष्ट

ग्रिकको नयाँ नियममा खीष्टको सबभन्दा सामान्य उपनाम काइरिअस हो, सामान्यतया 'प्रभु' भनि अनुवाद गरिएको । यो ग्रिक शब्दले भूमिधनिको रूपमा, एक सरकारी अधिकारी वा अधिकार प्राप्त व्यक्तिको रूपम उल्लेख गर्दछ । यसले

परमेश्वरलाई पनि संकेत गर्न सक्दछ, जो कि पुरानो नियमको ग्रिक भाषाको अनुवादले बारम्बार उल्लेख गरेको छ ।

रोमी संम्राटले जब मानिसहरूले उनलाई काइरिअस भनि बोलाएको चाहान्थे, उनले आफूलाई प्रभु हुन दावी गरिरहेका थिए, जो कि सर्वोच्च अख्तियार हो - तर खीष्टियनहरूले त्यसको इन्कार गरे । "तेरो प्रभु हुनुहुन्छ" भन्नु को सट्टा "खीष्ट प्रभु हुनुहुन्छ" भनि तिनीहरू भन्थे जसले गर्दा कहिलेकाहीँ तिनीहरूले आफ्नो जीवनको मूल्य चुकाउने पर्थ्यो । तिनीहरूले रोमीहरूको कानूनको पालन गरे जब सम्म तिनीहरूले सके (रोमी १३:१-७) तर तिनीहरूले येशू खीष्टलाई मात्र पुरा भक्ति दिन सक्दथे । उहाँसँग मात्र सर्वोच्च अख्तियार छ । उहाँ नै प्रभु हुनुहुन्छ ।

"खीष्टलाई प्रभु मानेर तिम्रो हृदयमा उहाँको श्रद्धा गर" भनी पत्रुसले हामीलाई भन्दछन् (१ पत्रुस ३:१५) । प्रभुको रूपमा, येशू हाम्रो लागि दुई थोक हुनुहुन्छ : संरक्षक अनि मालिक । हामीले उहाँलाई विश्वास र आदर गर्नुपर्दछ । उहाँ जसले हाम्रो जीवन दिनु भयो , उहाँले हामीलाई जे आवश्यकता पर्दछ त्यो गुणात्मकरूपले दिन सक्नु हुन्छ ।

यसको तात्पर्य यो होइन कि सबै थोक जो हामी चाहान्छौ, र सधैं यसको अर्थ स्वास्थ्य जीवन र पैसा पनि होइन् । वास्तवमा येशूले हामीलाई दु:ख कष्टहरू पनि दिन सक्नुहुन्छ (प्रेरित १४:२२, हिब्रू १२:५-११) । तर उहाँमा हामीले विश्वास, भरोसा गर्नुपर्दछ यो भनेर कि उहाँले जे गरिरहनु भएको छ उहाँ सो जान्नु हुन्छ र त्यो हाम्रै भलाईको लागि हो ।

प्रेरित पावलसित धेरै कष्टहरू थिए तर उनले "जुनसुकै परिस्थितीमा पनि सन्तुष्ट हुन सिके" (फिलिप्पी ४:११) । कुनै बेला उनी गरिब थिए अनि कुनैबेला उनीसँग प्रशस्त थियो र खीष्ट नै उनको सामार्थ्यको स्रोत हुनुहुन्थ्यो जब उनी भोकै हुन्थे (फिलिप्पी १२:१३) । खाँचोको समयमा उनका प्रभुले उनलाई खाँचो परे जति भन्दा बढी जुटाइदिनु भयो । कुनैबेला उनलाई दुख कष्टबाट बच्ने मार्ग जुटाइदिनु भयो त कुनैबेला त्यो समस्यासँग जुध्ने साहास जुटाइदिनु भयो ।

हाम्रो प्रभु हाम्रो मालिक पनि हुनुहुन्छ, जसले आज्ञा गर्नुहुन्छ अनि हामीले आज्ञा पालन गरेको चाहानु हुन्छ । पावलले गरेका आज्ञापालनका कुराहरू विश्वासद्वारा आउँदछन् (रोमी १:५), याकूवले भनेका छन् कि आज्ञापालन बिनाको विश्वास

मरेतुल्य हुन्छ (याकूब २:१७) । हाम्रो कृयाकलापमा हामी खीष्टलाई विश्वास गर्छौं भन्ने प्रदर्शन गर्दछौं । उहाँ हाम्रो निम्ति मर्नु भयो र त्यसकै प्रतिक्रियामा हामी उहाँकै खातिर जिउँछौ र उहाँको सेवा गर्दछौ (२ कोरिन्थी ५:१५) । हामी आफैलाई परमेश्वरकहाँ अर्पित गर्दछौ । यस हेतुले कि हामी धाँर्मिकताको लागि प्रयोग हुन सकौ (रोमी ६:१२-१३) ।

## विश्वास, आज्ञा अनि प्रेम

किन हामीले परमेश्वरलाई आदर गर्नु पर्दछ । ? यसको सामान्य कारण चाहिँ यो हो कि: यो हाम्रो कर्तव्य हो । उहाँको क्रूशको मृत्युद्वारा खीष्टले हामीलाई किन्नु भएको छ (प्रेरित २०:२८), र उहाँले जे भन्नुहुन्छ सो हामीले पालना गर्दा मात्र न्यायोचित हुँदछ । हामी परमेश्वरका सन्तान हौ र उहाँले जे आज्ञा गर्नु हुन्छ, सो हामीले गर्नु पर्दछ । अवश्य नै, बचाइनका लागि हामीले सही तरिकाले उहाँको आदर गर्दैनौ । सर्व प्रथम उद्धार आउँदछ र आज्ञापालनले त्यसलाई पछ्याउनु पर्दछ ।

तर कर्तव्य भन्दा आज्ञापालन गहिराईमा जाँदछ । आज्ञापालन हाम्रो हृदयबाट आउनु पर्दछ, मन नलागिकन होइन तर गर्ने इच्छाका साथ किनकि यो हामीले गर्नै पर्दछ । त्यसो भए किन हामी आज्ञा पालन गर्न चाहान्छौ त ? यसको तीन मुख्य कारणहरू छन्: विश्वास, आशा अनि प्रेम ।

विश्वास अन्तर्गत हामी यो विश्वास गर्दछौ कि परमेश्वरका आज्ञाहरू हाम्रै भलाईका निम्ति हुन । उहाँले हामीलाई प्रेम गर्नु हुन्छ अनि हामीलाई साहायता गर्न चाहानु हुन्छ, उहाँले हामीलाई अनावश्यक बोझ दिनु हुन्न । उहाँ हाम्रो सृष्टिकर्ता हुनु भएको कारण हामी कसरी जिउनु पर्दछ भने कुराको ज्ञान उहाँसँग छ, के कुराले उत्तम काम गर्दछ र के कुराले लामो समयसम्म खुशीयाली ल्याउँदछ भन्ने ज्ञान उहाँसँग छ । र त्यस कुराको निम्ति उहाँमा हामीले भरोसा राख्नु पर्दछ, उहाँको दृष्टिकोण हाम्रो भन्दा धेरै असल छ ।

आज्ञापालनले उहाँको बुद्धि र प्रेममा विश्वास अभिव्यक्त गर्दछ । आज्ञापालन त्यो हो जसको निम्ति हामीलाई उहाँले बनाउनु भयो (एफिसी २:१०) । अनि यदि हामी बनाइए अनुरूपको मार्गमा छौ भने जीवनले असल काम गर्दछ ।

आज्ञापालनले भविष्यको आषिशको आशालाई पनि समावेश गराउँदछ । यदि त्यहाँ भावि जीवन छैन भने खीष्टियन विश्वास मूर्खतापूर्ण हुनेछ (१ कोरिन्थी १५ : १४-१८) ।

येशूले प्रतिज्ञा गर्नु भयो कि उहाँका चेलाहरूले यस युगमा गुमाउनु पर्ने कुनै पनि वस्तु भन्दा धेरै बढी अनन्त जीवन पाउनेछन् (मर्कूस १०:२९-३०)। बचाइएका सबैसित अनन्त जीवनमा परमेश्वरलाई चिनेको आनन्द हुनेछ तर यहाँ अनन्त आनन्दसँग जोडिएका अरु पनि इनामहरू छन्।

येशूले आफ्ना चेलाहरूलाई यसो भनेर हौसला दिए "आफ्ना निम्ति स्वर्गमा धनसम्पति थुपार" (मत्ति ६:१९-२१)। उहाँको कैयौं दृष्टान्तहरूले देखाउँदछ कि यो जीवनमा हामी जे गर्दछौं, त्यसको इनाम पाउनेछौं। परमेश्वरलाई जसले खोज्दछ, उहाँले तिनीहरूलाई ईनाम दिनु हुनेछ (हिब्रू ११:६)।

पावलले पनि ईनामको बारेमा लेखेका छन्: "जसले जे सुकै असल काम गर्दछ त्यसले प्रभुबाट सोही बमोजिम ईनाम पाउनेछ" (एफिसी ६:८)। यो हामीले उद्धारको विषयमा कुरा गरिरहेका छैनौं, तर उद्धारसँगै जोडिएका ईनामका बारेमा कुरा गरिरहेका छौं। उहाँले उल्लेख गर्नु भएको छ कि हरेक मानिसको काम आगोद्वारा जाँचिने छ र त्यसको इन्साफ गरिनेछ। "यदि कुनै मानिसले त्यस जग माथि बनाएको काम रहिरहयो भने उसले इनाम पाउनेछ" (१ कोरिन्थी ३:१४)। यदि कुनै मानिसको काम जलेर नष्ट भयो भने त्यसले नोक्सानी भोग्नु पर्नेछ, तर त्यो आफै चाहिँ आगोबाट उम्कै झैं बाँच्ने छ (१ कोरिन्थी ३:१५)। तर ईनामको कारणले मात्र हामी काम गर्दैनौं, किनकि हामी राजाका छोराछोरी हौं, पैसा पाउनका लागि मात्र काम गर्ने कामदार होइनौं। हाम्रो आज्ञापालनको अन्तिम उद्देश्य चाहिँ प्रेम हो । यसले हाम्रो वरीपरी भएकाहरूलाई प्रेम गर्नेको बारेमा बखान गर्दछ, किनकी नगर्नु भन्दा त त्यसो गर्नु असल हुनेछ यदि हामी परमेश्वरलाई आदर गर्छौं भने। परमेश्वरका निर्देशनहरू संवेदनशील छन् तर स्वेच्छाचारी नियम हैनन्। तिनीहरूले अरु मानिसहरूसँग मिलाप गराउँदछन्। तर सबै मध्ये परमेश्वर प्रतिको हाम्रो प्रेम नै हो जसले हामीलाई उहाँ प्रति आदर गर्ने इच्छाको बनाउँछ। उहाँले हाम्रो निम्ति धेरै गर्नु भएको छ अत उहाँलाई हामी केही सहयोग गर्न त सक्तैनौ तर धन्यवादी भएर खुशी तुल्याउन सक्छौं। येशूले भन्नु हुन्छ "यदि तिमीहरूले मलाई प्रेम गर्छौ भने मेरो आज्ञाहरू पालन गर्नेछौ" (यूहन्ना १४:१५)। "जसले मलाई प्रेम गर्छ, त्यसले मेरो वचन पालन गर्नेछ। (यूहन्ना १४:२३) यूहन्नाले लेखेका छन्, " परमेश्वरको प्रेम यही हो कि हामी उहाँका आज्ञाहरू पालन गर्दछौ" (१ यूहन्ना ५:३)। "जसले म उहाँलाई चिन्छु" भन्छ तर उहाँका आज्ञाहरू उल्लङ्घन गर्छ, त्यो झुटो हो ...... तर जसले उहाँको वचन पालन गर्छ , त्यसमा

परमेश्वरप्रतिको प्रेम साँच्ची नै सिद्ध भएको हुन्छ" (१ यूहन्ना २:४-५)।

आज्ञापालनले पनि अरु मानिसहरूलाई भन्न सक्छ कि हामी परमेश्वरलाई प्रेम गर्छौं भनेर । आज्ञापालनले भन्दछ कि उहाँ महान, असल अनि बुद्धिमानी हुनुहुन्छ, र हामी उहाँलाई पुज्छौ । आज्ञापालनले भन्दछ कि परमेश्वर हाम्रो लागि महत्त्वपूर्ण हुनुहुन्छ, उहाँ अनमोल हुनुहुन्छ तर्सथ उहाँ हाम्रो भक्तिको योग्य हुनुहुन्छ । येशूले भन्नुभयो, तिमीहरूको असल कार्यहरू देखिउन् ताकी मानिसहरूले तिमीहरूका सुर्कम देखुन् र "स्वर्गमा हुनुहुने तिमीहरूका पिताको महिमा गरुन्" (मत्ती ५:१६)।

पत्रुसले लेखेका छन्, "अन्य जातिहरूका बीचमा तिमीहरूको चालचलन असल होस्, कसैले तिमीहरूलाई कुकर्मी भनी तिमीहरूका विरुद्धमा बोले तापनि तिनीहरूले तिमीहरूका असल कामहरू देखुन् र आगमनको दिनमा तिनीहरूले परमेश्वरको महिमा गरुन्" (१ पत्रुस २:१२) । एक असल उदाहरणले मानिसहरूलाई परमेश्वरको अघि कृपाको पात्र बनाउँदछ । "जे सुकै भएता पनि, केवल तिमीहरूका जीवनको चाल खीष्टको सु-समाचारको योग्य होस्" (फिलिप्पी १:२७) । सु-समाचारलाई असल थोकहरूसँग संवद्ध हुन सहयोग गर, तर खराब थोकसँग होइन । परमेश्वर प्रति हाम्रो प्रेमको अर्थ त्यो हो कि हामी उहाँलाई उपयुक्त प्रचारमा ल्याउन चाहान्छौ, ताकि अरुहरूले पनि उहाँलाई प्रेम गर्न आउन सकुन् । खराब उदाहरणले सु-समाचारलाई बदनाम गराउँदछ (तितस २:५) । तिनीहरू जो पापहरूमा घमण्ड देखाउँदछन्, तिनीहरू असल नामको सदस्यमा गनिदैनन् (१ को ५:१-१३) ।

## पवित्रीकरण

हामी जति विघ्न जे को बारेमा छलफल गरिरहेका छौ ति सबै थेउलोजी (धर्मविज्ञान) अन्तर्गत आउँदछन्, पवित्रीकरण, जसको अर्थ हो "पवित्र गरिनु" उहाँको क्रूसको मृत्युद्वारा, खीष्टले हामीलाई पहिले नै पवित्र पारिसक्नु भएको छ (हिब्रू १०:१०) । त्यसको अर्थ उहाँको निम्ति हामीलाई छुट्टाइसक्नु भएको छ, साथै उहाँको प्रयोगको निम्ति । हामी पवित्र छौ अनि पवित्रशास्त्रले हामीलाई स्पष्टगरी "शन्तहरू" भनेर भन्दछ जसको अर्थ हो "पवित्र जातिहरू" । हामीहरू परमेश्वर प्रति समर्पित गरिएका हौं ।

तर अर्को अर्थमा हामी अझ पनि पवित्र पारिने प्रक्रियामा छौं (पद १४) । कार्यहरू

अभ्रुसम्म गरि सकिएका छैनन् । सम्भवत तपाईले ध्यान दिनु भएको छ होला कि हाम्रो आचरण सधैं एकनासको हुँदैन जस्तो हुनुपर्ने हो । पवित्रीकरणको प्रक्रियामा, हाम्रो सोचाइहरू र आचरणहरू समानरूपतामा ल्याइन्छन् जस्तो हुनुपर्ने हो त्यस्तै रूपमा । हामी परमेश्वरका पवित्र सन्तान हौ, र हामी त्यस्तै भएर जिउनु पर्दछ ।

यद्यपि परमेश्वरले यो प्रक्रियालाई योग्य कार्यक्षमतावान् तुल्याउनु हुन्छ, तर खीष्टियनहरूको यसमा सक्रिय भूमिका रहेको हुनुपर्दछ । तिनीहरूलाई दोहोऱ्याएर सोच्न र निश्चित तरीकाले बोल्ने र कार्य गर्न भनिएको छ । "निरन्तर डर र कम्प साथ तिमीहरूको मुक्तिको काम पुरा गर्न परिश्रम गर किनकी तिमीहरूलाई उहाँको असल अभिप्राय अनुसार इच्छा गर्ने र काम गर्ने दुवै तुल्याउनलाई परमेश्वर तिमीहरूमा काम गर्नुहुन्छ" (फिलिप्पी २:१२) । परमेश्वरले हामीलाई बचाउनु भयो अनि पवित्र जीवनमा बोलाउनुभयो भनी पावलले लेखेका छन् (२ तिमोथि १:९) । परमेश्वरको इच्छा पूरा गर्नको निम्ति हाम्रो शरीरलाई जिउँदो बलिदानको रूपमा अर्पण गर्न उनले आग्रह गर्दछन् (रोमी १२:१-२) । "प्रभुलाई पूर्ण रूपले प्रसन्न पार्ने प्रभुको योग्य जीवन बिताउँदै र प्रत्येक असल काममा फलवन्त हुँदै परमेश्वरको ज्ञानमा बढ्दै जान सक" (कलस्सी १:१०) भनी पावलले हामीलाई हौसला दिएका छन् ।

"किनकी परमेश्वरको इच्छा जो तिमीहरूको पवित्रकरण पनि हो, ......... पवित्रता र आदरसाथ आफ्नो शरिरलाई वशमा राख्न प्रत्येक सबैले सिक्नुपर्दछ ......... किनकी परमेश्वरले हामीलाई अशुद्धताको निम्ति होइन, तर पवित्रतामा बोलाउनु भएको छ" (१ थेसलोनिकी ४:३-७) । "सबै मानिसहरूसँग शान्तिमा बस्ने र पवित्र हुने प्रयत्न गर, पवित्रताबिना कुनै मानिसले परमप्रभुलाई देख्न सक्दैन (हिब्रू १२:१४)" ।

येशू जस्तो हुने र येशूको जस्तो जीवन जिउने - हुनसक्छ यो अवास्तविक लक्ष्य जस्तो लाग्छ । तर यो बिलकुलै हाम्रो लक्ष्य हो किन परमेश्वर आफै नै हामीमा काम गर्दै हुनुहुन्छ, हाम्रो दुर्वलतामा पनि हामी विश्वस्त हुनसक्छौं कि हामीमा उहाँले आफ्नो कार्य पुरा गर्नुहुनेछ (फिलिप्पी १:६) । यद्यपि कहिलेकाहीं हाम्रो प्रगति ढिलो भएको लाग्न सक्छ , तर हामी खीष्टमा विश्वास गर्दछौ, हामी आफैमा होइन ।

पावलले उत्कृष्ट आचरण अभिव्यक्त गरे : ....... म अघिबाट सिद्ध भइसकेको छु भनेर त होइन, तर ति कुराहरूलाई पक्रनको निम्ति म अघि बढिरहेको छु जुन

कुराको निम्ति खीष्टले मलाई पक्रनु भयो" (फिलिप्पी ३:१२) । खीष्टले उहाँको उद्देश्यको निम्ति हामीलाई पक्रनु भएको छ । कि हामी उहाँको स्वरूपमा परिवर्तित हौ । तसर्थ हामी जोडसँग अघि बढ्छौ, उहाँमा विश्वस्त भएर उहाँको इच्छा पुरा गर्ने भोकको साथ ।

"म एउटा काम गर्दछु : कि पछाडिका कुराहरू बिर्सेर र अगाडीका कुराहरू तिर जोडसँग लम्कदै, खीष्ट येशूमा परमेश्वरको स्वर्गीय वोलावटमा पाइने पुरस्कारको निम्ति निशानातिर म जोडसँग अघि बढदछु" (फिलिप्पी ३:१३-१४) ।

अघि बढ्नुहोस् !

★★★

# इकाई ७ ख

# ख्रीष्टिय जीवनको लक्ष्य

ख्रीष्टिय जीवनको लक्ष्य के हो त , अनि हामी एक अर्कालाई त्यहाँ सम्म पुग्नलाई कसरी सहयोग पुऱ्याउन सक्छौं त ? एक पुरानो धार्मिक प्रश्नोत्तरको सारले भन्दछ कि हाम्रो जीवनको प्रमुख लक्ष्य परमेश्वरको महिमा गर्नु अघि उहाँमा सदाको लागि आनन्द मनाउनु हो । यो सत्य हो । पवित्रशास्त्रले भन्दछ कि हामी परमेश्वरको महिमाको निम्ति र उहाँको प्रशंसाको घोषणा गर्नलाई सृष्टि गरिएका हौं (१ कोरिन्थी १०:३१, एफिसी १:११-१२,१ पत्रुस २:९) । हामी निष्कपटरूपमा परमेश्वरको आराधाना गर्नको निम्तिअस्तित्वमा छौं, यो आराधना हाम्रो हृदयबाट आउनु पर्दछ । यो हाम्रो साँचो भावनाको निष्कपट अभिव्यक्ति हुनुपर्दछ । सबैथोक भन्दा माथि हामी परमेश्वरलाई आराधाना गर्दछौं र उहाँको हरेक आज्ञाहरूको अघि हामी झुक्दछौं ।

कसरी हामीले मानिसहरूलाई यो विन्दुसम्म पुग्नलाई सहायता गर्छौ ? मेरो बिचारमा यस्तो कार्य सजिल्यै हामी पुरा गर्न सक्तैनौं । परमेश्वरले नै मात्र मानिसहरूको हृदय परिवर्तन गर्नुहुन्छ, परमेश्वरले नै मात्र आत्माहरू बदल्नु हुन्छ । उहाँले पश्चतापको लागि डोऱ्याउनु हुन्छ र मानिसहरूलाई प्रेम र अनुग्रहले छुनुहुन्छ । हामी परमेश्वरको अद्‌भूत प्रेम उहाँको उदेकको अनुग्रहको बखान गरेर हाम्रो उद्धारकर्ताको निम्ति आराधाना र समर्पणको उदाहरण दिन सक्छौं, तर यि सबै कुरा भनिए र गरिए पनि परमेश्वर नै हुनुहुन्छ जसले मानिसको हृदय परिवर्तन गर्नुहुन्छ ।

अझ अर्को तरीकाले हाम्रो जीवनमा लक्ष्यको बयान गर्नु भनेको अझ धेरै ख्रीष्ट जस्तै बनिनु हो - अनि म सम्झन्छु कि हामी स्पष्टसँग केही व्यवहारीक तरीकाहरू चित्रण गर्न सक्दछौं, जसद्वारा हामी त्यो लक्ष्यसम्म बढ्दै जानको लागि एक अर्कोलाई सहायता गर्न सक्छौं ।

हामी प्रत्येकको लागि परमेश्वरको योजना यो हो कि हामी "हरेक उहाँको पुत्र जस्तै बनौं (रोमी ८:२९) । यो जीवनमा पनि हामी "एउटा महिमादेखि अर्को महिमा तिर उक्लँदै उहाँको रूपमा बद्लिँदै जान्छौं (२ को ३:१८) । पावल गलातीहरूसँगै परिश्रम गरे, "ख्रीष्ट तिमीहरूमा नबनिनु भए सम्म" (गलाती ४:१९) । उनले

एफिसीहरूलाई भने कि हाम्रो लक्ष्य चाहिँ ख्रीष्टका पूर्णताको नापसम्म पुग्नु हो (एफिसी ४:१३)।

ख्रीष्टमा हामीसँग नयाँ परिचय र जिउनुको नयाँ उद्देश्य छ। आफैमा नयाँ हुनु चाहिँ साँचो धार्मिकता र पवित्रतामा परमेश्वर जस्तै बनिनु हो (एफिसी ४:२२-२४)। कस्तो अवधारणा ! हामी परमेश्वर जस्तै हुनुपर्छ उहाँको पनुरुत्थानमा होईन तर यो जीवनमा हर सम्भावनाको सिमा सम्म। हामी येशू जस्तै बनिरहेको छौ, जसले परमेश्वर शरीर (देह) मा जिउँदा कस्तो हुन्छ भनी हामीलाई देखाउनु भयो। अर्को जीवनमा मात्र हामी उहाँ जस्तो हुने आशा गरिरहेका छैनौ - यसै जीवनमा नै हामी अघिबाट उहाँ जस्तै भएका छौं।

निसन्देह, शारीरिकरूपमा ख्रीष्ट जस्तै देखिन हामीलाई जरुरी छैन। उहाँको सिकर्मीको सीपहरू, भाषाको खुबीहरू, खेतीको निम्ति वा रोमी इतिहासको निम्ति उहाँको ज्ञान भए जस्तै हामीले पनि गर्ने कोशिस गर्नुहुँदैन। बरु साचो धार्मिकता र पवित्रतामा हाम्रो व्यवहार र हाम्रा परमेश्वरको उपासनामा हामी उहाँ जस्तै हुनु पर्दछ। हामी येशू ख्रीष्ट जस्तै हुनुपर्दछ।

## परिवर्तित होओ !

परिवर्तन हाम्रो जीवनमा कसरी पुरा हुँदछ ? पावलले परामर्श दिन्छन्, "तिमीहरूको मनमा नयाँ भई पूर्णरूपले परिवर्तित होओ" (रोमी १२:२)। नयाँ स्वभाव "सृष्टिकर्ताको रूप अनुसार ज्ञानमा नयाँ भइरहेको छ" (कलस्सी ३:१०)। यहाँ हृदय र दिमाग दुवै समावेश छन्। साथै व्यवहार पनि। यी तीन कुराहरूले सँगै कार्य गर्दछन् जो ख्रीष्टद्वारा परिवर्तित भैरहेका छन्।

दिमाग एक्लै मात्र प्रयाप्त छैन। यदि दिमाग मात्र समावेश गरियो भने, हामी दुष्ट जस्तो हुनेछौं, जसलाई परमेश्वरको सत्यता बारे थाहा छ तर उहाँलाई आदर गर्दैन। सत्यता जानेर मात्र पर्याप्त हुँदैन। हामी सुन्ने मात्र गर्नुहुँदैन, तर पालन गर्ने पनि हुनुपर्दछ (मत्ती ७:२४)।

व्यवहार एक्लै मात्र पनि पर्याप्त छैन। यदि हामी परमेश्वर प्रतिको साँचो विश्वास रहितको चाल चाल्यौ भने, हामी अभिनय गर्ने कलाकार मात्र हुन्छौं। यस्तै प्रकार, यदि हामी परमेश्वरमा विश्वास गरेर सही क्रियाकलाप गर्छौं तर हाम्रो हृदय चाहिँ परमेश्वर देखि टाढा छ भने पनि हाम्रो आराधाना व्यर्थ हुन्छ। यदि हामीले

उहाँप्रति साँचो प्रेम महंशूस नगरी परमेश्वरको स्तुति प्रशंसा गर्छौं भने, हामी ढोंगी मात्र हुन्छौं ।

छोटकरीमा भन्नु पर्दा, हामीलाई सही विश्वास, सही क्रियाकलाप र सही मनोभावहरू चाहिन्छ । यदि हृदय सही छ र विश्वासहरू पनि सही छन् भने तब त्यसको नतिजा सही व्यवहार हुदछ । हामी सही व्यवहार चाहान्छौं, तर हामीले यो सम्झनु आवश्यक छ कि ती नतिजा अरु कुराहरूका हुन् तर अन्तिम लक्ष्य चाहिँ होइन ।

अब, मैले मेरो परिचयमा सोधे झैं, कसरी हामी हाम्रो खीष्टियन लक्ष्यसम्म बढ्दै जान हामी एक अर्कोलाई सहयोग पुऱ्याउँदछौं ? धार्मिकता र पवित्रतामा खीष्ट जस्तै परिर्वतित हुन कसरी हामी एक अर्कोलाई मद्दत गर्दछौं ?

## *अनेक श्रेणीहरू*

यसको प्रक्रियामा म तिनका चार श्रेणीहरू देख्दछु । पहिलो, चाहिँ परिवर्तन हो । हामी सुसमाचार प्रचार गर्न सक्छौ - र यदि गरेनौ भने हामीलाई दुःख लाग्नु पर्छ - तर परमेश्वर हृदयलाई नरम बनाएर जिम्मेवारी उत्पन्न गराउनु हुन्छ । हामीले सु-समाचारको सन्देशलाई जति सक्छौ त्यति नै स्पष्टसँग र जति सक्छौ त्यति नै विभिन्न तरीकाले, वाइवलिय शर्तहरू र आधुनिक शर्तहरूमा वर्णन गर्नु पर्दछ, तर परमेश्वरको सन्देशको प्रभावकारिता बारे हामी दावी गर्दैनौं । हामी सिर्फ विश्वासयोग्य कारिन्दा हुन चाहान्छौ, सत्यताको घोषणा गर्दै कि परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नु भयो कि हामीलाई हाम्रो पापबाट छुट्कारा दिनलाई उहाँको आफ्नो एकलौटे पुत्रलाई पठाउनु भयो ।

दोस्रो, शिक्षा हो । येशूले आफ्ना चेलाहरूलाई अरु धेरै चेलाहरू बनाउनु अरु धेरै विद्यार्थीहरू बनाउन, र उहाँले आज्ञा गर्नु भएका कुराहरू तिनीहरूलाई सिकाउनलाई आज्ञा गर्नु भयो । पावलले तिमोथी, तितस र अरुहरूलाई ईसाई विश्वासको सत्यताको बारे सिकाउनलाई निर्देशन दिए । पक्का सिद्धान्त (डक्ट्रिन) महत्त्वपूर्ण छ र यो त्यो क्षेत्र हो जहा पवित्रशास्त्रले हामीलाई विषेश गरेर काम गर्ने निर्देशन गर्दछ । हरेक मण्डलीका अगुवाहरूले पवित्रशास्त्रले व्याख्या गरेको अनुसार पक्का सिद्धान्त (डक्ट्रिन) मा रहनु पर्छ ।

म इच्छा गर्दछु सैद्धान्तिक कट्टरपना प्राप्त गर्न सजिलो भएको होस । अनावश्यक

सिद्धान्त बाट अत्यावश्यक सिद्धान्तहरूलाई छुट्टाउन हामीले आवश्यक छ । हामी हरेक सैद्धान्तिक निष्कर्षलाई साँचो ईसाइत्वको परिक्षण बनाउन सक्दैन । यद्यपि कुनै कुनै “आवश्यक” सिद्धान्तहरू मानिसको उद्धारको लागि आवश्यक छैनन्, तर मण्डलीको लागि परमेश्वरको सन्देशको विश्वास योग्य प्रसारक बन्नको लागि अत्यावश्यक छन् ।

तेस्रो, सैद्धान्तिक शिक्षाको सम्बन्धमा, त्यहाँ हृदयलाई खुवाउने कुरा आउँदछ । यही कारण हो कि खीष्टियनको वृद्धि अरु खीष्टियनहरूको समुदायमा हुनुपर्दछ । सामाजिक अनुभवहरू, तिनै हुन जुन कुराहरू हामी एकै साथ गर्दछौं र जसले हामीलाई भावनात्मक रूपमा वृद्धि हुन सहायता गर्दछ । प्रेम र क्षमादान झैं यिनीहरू सकारात्मक भावना हुन सक्छन् वा नकारात्मक भावना जो पापको परिणाम हो र त्यो अन्तरनिहित सम्बन्धहरूबाट अनिवार्यरूपले आउँदछ । यी दु:खदायक अनुभूतिहरूले प्राय: सकारात्मक अनुभूतिहरूले भन्दा बढी हामी वृद्धि हुँदै जान सहायता गर्दछ जब हामी तिनीहरूसँग बराबर लड्न सिक्दछौं अनि परमेश्वरको प्रेमिलो सहायता र मद्दतद्वारा तिनीहरूमा भएर काम गर्दछौ ।

सामाजिक/ भावनात्मक सम्भार पुस्तकमा गर्न सकिंदैन तर स्थानीय रूपले सानो समूह र अरु अनौपचारिक सम्बन्धहरूमा पाष्टरीय अगुवापनको अगुवाइ र शैलीपनमा गरिन्छ । पास्टरले मानिसहरूलाई वृद्धि हुँदै जानका लागि सहयोग गर्छन तर उनीहरूको लागि सबै थोक गरेर होइन (यदि त्यो गर्न सम्भव भएता पनि) तर शिक्षा दिएर अनि तिनीहरू आफैले सदस्यहरू एक अर्काको लागि सहायक सिद्ध हुने शिक्षा दिएर । पाष्टरीय रेखदेखको उत्तम गुण सानो समूहमा पाइन्छन् । सदस्यहरू जो सानो समूहमा हुन रोज्दछन्, तिनीहरू आफैलाई मण्डलीको पाष्टरीय रेखदेखमा एकदम घनिष्टरूपले समावेश हुन चाहान्छन् । सानो समूहको सहायताले मण्डली स्वास्थ्य बन्दछ ।

## व्यवहारीक बदलावहरू

जब सदस्यहरू सैद्धान्तिक समझमा बढिरहेको हुन्छन्, तिनीहरू परमेश्वरलाई अझ बढी चिन्न गइरहेका हुन्छन् अनि भावनात्मक परिपक्कतामा परमेश्वरलाई अरु बढी माया गर्न गइरहेका हुन्छन्, तिनी अरु क्षेत्रमा पनि वृद्धि भई रहेका हुन्छन् । तिनीहरूको व्यवहारमा परिवर्तन आइरहेको हुन्छ । तिनीहरू एक अर्कालाई अझ

बढी प्रेम, धैर्यता, आनन्द, शान्ति, नम्रता र क्षमाशिल व्यवहार गरिरहेका हुन्छन् । तिनीहरूले यौन सम्बन्धि अनैतिकता, लोभ अनि अनादारलाई तिरस्कार गरिरहेका हुन्छन् । जति धेरै हामी परमेश्वरलाई चिन्छौ अनि प्रेम गर्छौं त्यति नै धेरै उहाँ जस्तै भएर हामी जिउछौ । व्यवहारमा परिवर्तन आउनु भन्दा पहिले हृदय परिवर्तन आउँदछ । हृदयको परिवर्तनको कारण व्यवहारमा परिवर्तन आउँदछ । हृदयको परिवर्तनले नै हाम्रो जीवनमा काम गर्नको निम्ति पवित्र आत्मालाई स्थान दिँदछ । यी व्यवहारका परिवर्तनहरू परिवर्तित हृदय गाडिएका हुन्छन् तर प्रक्रिया भने सधै ढिलो हुन्छ । पाष्टरहरूसँग यो जिम्मेवारी छ कि नियमितरूपमा हरेक ती नयाँ पुरानो, बलियो अनि कमजोर ईसाईहरूलाई व्यवहार परिवर्तन गर्नका लागि हौसला गराउनु पर्दछ ताकि तिनीहरूले हौसला पाएर परमेश्वरले तिनीहरूमा सृजना गरिरहनु भएको नयाँ जीवन जीउन सकुन् । परमेश्वर हामीमा काम गरिरहनु भएको छ तर हाम्रो लागि त्यो गर्नुहुन्न । उहाँले हाम्रो हृदय परिवर्तन गर्नु हुन्छ अनि धार्मिकतामा उहाँ प्रति हाम्रो के जिम्मेवारी हो सो हामीलाई दिनुहुन्छ परमेश्वरले हाम्रो निम्ति जित्नु भएको स्वतन्त्रतालाई लिनको निम्ति हामीले विश्वासको अभ्यास गरेको उहाँ चाहानु हुन्छ । अनैतिकतामा तडक भडक देखाउने मानिसहरू असल जगमा उभिएका सदस्यहरू होइनन् । हामी पश्चतापी र संघर्षर त पापीहरूलाई स्वागत गर्दछौं, तर पश्चताप नगर्ने र हठीहरूलाई होइन । हाम्रो नमुना येशू खीष्ट हुनुहुन्छ, जसले हत्याराहरू र वैश्याहरूलाई स्वागत गर्नुभयो तर तिनीहरूलाई स्वागत गर्नुभएन जसले आफूलाई पश्चतापको आवश्यक छैन भन्ने सोचे ।

हाम्रो उद्धारकर्ता र शिक्षक येशू खीष्ट सँगको धनिष्टतामा हुन हामी कोशिस गर्छौं भने, विशेष गरेर पितासँग उहाँको सम्बन्धलाई र उहाँको वरिपरीका मानिसहरूसँग उहाँको सम्बन्धलाई हामीले हेर्नुपर्दछ । पितासँगको उहाँको सम्बन्ध उहाँको प्रार्थनाद्वारा र उहाँसँग भएको पवित्रशास्त्र प्रतिको आस्थाको ज्ञानद्वारा चरित्र चित्र गरिएको थियो । प्रार्थना र अध्ययनमा ईसाइहरूको आत्मिक वृद्धिका लाखौं महत्त्वपूर्ण भागहरू स्थापित गरिएका छन् । तिनीहरू महत्त्वपूर्ण छन् ! किने ? अर्को कतर्व्य वा कानूनको रूपमा हैन । तर जसरी हामी परमेश्वरको साथ हुँदछौं त्यसैकारण हामीले हाम्रो जीवनमा उहाँको आवाज सुन्न सक्दछौं अनि हाम्रो सही अवस्थाको बारेमा सम्झना गराइन्छौं: हामी पापबाट छुट्‌कारा गरिएका छौं,

हामीहरू उहाँका हौं, हाम्रो उद्धार उहाँमा सुरक्षित छ, उहाँले हामीलाई असिमित प्रेम गर्नु हुन्छ, उहाँ हाम्रो सदा कालको सहयोगी हुनुहुन्छ अनि उहाँले हामीलाई कहिल्यै छोड्नु वा त्याग्नु हुन्न ।

येशू मानिसहरू प्रति समर्पित हुनुहुन्थ्यो - उहाँले हराएकाहरूलाई प्रेम गर्नुभयो अनि अरूभन्दा धार्मिक छु भन्नेहरूलाई उहाँले हकार्नु भयो । यो भावना प्राय आराधना र उद्धार कामहरूबाट को॰ हो भन्ने सोचाईबाट आउँदछ । विश्वासीहरूको माझमा उहाँ नजिकको सम्बन्धमा समर्पित हुनुहुन्थ्यो । बिद्यार्थी र तिनीहरूको शिक्षकको नाता झैं मात्र उहाँका चेलाहरूसित उहाँको व्यक्तिगत सम्बन्ध थिएन, तर एक अर्को सबैसँग समान सम्बन्ध थियो । येशूले तिनीहरूलाई एक समुह, एक शरीरमा बनाउनु भयो जसले समयमा आफैले आफैलाई पारस्परिक सहायता गर्न सकोस् जुन एक समुदाय होस् जसले अरूलाई बोलाउन सकोस् र अरूकहाँ पुग्न पनि सकोस् ।

★★★

## इकाई ७ ग

# परमेश्वरले दिनु भएको जीवनलाई हामी कसरी प्रतिक्रिया दिँदछौ ?

हाम्रो प्रतिक्रियाको एक महत्त्वपूर्ण रूप अरु मानिसहरूलाई मद्दत गर्ने तिव्र इच्छा हुनु हो । यी तलका लेखहरूले यो देखाउँदछ कि परमेश्वरले हामीलाई दिनु भएको असल कुराहरू, अरुहरूको सेवामा प्रयोग गर्नलाई हुन् ।

## *आशिषहरूको उद्देश्य*

मानिसहरू प्राय प्रश्न गर्छन कि किन परमेश्वरले दुख कष्ट पठाउनु हुन्छ । जब हामी दु:ख कष्टमा हुन्छौ तब हामी जान्न चाहान्छौ कि किन यस्तो भयो भनेर । किन चाहिँ यो पिडा हामी माथी आएको ? किन मलाई नै ? यी प्रश्नहरू सोच्दै हुनसक्छ हामी रातभरी यस विषयमा प्रार्थना गर्दै जागै बस्छौं ।

तर हामीले कहिल्यै ध्यान दिएका छौ कि किन परमेश्वरले आशिषहरू पठाउनु हुन्छ ? हामी प्राय: अचम्म मान्दै रातभरी यी कुराहरू सोच्दै जागै बस्दनौ कि किन परमेश्वरले यि सबै थोकहरू हामीमा हुनलाई पठाउनु भयो भनेर । हामीलाई असल जीवन दिनु परमेश्वरको लागि साधारण हो भन्ने जस्तो हामी व्यवहार गर्दछौ । हामीहरू प्राय: यी आशिषहरूको आशा राख्दछौं । अत धेरै टाढाको सोचाइहरू छोडेर उहाँलाई धन्यवाद दिन्छौं अनि ती आशिषहरूमा रमाउँछौं ।

तर वास्तवमा हामी आशिषहरूको योग्यको छैनौ त्यसैले जब आशिषहरू आउँदछन् तब हामीले किन भनेर सोध्नुपर्छ । परमेश्वर हाम्रो केही कुराको पनि ऋणी हुनुहुन्न । उहाँले हामीलाई स्वास्थ्य र धनको प्रतिज्ञा गर्नु भएको छैन । तैपनि हामी प्रत्येकसँग आशिषहरू छन्, अनि हामीले सोध्न आवश्यक छ कि प्रभु, यो किन ममा हुन आएको छ ?

## *सामान्यता के हो ?*

लूका १३ मा नेभाराको रुखको दृष्टान्तले हामीलाई आशिषहरूको बारेमा उदाहरण दिदछ । यदि हामी १ पद देखि शुरु गर्‍यौं भने हामी त्यहाँ दृष्टान्तका

प्रशङ्ग पाउँदछौः "त्यसैबेला त्यहाँ कति जना उपस्थित थिए, जसले ती गालीलीहरूका विषयमा (येशू) उहाँलाई भने, जसको रगत पिलातसले तिनीहरूको बलिहरूसित मिसाइदिएका थिए ।"

अनि यस्तो लाग्थ्यो कि ती मानिसहरू जो अवास्तविक बलिमा रूपमा हत्या गरिए, तिनीहरू अरु सबैभन्दा पापी थिए त्यस्तो सोचाई भएकाहरूलाई पद २ मा येशूले जवाफ दिनु भयोः "तिनीहरूले यसरी कष्ट भोगे भन्दैमा, के तिमीहरू ठान्छौ, यी गालीहरू अरु सबै गालीलीहरू भन्दा बढी पापी थिए ? म तिमीहरूलाई भन्दछु, त्यसो होइन ! तर तिमीहरूले पश्चाताप गरेनौ भने तिमीहरू सबै त्यसरी नै नाश हुनेछौं ।"

सामान्य पूर्वानुमान त्यो थियो कि ती मानिसहरू जे का लागि योग्य थिए तिनीहरूले त्यही पाए, ती पिडा र कष्टहरू पापको परिणाम हुन् । तर मानिसहरू जसले कष्ट भोगिरहेका छन् ति सबै सधैं पापको कारणले भएको होइन । निर्दोश मानिसलाई पापले हानी पुऱ्याउँदछ - त्यो एउटै कारण हो कि त्यसलाई परमेश्वरले अति धेरै नै धृणा गर्नुहुन्छ - तसर्थ जो मानिस कष्टमा छ र प्राय कष्ट भोगिरहन्छ, त्यो सबै कसैको पापको कारण हो ।

यरुशलेमका मानिसहरूले कष्ट भोगेका गालीलीहरूको उदाहरणलाई लिँदथे । अब येशूले कष्ट भोगेका यरुशलेम वासीहरूको उदाहरण लिनुहुन्छः अथवा के तिमीहरू ठान्छौ, ती अठार जना जोसिलो आममा धरहरा ढलेर मरेका थिए, कि तिनीहरू सबै यरुशलेम वासीहरू मध्ये बढी अपराधी थिए ? म तिमीहरूलाई भन्दछु, त्यसो होइन् ! तर म तिमीहरूले पश्चाताप गरेनौ भने, तिमीहरू सबै त्यसरी नै नास हुनेछौ (लूका १३:४-५) ।

यो पतित संसारमा विपत्तिहरू सामान्य कुरा हुन, र तिनीहरू प्रति हाम्रो जिम्मेवारी चाहिँ पश्चाताप नै हुनुपर्दछ । नेभाराको रुखको दृष्टान्तको प्रसङ्ग यही हो ।

## उद्देश्य सहितको रुख

त्यसपछि येशूले दृष्टान्त भन्नुभयोः कुनै मानिसले आफ्नो दाखवारीमा एउटा अञ्जीरको वोट रोपेको थियो । त्यस बोटमा फल फल्यो कि भनेर त्यो आयो, तब त्यसले मालीलाई भन्यो, तीन वर्ष भयो, म यस अञ्जीरको रुखमा फल खोज्दैछु, तर पाउँदिन । यसलाई काटेर ढालिदे ! यसले जमिन किन ओगटने ? तर मालीले भन्यो, हजूर यसलाई अझ एक वर्ष रहन दिनुहोस् र म यसको वरिपरि खनेर मल

हाल्छु र त्यसपछि फल फल्यो भने बेसै भयो, फलेन भने तपाईंले त्यसलाई ढालिदिनोस् (लूका १३:६-९) ।

हुन सक्छ जमिन मालिकले अंगुरको वोटको लागि जमिन प्रयोग गर्न सक्थ्यो, तर उ नेभारा चाहान्थ्यो, त्यसकारण उसले नेभाराको वोट रोप्यो । तर जुन उद्देश्यको लागि वोट रोपियो वोटले कुनै फल दिएन । अनि जमिन मालिकले त्यो वोटले बेकारमा जमिन ओगटीरहेको छ भनेर काटेर ढाल्ने निर्णय गरे ।

येशूले हामीलाई कृषि सम्बन्धि परामर्श दिइरहनु भएको थिएन । दृष्टान्त चाहिँ साँच्चिकै रुखको बारेमा होइन तर यो मानिसहरूको बारेमा हो । येशूले जब पहिलो दृष्टान्त भन्नु भयो, उहाँले यहूदी मानिसहरूको बारेमा भनिरहनु भएको थियो । तर सोही सिद्धान्त आज ईसाइहरूमा लागू हुँदछ । मानिसहरूले असल परिणाममा फल फलाएको परमेश्वर चाहानु हुन्छ । तिनीहरूले उहाँलाई प्रेम गरेको उहाँ चाहानु हुन्छ, तर धेरै मानिसहरू विशेषरूपमा केही नगरी त्यक्तिकै जमिन ओगटीरहेका छन् । तर परमेश्वरले हामी केही नगर्नका लागि सृष्टि गर्नु भएको होइन, तर उहाँले हामीलाई असल कार्यहरू गर्नका निम्ति सृष्टि गर्नुभयो (एफिसी २:१०) । असल कामहरू हाम्रो आफ्नो फाइदाका लागि होइनन्, जसरी फलले फलको रुखलाई फाइदा दिँदैन - असल कामहरू अरुलाई मद्दत गर्नका निम्ति हो । परमेश्वर हामीले केही पनि नगरेको चाहानुहुन्न । उहाँले हामीलाई स्वार्थी हुनलाई बनाउनु भएको हैन । हामीले हाम्रो छिमेकीलाई प्रेम गर्नु पर्दछ । त्यसको अर्थ हो केही गर्नु र फल फलाउनु । त्यसको अर्थ हो अरुको जीवनमा भिन्नता ल्याउनु । निश्चय नै, हामी हरेक व्यक्तिको आवश्यकता पुरा गर्न सक्दैनौ । तर हामी प्रत्येकले कुनै मानिसहरूलाई कुनै तरीकाले सहायता गर्न सक्छौं । के हामी अरु मानिसहरूका लागि आशिषको कारण हुन्छौं ?

## रुखको लागि आशिषहरू

तर येशूले पनि क्षमा दिनुहुन्छ । नेभाराको रुखको हटाईसँगै दृष्टान्तको अन्त्य हुँदैन । त्यहाँ एक भिन्न मोड छ जसमा अहिले हामी केन्द्रित हुन आवश्यक छ । मालीले धैर्य र दयाको लागि विन्ती गर्छन्, पर्खनुस मलाई यो रुखको विशेष हेरचाह गर्न दिनुहोस् । मलाई त्यसको वरिपरि खनेर मल हाल्न दिनुहोस् र यदि त्यसपछि पनि फल फलेन भने, तब हामी यसलाई काटेर ढाल्नेछौं ।

यहाँ मालीले स्पष्ट भनिरहेका छन् कि, मलाई यो रुखलाई प्रसस्त आशिष दिन

दिनुहोस अनि यो आशिषीत भएर पनि फल फलाउन शुरु गरेन भने तब हामी यसलाई हटाउने छौ । त्यसकारण, यदि हाम्रो जीवनमा आशिषहरू छन् भने, सम्भवत तिनीहरूलाई हामीले मलको रूपमा हामीलाई दिइएको हो भन्ने विश्वास गर्नुपर्दछ ताकि हामीले केही फल फलाउने छौ र असल गर्नेछौ अनि बेकारमा ठाउँ ओगटने छैनौ ।

हामी सबैको जीवनमा त्यो समय थियो कि जब हामी फल नफलाउने खालका थियौं । परमेश्वर धैर्यवान र अनुग्रही हुनुहुन्छ । उहाँले हामीलाई जुनसुकै तरीकाले पनि आशिषहरू दिनुहुन्छ, त्यो आशा गरेर की हामीले फेरी फल फलाउन शुरु गर्नेछौ । हामी दण्डको योग्य छौं तर कहिलेकाहीं हामी अनुग्रह र आशिषहरू पाउँछौं, यही उद्देश्यले कि हामीले फल फलाउन सकौं । आशिषहरूले हामीलाई अरु मानिसको लागि आशिषको कारण बन्ने अवसर दिँदछ ।

## अनुहारद्वारा न्याय गरिँदैन

यदि कसैले रुखमा मल हालेको देख्यो भने, उसले थाहा गर्दछ कि त्यो रुख चाहिँ विशेष हेरचाह गर्नु पर्ने योग्य रहेछ भनेर । तर सत्यता उल्टो हुदछ , यो मामिलामा, आशिषहरूले भरिपूर्ण रुख खराब रुख हो ।

त्यस्तै कुनै व्यक्तिको प्रशस्त मात्रामा आशिषीत छ भने उ विशेष रूपमा धर्मी नहुन सक्छ । उ हुन पनि सक्छ अथवा नहुन पनि - तर आशिषहरू त्यो व्यक्तिलाई यसकारण दिइएको हुनसक्छ कि त्यो व्यक्ति फल नफलाउने खालको थियो । पुरुष वा स्त्रीमा यो आशामा मल हालिएको छ कि ति आशिषहरूले त्यस व्यक्तिलाई अरु मानिसहरूको लागि आशिषको कारण बन्न सहायता गरुन् ।

यो दृष्टान्तले केही सामान्य मान्यताहरूलाई चुनौती दिँदछ । को केको निम्ति योग्यको छ भनेर मानिसहरूलाई थाहा हुँदैन । कष्टहरूमा भएका मानिसहरू नै फलदायी ख्रीष्टियनहरू हुन सक्छन् । हुनसक्छ कि तिनीहरूले भविष्यमा अझ धेरै फल फलाउन मद्दत पुगोस भनी केही बेरका लागि तिनीहरूलाई कलमी काटियो ।

अनि अर्को तर्फ, जब हामी प्रचुर मात्रामा आशिषीत हुन्छौ तब हामी सोच्दछौं कि हामीहरूको असल व्यवहारको निम्ति इनाम पाएका छौं । सम्भवत यो हुनसक्छ तर त्यति जरुरी छैन । खराबीमा पनि जब हामी आशिषहरू पाउँछौ, तब कष्ट भोगिरहेका मानिसहरूलाई तल हेर्न हामीलाई सजिलो लाग्दछ । तर राम्ररी मल

हालेका रुख चाहिँ कलमी काटिएको दाखको बोटभन्दा असल हुनु भन्ने अपरिहार्य छैन । हामी अनुहारद्वारा न्याय गर्न सक्दैनौ ।

## आशिषहरू बाँड्नका लागि हुन्

मानिसहरूको लागि, आशिषहरू पाउन र त्यसैमा आफै रमाहट गर्न सजिलो छ । व्यङ्ग्यात्मकरूपमा आशिषहरूले हामीलाई परमेश्वरबाट पनि तानेर निकाल्न सक्तछ र हामी आफै भित्र पनि विथोल्न सक्दछ । तर हामीले धेरै फल फलाउन सकौं भनेर हामीलाई आशिषहरू दिइएका छन् । तर यदि हामीले यसो गरेनौ भने, यहाँ चेतावनीको शब्द पनि छ । आशिषहरू परमेश्वरको अनुग्रहका चिन्ह हुन् र त्यो हामी प्रति उहाँको भलाई (कृपा) हो यद्यपि हामी त्यसका योग्यको छैनौ, र यो असल कामको इनाम चाहिँ होइन् । हामीले परमेश्वरले चाहानु भए अनुरूप यसको प्रयोग गर्नु पर्दछ ।

हामीलाई अनुग्रह यसकारण दिइएको छ ताकि हामीले परमेश्वर र अरु मानिसहरूको लागि पनि फल फलाउन सकौं ताकि हामीले अरुहरूलाई पनि मद्दत गर्न सकौ र अरुहरूको लागि आशिषको कारण बनौं । अनुग्रहले हामीलाई अरुहरूको लागि परमेश्वरको प्रेम र अनुग्रह र आशिष परिचालन गर्न योग्यको बनाउँदछ ।

जसरी उहाँले हामीलाई प्रेम गर्नु भयो त्यस्तै गरी हामीले अरुहरूलाई पनि प्रेम गर्नु पर्दछ । उहाँले हामीलाई क्षमा दिइरहनु भए जस्तै हामीले पनि अरुहरूलाई क्षमा दिइरहनु पर्दछ । उहाँ हामी प्रति दयालु हुनु भए झैं हामी पनि अरुहरूप्रति दयालु हुनुपर्दछ ।

परमेश्वरको महिमाको निम्ति हामीले हाम्रो शरिरीक आशिषहरूलाई कसरी प्रयोग गर्दछौ भन्ने बारेमा सोचौ । हामी सबैसँग आत्मिक आशिषहरू पनि छन्, र ती आशिषहरूबाट कसरी हामीले फल फलाएर सबैको हितको निम्ति प्रयोग गरौं भन्ने परमेश्वर चाहानुहुन्छ भन्ने बारेमा सोच्नु आवश्यक छ (१को १२:७) ।

आशिषहरू अचम्मका छन्, अनि परमेश्वरका मानिस भएको कारण परमेश्वरले उहाँका असल दानहरू हामीसँग बाँड्नु भए झैं हामीले पनि अरुहरूसँग ती बाँड्न सिक्नुपर्दछ ।

★★★

# इकाई ८ क

# मण्डली के हो ?

बाईबलले भन्दछ, खीष्टमा विश्वास हुने मानिसहरू मण्डलीका अंग हुँदछन् । मण्डली के हो त ? यो कसरी सँगठित छ ? यसको उद्देश्य के हो ?

## येशूले आफ्नो मण्डली निर्माण गर्दै हुनुहुन्छ

येशूले भन्नुभयो, "म मेरो मण्डली स्थापित गर्नेछु" (मत्ती १६:१८) । मण्डली उहाँको निम्ति अत्यन्त महत्त्वपूर्ण छ - उहाँले मण्डलीलाई यस्तो प्रेम गर्नुभयो कि त्यसको निम्ति आफूलाई अर्पण गर्नुभयो (एफिसी ५:२५) । यदि हामीसँग खीष्टको मन छ भने हामी पनि मण्डलीलाई प्रेम गर्छौं र त्यसको निम्ति आफूलाई अर्पण गर्दछौं ।

ग्रिक शब्दमा "मण्डली" लाई एकलेसिया भनिन्छ, जसको अर्थ हो सभा । प्रेरित १९:३९, ४१ मा यसलाई शहरका मानिसहरूको ठूलो समूहको अर्थको रूप प्रयोग गरिएको छ । तर एकलेसिया भन्ने शब्द को अर्थ खीष्टियनहरूको माझमा येशू खिष्टिमा विश्वास गर्ने सबैको माझमा विशेष अर्थसहितको हुन गयो ।

उदाहरणको लागि लूकाले पहिलो पटक यो शब्दको प्रयोग गरे र उनी लेख्दछन्, "सारा मण्डली माथी ठूलो डर छायो" (प्रेरित ५:११) । यो शब्दसँग उनका पाठकहरू पहिले नै परिचित भइसकेको हुनाले यो शब्दको अर्थ उनले बयान गरिरहनु परेन । यसको अर्थ सबै खीष्टियनहरू हो, त्यो विशेष अवसरमा भेला भएकाहरू मात्र होइनन् । "मण्डली" भनेको खीष्टका सम्पूर्ण चेलाहरू हुन् । यसले मानिसहरूलाई उल्लेख गर्दछ, भवनलाई होइन ।

विश्वासीहरूको हरेक स्थानीय समूह मण्डली हो । कोरिन्थीमा भएका परमेश्वरका मण्डलीलाई पावलले लेखका छन् (१कोरिन्थी १:२), उनले खीष्टका सबै मण्डलीहरूलाई (रोमी १६:१६) र लाउडिकियाका मण्डली (कलस्सी ४:१६) लाई उल्लेख गरेका छन् । तर उनले सबैतिरका विश्वासीहरूलाई उल्लेख गर्न मण्डली शब्दको प्रयोग गर्न पनि सकेका छन्: खीष्टले मण्डलीलाई प्रेम गर्नु भयो, र त्यसको निम्ति आफूलाई अर्पण गर्नु भयो (एफिसी ५:२५) ।

मण्डली विभिन्न श्रेणीहरूमा रहेका छन् । विश्वव्यापी मण्डली एउटा श्रेणी हो,

जसले येशू खीष्टलाई आफ्नो व्यक्तिगत प्रभु अनि उद्धारकर्ताको रूपमा स्वीकार्ने हरेकलाई समेट्दछ । स्थानीय मण्डलीहरू भिन्नै वर्गमा पर्दछन् जसमा मानिसहरू नियमितरूपमा सँगै भेटघाट गरिरहन्छन् । सम्प्रदायहरू (डिनोमिनेसनहरू) भनेको एक मध्यमार्गी वर्ग हुन् जुन चाहिँ एउटै इतिहास र विश्वास लाई लिएर सँगै मिलेर काम गर्नका निम्ति सहभागी स्थानीय मण्डलीहरूको समूह हो ।

स्थानीय मण्डलीहरूले कहिलेकाहीं ती अविश्वासीहरूलाई पनि समेट्दछन् - जसले खीष्ट येशूलाई उद्धारकर्ताको रूपमा स्विकारेका छैनन् तैपनि नियमितरूपमा विश्वासीहरूसँग भेटघाट गर्दछन् । स्थानीय मण्डलीहरूले यस्तो मानिसहरू पनि समेट्दछन् जसले आफूले आफैलाई खीष्टियन भएको सोच्दछन् तर वास्तवमा आफूले आफैलाई मुर्ख बनाइरहेको हुन्छन् । तिनीहरू चाहिँ वास्तीक खीष्टियन होइनन् भन्ने अनुभवका केही कुराहरूले साबित गरेर देखाउँदछ ।

## हामीलाई मण्डली किन आवश्यक छ

धेरै मानिसहरूले येशू खीष्टमा विश्वास गरेको दावी गर्छन तर उहाँको कुनै पनि मण्डलीहरूमा उपस्थित हुन चाहँदैनन् । तिनीहरूले आफूले आफैलाई मुर्ख बनाइरहेका छन् । नयाँ करारले विश्वासीहरू एक साथ भेला हुनुपर्छ भन्ने नमुना देखाउँदछ (हिब्रू १०:२५) ।

एक अर्काको लागि विभिन्न कुराहरू गर भनेर पावल खीष्टियनहरूलाई बारम्बार आग्रह गर्दछन् । (रोमी १२:१०,१को १२:२५, गलाती ५:१३, एफिसी ४:३२, फिलिप्पी २:३, कलस्सी ३:१३, १ थेस्सोलोनिकी ५:१३) । यदि तिनीहरूले अरु विश्वासीहरूसँग भेटेनन् भने यी आज्ञाहरू पालन गर्न मानिसहरूको लागि कठिन अथवा असम्भव छ ।

अरु विश्वासीहरूसँग संलग्न भएर हामी एक आपसमा सम्बन्धि छौं भन्ने कुराको बोध स्थानीय मण्डलीले गराउन सक्दछ । त्यसले हामीलाई केही आत्मिक सुरक्षा दिन सक्दछ ताकी हामी वरिपरिका डरलाग्दो विचारहरूले धक्का नपुराइएको होऔं । स्थानीय मण्डलीले हामीलाई मित्रता सँगति र हौसला दिन सक्दछ । हामीले आफै कहिल्यै पनि सिक्न नजान्ने कुराहरू पनि यसले सिकाउदछ । मण्डलीले हाम्रो नानीहरूलाई तालिम दिन, अझ धेरै प्रभावशाली सेवाकाईको निम्ति एक आपसमा मिलेर काम गर्न, अनि हामीले आशै नगरेको तरीकाले हाम्रो

वृद्धि गर्न मद्दत पुग्ने यो सेवाको अवसर प्राप्त गर्न मद्दत गर्न सक्दछ। हामीले मण्डलीमा दिएको संलग्नताको परिमाणको अनुपातमा स्थानीय मण्डलीको मूल्यांकन प्राप्त गर्दछौं।

हामी हरेक विश्वासीहरू स्थानीय मण्डलीमा सहभागी हुनुको मुख्य कारण यो हो की मण्डलीलाई हाम्रो आवश्यक छ। "सबैको हितको लागि" हामीसँगै मिलेर काम गरेको परमेश्वर चाहानुहुन्छ र परमेश्वरले अलग-अलग विश्वासीलाई फरक फरक खुवीहरू दिनुभएको छ (१ कोरिन्थी १२:४-७)। यदि कामको शक्तिको अंश मात्र देखाउँछ भने, यो कुनै नौलौ हैन कि मण्डली, हामीले चाहे जतिको काम गर्न सक्ने योग्यको हुँदैन वा हामीले चाहे जस्तै स्वास्थ्यकर हुन सक्दैन। दुरभाग्यवस्, कोही मानिसहरू अरुलाई मद्दत गर्नु भन्दा कुरा काट्नु सजिलो मान्दछन्।

मण्डलीलाई हाम्रो समय, हाम्रो खुबीहरू, हाम्रो स्रोतसाधनहरूको खाँचो छ। मण्डलीलाई गन्न सकिने गरिको मानिसको आवश्यक छ - र हाम्रो प्रतिवद्धताको आवश्यक छ। खेतावालाहरूको निम्ति प्रार्थना गर्न येशू भन्नु भयो (मत्ती ९:३८)। उहाँ हामी हरेकले काम गरेको चाहानु हुन्छ, त्यत्तिकै छेउमा बसिरहेको होइन।

मण्डली बिना नै ख्रीष्टियन हुन चाहाने व्यक्तिहरू बाईबलले सहायता गर्नै पर्छ भनेका मानिसहरूलाई सहायता गर्न तिनीहरूको क्षमता प्रयोग गर्न असफल हुन्छन्। मण्डली एक परस्पर सहायता गर्ने समाज हो र हामी एक अर्को लाई सहायता गर्दछौं, यो कुरा थाहा गरेर कि त्यो दिन आउनेछ (वास्तवमा अहिले नै आइसकेको छ) कि हामीलाई मद्दतको आवश्यक पर्दछ।

## मण्डलीको व्याख्या

मण्डलीको व्याख्या विभिन्न तरीकाले गरिएको छः परमेश्वरको मानिसहरू, परमेश्वरको परिवार, ख्रीष्टको दुलही। हामी भवन मन्दिर र शरिर हौं। येशूले हामीलाई भेडा, खेत, दाखवारीको रूपमा व्याख्या गर्नु भएको छ। प्रत्येक रूपक अलंकारले मण्डलीको एक भिन्न स्वरूपको व्याख्या गर्दछ।

येशूका धेरै राज्यका बारेका दृष्टान्तहरूले मण्डलीको पनि व्याख्या गर्दछ। रायोको दाना जस्तै मण्डली सानो तरीकाले शुरु गरियो र आज सम्म बढेर केही ठूलो भएको छ (मत्ती १३:३१-३२)। मण्डली एक खेत जस्तो हो जहाँ सामाहरू

छरिएको छ (मत्ती १३:२४:३०) । मण्डली एउटा जाल जस्तो पनि हो जसले खराब माछाको साथ साथै असल माछा पनि पकड्दछ (मत्ती १३:४७-५०) । मण्डली एक दाखवारी जस्तै हो, जहा कुनै  मानिसहरूले लामो समय सम्म काम गरे अनि अरुहरूले छोटो समय सम्म मात्र काम गरे (मत्ती २०:१-१६) । मण्डली त्यो नोकरहरू जस्तो हो जसलाई उसको मालिकको लागि कमाउन पैसा दिइयो र केहीले अरुहरू भन्दा धेरै फल फलाए (मत्ती २५:१४-३०) ।

येशूले आफैलाई एक भेडा गोठालो को रूपमा व्याख्या गर्नुभयो, र उहाँका चेलाहरू लाई भेडाको रूपमा (मकूर्स २६:३१), उहाँको उद्देश्य हराएको भेंडालाई खोज्नु थियो (मत्ती १८:११-१४) । उहाँले आफ्ना मानिसहरूलाई भेंडाको रूपमा व्याख्या गर्नुभयो जसलाई खुवाइनु र हेरचाहा गरिनु पर्दछ (यूहन्ना २१:१५-१७) । मण्डलीका अगुवाहरू भेंडाको गोठालोहरू हुनुपर्दछ भन्दै पावल र पत्रुसले पनि सोही रूपक अलंकार प्रयोग गरे (प्रेरित २०:२८, १ पत्रुस ५:२) ।

तिमीहरू .......... परमेश्वरका भवन हौ, पावल भन्दछन् (१ कोरिन्थी ३:९) । येशू खीष्ट जग हुनुहुन्छ (१ कोरिन्थी ३:११), अनि मानिसहरू त्यस जगमाथिको भवन हुन् । पत्रुसले भने कि हामी सबै आत्मिक घर बनाइदै गरिएका जीवित पत्थर हौं (१ पत्रुस २:५) । जसरी उहाँमा एक साथ हामी निर्माण हुन्छौ, "पवित्र आत्मामा वास गर्नुहुने परमेश्वरको वासस्थान हुँदछौ" (एफिसी २:२२) । हामीहरू परमेश्वरका मन्दिर हौ, पवित्र आत्माको मन्दिर (१ को ३:१७, ६:१९) । परमेश्वरलाई जुनसुकै ठाउँमा पुज्न सकिन्छ तापनि मण्डलीसित परमेश्वरलाई एक विशेष उद्देश्यको आराधना छ ।

हामी "परमेश्वरका मानिस हौं" १ पत्रुस २:१० ले भन्दछ । हामीहरू "चुनिएको वंश, राजकीय पूजाहारीगिरी, पवित्र जाति, परमेश्वरको निजी प्रजा हौं," जो इस्राएलका मानिसहरू हुने कल्पना गरिएको थियो (१ पत्रुस २:९, प्रस्थान १९:६)। खीष्टले हामीलाई उहाँको रगतद्वारा किन्नु भएको कारण, हामी परमेश्वरको निजी हौं (प्रकाश ५:९)। हामी उहाँका सन्तान र परिवार हौ (एफिसी ३:१५) । उहाँको मानिस भएको हुनाले हामीलाई महान उत्तराधिकार दिइएको छ, र प्रतिक्रियामा हामीले उहाँलाई खुशी पार्न कोशिस गर्नुपर्दछ र उहाँको नामको प्रशंसा गर्नु पर्दछ ।

पवित्रशास्त्रले हामीलाई खीष्टको दुलही पनि भन्दछ : यो वाक्यले हामी प्रति

उहाँको प्रेमको अनि हामी आफैमा विशाल परिवर्तनको सुझाव दिँदछ, ताकि हामी परमेश्वरको पुत्रसँग एकदम नजिकको सम्बन्धमा हुन सक्छौं । उहाँका केही दृष्टान्तहरूमा मानिसहरूलाई विवाह भोजमा आउन निम्तो दिइएको छ तर यस रूपक अलंकारमा, हामीलाई दुलही हुनको निम्तो निम्तो दिइएको छ ।

"हामी रमाऔं र अत्यन्त खुशी होऔं र उहाँलाई महिमा दिऔं ! किनकी थुमाको विवाहको दिन आएको छ र उहाँको दुलही स्वयम तयार भएकी छिन्" (प्रकाश १९:७) । कसरी हामी आफैलाई यसको निम्ति तयार बनाउदछौं ? यो उपहार हो: "चहकिलो र स्वच्छ मलमलको वस्त्र पहिरन तिनलाई दिइयो" (प्रकाश १९:८) । ख्रीष्टले हामीलाई वचनद्वाराको पानीले धोएर पवित्र पार्नुहुन्छ (एफिसी ५:२६) । उहाँले मण्डलीलाई दाग वा चाउरी नभएको पवित्र र निष्खोट तुल्याएर आफैकहाँ प्रस्तुत गर्नुहुन्छ (एफिसी ५:२७) उहाँ हामीमा काम गरिरहनु भएको छ ।

## एकसाथ काम

सदस्यहरू एक अर्कासँग सम्बन्धित हुनु एक पूर्ण शरिर हुनु हो यो मण्डलीको चित्रको उत्तम सचित्र व्याख्या गराई हो । पावलले भन्दछन्, "तिमीहरू ख्रीष्टका शरीर हौ र हरेक त्यसका अङ्गहरू हौं" (१ कोरिन्थी १२:२७) । "येशू ख्रीष्ट शरीर, अर्थात मण्डलीका शिर हुनुहुन्छ" (कलस्सी १:१८) र हामी सबै एउटै शरीरका सदस्यहरू हौं । यदि हामी ख्रीष्टमा एक छौं, भने हामीहरू एक अर्कामा पनि एक छौं र एक अर्का प्रति जिम्मेवार छौं ।

"मलाई तेरो दरकार छैन" कसैले पनि भन्न सक्दैन (१ कोरिन्थी १२:२१) अनि म मण्डलीको होइन् कसैले पनि भन्न सक्दैन (पद १८) । परमेश्वरले हाम्रो खुबीहरू बाँडिदिनु हुन्छ तसर्थ हामी सबैको हितको निम्ति एक साथ काम गर्न सकौं । एक अर्कालाई मद्दत गर्न र एकसाथ काम गराईद्वाराको मद्दत पाउन सकौं "ताकि शरीरमा वेमेल नहोस्" (१ को १२ :२५) । पावलले फुटको (वेमेल) को पापको विरुद्ध बारम्बार चेतावनी दिए, साथै यसो पनि भने कि त्यो व्यक्ति जसले फुट (वेमेल) ल्याउँदछ , त्यो मण्डलीबाट बाहिर फ्याँकिनु पर्दछ (रोमी १६:१७, तितस ३:१०) । प्रत्येक भागले ठिक-ठिक काम गरे जस्तै विभिन्न सदस्यहरू मिलेर काम गरे ख्रीष्टको कारण मण्डलीको बृद्धि हुन्छ (एफिसी ४:१६) ।

दुर्भाग्यवस, ख्रीष्टियन संसार सम्प्रदायहरूमा विभाजित छ जो एक अर्कोसँग कहिले

कही बाझाबाझ गर्दछन् । मण्डली अझसम्म परिपक्क छैन, जब सम्म सदस्यहरू परिपक्क हुँदैनन् । तैपनि मण्डली एक भएको ख्रीष्ट चाहानुहुन्छ (यूहन्ना १७:२१) । यसले संगठनहरूको सम्मिश्रणको आवश्यकता औंल्याउँदैन, तर यसले समान उद्देश्यको सुझाव दिदछ । उहाँको सु-समाचार प्रचार गरेर अनि उहाँले जस्तै जीवन जिएर जब हामी ख्रीष्टको नजिन्छौ तब मात्र साँचो एकता पाउँदछौ । यो लक्ष्य उहाँको बढाई गर्नु को लागि हो, हामी होइन । यद्यपि विभिन्न सम्प्रादयहरूको अस्तित्वमा अप्रत्यक्ष फाइदा छन् विभिन्न माध्यमद्वारा तिनीहरूको बुझाई अनुरूप ख्रीष्टको सन्देश लिएर धेरै मानिसहरूका अघि पुगिन्छ ।

## संस्था

ख्रीष्टियन संसारसित मण्डली संचालन र अगुवापनको निम्ति तीनवटा आधारभूत कुराहरू छन्:

तल्लो श्रेणी देखी माथिल्लो श्रेणीसम्मको पद्धति, स्वतन्त्रता, प्रतिनिधि । यिनीहरूलाई इपिस्कोपाल, कङग्रीगेशनल, प्रेसब्रिटेरियन भनिन्छ ।

प्रत्येक भित्र विभिन्नताहरू छन् तर सामान्य रूपमा इपिस्कोपालको रूपरेखाको अर्थ चाहिँ सम्प्रदायको प्रमुखसित निति नियम बनाउने र पाष्टरहरूलाई अभिषेक गर्ने अधिकार हुनु हो । कङग्रिगेस्नल रूपरेखामा, मण्डलीका सदस्यहरूले तिनीहरूकै निती नियम र पाष्टहरूलाई चुन्दछन् । प्रेसविटीरियनको प्रणालीमा शक्ति चाहिँ सम्प्रदाय र स्थानीय मण्डलीहरू माझ विभाजित हुदछ । एल्डरहरू निर्वाचित हुँदछन् र प्रशासनको अधिकार दिईंदछ ।

कुनै पनि विशेष मण्डलीको रूपरेखाको बारेमा नयाँ नियमले बताएको छैन । यसले निरीक्षक (विसप) एल्डर र भेडा गोठालो (पाष्टरहरू) को बारेमा बताउदछ तर यदि मण्डलीका अगुवाहरू को निम्ति प्रयोग भएका शब्दहरू, अरु नै शब्द भएको भए त्यही शब्दहरू नै प्रयोग हुन्थे । पत्रुसले एल्डरहरूलाई भेडा गोठालोहरू र हेरचाहा गर्नेहरू हुन भने (१ पत्रुस ५:१-२) । पावलले एल्डरहरूको समूहलाई तिमीहरू हेरचाहा गर्ने र भेडा गोठालोहरू हौ भनेर भने (प्रेरित २०:१७,:२८) ।

यरुशलेमका मण्डली एल्डरहरूको समूहद्वारा अगुवाइ गरिन्थ्यो, फिलिप्पीको मण्डली चाहिँ धेरै ओभरसियरद्वारा अगुवाई गरिएको थियो (प्रेरित १५:२-६, फिलिप्पी १:१) । एल्डरहरूलाई अभिशेष गर्नको निम्ति पावलले तितसलाई क्रेटमा छाडे, पावलले एउटा

पद एल्डरको बारेमा र ओभरसियर को बारेमा धेरै लेखे, यद्यपि यी पर्यावाची रूपहरू, मण्डलीका अगुवाहरूको निम्ति हुन् भने (तितस १:५-९) । हिब्रूको पुस्तकमा, अगुवाहरूलाई समान्यतया "अगुवाहरू" भनेर भनिएको छ (हिब्रू १३:७) ।

केही मण्डलीका अगुवाहरूलाई "शिक्षक" भनेर पनि भनिएको छ (१ कोरिन्थी १२:२९, याकूब ३:१) । एफिसी ४:११ को व्याकरणले अगुवाहरू र शिक्षकहरूलाई उही दर्जामा प्रस्तुत गर्दछ । मण्डलीको अगुवाको एक प्राथमिक कार्य सिकाउनु हो - नेतृत्वको एक योग्यता यो हो कि त्यो व्यक्ति "सिकाउन सक्ने" योग्यको हुनुपर्दछ (१ तिमोथि ३:२) ।

एउटा कुरा यसैमा स्थीर छ : केही मानिसहरू अगुवाको रूपमा तोकिएका थिए । यद्यपि विषयवस्तुसँग दुरुस्त शिर्षक थिएन, स्थानीय मण्डलीहरूसँग केही संस्थाहरू थिए । यी अगुवाहरूलाई आदर र पालना गर्न सदस्यहरूलाई आग्रह गरिएको थियो (१ थेसलोनिकी ५:१२, १ तिमोथि ५:१७, हिब्रू १३:१७) । यदि अगुवाले केही गलत कुराहरू आज्ञा गर्दछ भने, सदस्यहरूले त्यसको पालन गर्नु हुँदैन, तर मुख्य कुरा चाहिँ यो हो कि अगुवाहरूलाई सदस्यहरूले सहायता गर्नुपर्दछ ।

अगुवाहरूले के गर्दछन् ? तिनीहरू "मण्डलीसँग सम्बन्धित कुराहरूको निर्देशन गर्दछन्" (१ तिमोथि ५:१७) । तिनीहरू उदाहरण र शिक्षा दिएर भेडाहरूलाई चराउँछन् । तिनीहरू मण्डलीको हेरचाहा गर्दछन् (प्रेरित २०:२८) । तिनीहरूले अरुहरूमाथि अधिकार जमाउनु हुँदैन तर तिनीहरूले सेवा गर्नु पर्दछ (१ पत्रुस ५:२-३) । तिनीहरूले "सेवाको कामहरू गर्न परमेश्वरको मानिसहरू तयार पार्नु पर्दछ ताकी ख्रीष्टको शरीर निर्माण होस्" (एफिसी ४:१२) ।

अगुवाहरू कसरी चुनिन्छन् ? थोरै मामिलाहरूमा हामीलाई बताइएको छ : पावलले एल्डरहरू नियुक्त गरे (प्रेरित १४:२३), पावलले तिमोथिलाई ओभरसियर चुन्नको निम्ति नियुक्त गरे (१ तिमोथि ३:१- ७) अनि पावलले तितसलाई एल्डर नियुक्त गर्नका निम्ति अधिकार दिए (तितस १:५) । यी मामिलाहरूमा चरणवद्ध पद्धतिहरू छन् । मण्डलीका सदस्यहरूले तिनीहरूको एल्डर चुनेको उदाहरण कही पनि हामी पाउँदैनौ ।

## डिकनहरू

तैपनि प्रेरित ६:१-६ मा सदस्यहरूले केही अगुवाहरू चुनेको हामी देख्दछौं । ति

मानिसहरू चाहिँ आवश्यकता भएकाहरूलाई खाना बाड्न मद्दत गर्नका निम्ति चुनिएका थिए र यसै कामका लागि प्रेरितहरूले तिनीहरूलाई नियुक्त गरे । यही तरीकाले प्रेरितहरू आत्मिक विषयवस्तुहरूमा केन्द्रित रहन सके, अनि शारीरिक आवश्यकताहरू पनि सम्पन्न हुन सक्यो (प्रेरित ६:२) । आत्मिक नेतृत्व र शारीरिक नेतृत्व विचको अन्तर पनि १ पत्रुस ४:११-१२ मा देख्दछौं ।

सामान्य कामद्वारा सेवा गर्ने अगुवाहरूलाई प्राय डिकनहरू भनिन्छ, ग्रिक शब्दमा यसलाई डियाकोनिओ भनिन्छ यसको अर्थ सेवा गर्नुहुन्छ । यद्यपि सबै सदस्यहरू र अगुवाहरू सेवा गर्नको निम्ति हुन् तर कोही चाहिँ विशेषरूपमै सेवा गर्ने भूमिकाको निम्ति नियुक्त गरिन्छन् । एकजना स्त्रीलाई डिकन भनिएको छ (रोमी १६:१) ।

पावलले तिमोथीलाई डिकनमा हुनु पर्ने विशेषताहरूको सूची दिए (१ तिमोथि ३:८-१२), तर उनले तिनीहरूले के गरे भन्ने कुराको विशेष रूपले उल्लेख गरेननन्। निश्चय नै विभिन्न सम्प्रदायहरूले तिनीहरूलाई विभिन्न भूमिकाहरू दिँदछन्, हेरचाहा गर्ने काम देखि लिएर अर्थ व्यवस्थापन गर्ने सम्मको काम ।

मानिसहरूलाई के भनिन्छ, कसरी तिनीहरू संयोजित गरिएका छन् , अर्थात कसरी तिनीहरू नियुक्त गरिन्छन् भन्ने कुरा नेतृत्वमा महत्त्वपूर्ण कुरा होइनन् । महत्त्वपूर्ण कुरा भनेको नेतृत्वको उद्देश्य नै हो जुन चाहिँ परमेश्वरको मानिसहरूलाई परिपक्वतामा वृद्धि हुन सहायता गर्नु हो जसको कारण हामी खीष्ट जस्तै हुन सक्छौ (एफिसी ४:१३) ।

## मण्डलीको उद्देश्यहरू

खीष्टले आफ्नो मण्डली निर्माण गर्नुभएको छ, आफ्नो मानिसहरूलाई दानहरू र नेतृत्व दिनु भएको छ र उहाँले हामीलाई कार्य गर्नका निम्ति कामहरू दिनुभएको छ । अब हामी मण्डलीको उद्देश्यको बारेमा हेरौ ।

मण्डलीको प्रमुख उद्देश्य आराधाना गर्नु हो । परमेश्वरले हामीलाई बोलाउनु भएको छ ताकि हामीहरू "उहाँका आश्चर्यपूर्ण कार्यहरूको घोषणा गर्न सकौं," "अन्धकार देखि निस्केर उहाँको अचम्मको ज्योतिमा" बोलाउनु भएको छ (१ पत्रुस २:९) । परमेश्वरले ती मानिसहरूलाई खोज्नु हुन्छ, जसले उहाँलाई आराधाना गर्दछन् (यूहन्ना ४:२३) जसले सबैथोकहरू भन्दा बढी प्रेम उहाँलाई गर्दछन्

(मत्ती ४:१०) । व्यक्तिगतरूपमा वा मण्डलीका रूपमा हामी जे सुकै गरौ त्यो परमेश्वरको महिमाको निम्ति गरिनु पर्दछ । (१ कोरिन्थी १०:३१) । हामीहरू "परमेश्वरलाई निरन्तर प्रशंसाको बलि चढाउनलाई बोलाइएका हौ (हिब्रू १३:१५) ।

हामीलाई आज्ञा गरिएको छ, एउटाले अर्कासँग भजन, गीत र आत्मिक गानामा बोल (एफिसी ५:१९) । जब हामी मण्डलीको रूपमा भेला हुन्छौ, हामी पररोश्वरलाई प्रशंसाको भजनहरू गाउँदछौ, उहाँलाई प्रार्थना गर्दछौ र उहाँको वचन सुन्दछौ । यिनीहरू आराधानाका शैलीहरू हुन् । त्यस्तै प्रभु भोज, वस्तिस्मा अनि आज्ञाकारीता पनि आराधानाका शैलीहरू हुन् ।

शिक्षा दिनु मण्डलीको अर्को उद्देश्य हो । यो नै महान आज्ञाको हृदयमा छ: मैले तिमीहरूलाई आज्ञा गरेका सबै कुरा पालन गर्न तिनीहरूलाई सिकाऔ (.मत्ती २०:२८) । मण्डलीका अगुवाहरूले शिक्षा दिनु पर्दछ र हरेक सदस्यहरूले पनि एक अर्कालाई शिक्षा दिनु पर्दछ (कलस्सी ३:१६) । हामीले एक अर्कालाई हौसला दिनु पर्दछ (१ कोरिन्थी १४:३१, १थेसोलोनिकी ५:११, हिब्रू १०:२५) । सानो समूहले यो परस्पर सेवकाईको लागि उत्कृष्ट परिस्थिति बनाउँदछ ।

पावलले भन्दछन्, यदि हामी आत्मिक हुन चाहान्छौ भने, हामीले "मण्डलीको निर्माण गर्न" प्रयत्न गर्नु चाहानु पर्दछ (१कोरिन्थी १४:१२) । उद्देश्य चाहिँ आत्मिक वृद्धि, उत्साह र सान्त्वना दिनु हो (१ कोरिन्थी १४ :३) । सम्पूर्ण मिटिङ्ग मण्डलीको उत्साहको निम्ति गरिनुपर्छ (पद २६)। परमेश्वरको वचन पढने र लागू गर्ने चेलाहरू हामी हुनुपर्दछ । पहिलेका मण्डलीहरू प्रशंसित थिए किनकी तिनीहरू "प्रेरितका शिक्षा, सङ्गति र रोटी भाच्न र प्रार्थनामा भक्ति साथ लागिरहन्थे" (प्रेरित २:४२) ।

मण्डलीको तेस्रो मुख्य उद्देश्य सेवकाई हो । पावलले लेख्दछन्, "यसकारण मौका पाए अनुसार हामी सबै मानिसको भलाई गर्दैजाऔ, विशेष गरी तिनीहरूको जो हाम्रो विश्वासका परिवारका हुन्" (गलाती ६:१०) । हाम्रो पहिलो प्राथमिकता हाम्रो आफ्नै परिवार त्यसपछि मण्डली अनि हाम्रो वरिपरीका संसारका मानिसहरू हुन्" । हामीले हाम्रो छिमेकीलाई प्रेम गर्नु (मत्ती २२:३९) दोस्रो महान आज्ञा हो ।

यो संसारमा धेरै शारीरिक आवश्यकताहरू छन् र तिनीहरूलाई हामीले इन्कार गर्नु हुँदैन । तर सु-समाचार नै महान आवश्यकता हो, त्यसलाई हामीले इन्कार

गर्नु हुँदैन । येशू खीष्टद्वारा उद्धारको असल सन्देशहरू मण्डलीले प्रचार गर्नु संसारप्रति हाम्रो सेवकाइको भाग हो । अरु कुनै संस्थाहरूले यो काम गर्ने छैनन यो त मण्डलीको मुख्य कार्य हो । प्रत्येक कार्यकर्ताहरू आवश्यक छन् - कोही अधिको पंक्तिमा त कोही सहयोग गर्नेको पंक्तिमा । हामी एकसाथ काम गर्दा, कोहीले रोप्नेछन्, कोहीले गोडमेल गर्नेछन् र कोहीले कटनी गर्नेछन्, खीष्टले मण्डलीको वृद्धि गर्नुहुनेछ (एफिसी ४:१६) ।

★★★

# इकाई ८ ख

# मण्डलीका ६ वटा सेवकाईहरू

उपदेश पाउन र आराधाना गर्नका निम्ति हामी प्रत्येक हप्ता किन एक साथ भेट्दछौ ? के हामी थोरै दाजुभाई भेला भएर धेरैमा आराधाना गर्नु बाईबल अध्ययन गर्नु र रेडियोंमा प्रसारण हुने कार्यक्रम सुन्न सक्दैनौ ?

पहिलो शताब्दीमा मानिसहरू पवित्रशास्त्र सुन्नका लागि हप्तै पिछे भेला हुन्थे - तर आज हामीसँग बाईबल अध्ययनको लागि आ-आफ्नै बाईबल छन्। तब हामी आफै बाईबल अध्ययन गर्नका निम्ति आफ्नो घरमै किन नबस्ने त ? अश्यक पनि यो एकदम सजिलो र सस्तो उपाय हुनेछ। आधुनिक उपकरणको मार्फत हरेक हप्ता प्रत्येकले संसारका उत्कृष्ट प्रचारकको प्रचार सुन्न सक्दछन् ! वा हामीसँग विकल्पका सुचीहरू हुन सक्छन् र हामीमा लागू हुने खालको प्रचार मात्र सुन्न सक्छौ अथवा हामीलाई मन पर्ने विषयको प्रचार मात्र सुन्न सक्नेछौ। यो उपायहरू अति प्यारो अनि लाभलाग्दो छैन त ?

वास्तविक रूपमा, यी उपायहरू ठिक होइनन्। म विश्वास गर्दछु कि घर मै बसिरहने खीष्टियनहरूले खीष्टियन समुदायको धेरै महत्त्वपूर्ण कुराहरू पाउनबाट बन्चित भईरहेका छन्। यी कुराहरूलाई म यस लेखमा दुवैलाई हौसला प्रोत्साहन दिनका निम्ति, यो आशा गरि जोड्दछु कि हाम्रो सभाहरूमा नियमित उपस्थित हुनेहरू अझ बढी मात्रामा उपस्थित होउन् र अरुहरू हप्तामा उपस्थित हुन फर्केर आउनका निम्ति हौसला दिन। हामी प्रत्येक हप्ता किन भेला हुदछौ, भन्ने कुरा बुझ्नका निम्ति यो कुरा सोध्न हामीलाई सहायक सिद्ध हुनेछ कि परमेश्वरले मण्डलीको सृष्टि किन गर्नु भयो ? यसको के उद्देश्य छ ? मण्डलीको सेवकाईको अध्ययन द्वारा हामी देख्न सक्ने छौ कि कसरी हाम्रो हप्ताका सँगतीहरूले परमेश्वरको इच्छामा उहाँका सन्तानहरूको निम्ति विभिन्न उद्देश्यहरू पुरा गर्दछन्।

हेर्नुहोस, परमेश्वरको आज्ञाहरू, जब उहाँले उफ्रि भन्नु हुन्छ र हामी उफ्रिन्छौ, सिर्फ त्यस्तो हेर्नका लागि मात्र गरिने स्वेच्छकारी कुराहरू होइनन्। उहाँका आज्ञाहरू हाम्रै भलाईको निम्ति दिइएका हुन्। अवश्य पनि, जब हामी जवान खीष्टियन हुन्छौ, हामी शायद बुझ्न सक्दैनौ कि परमेश्वरले ति कुराहरू किन आज्ञा

गर्नुभयो र यी सबै कुराहरूको कारण जान्नु भन्दा अघि नै हामीले किन उहाँको आदर गर्नुपर्छ। उहाँले उत्तम कुराहरू जान्नु भएको कारण हामी उहाँमा (परमेश्वरमा) भरोसा गर्दछौ र हामी त्यही गर्दछौ जो उहाँले भन्नु हुन्छ। त्यसैले एक जवान खीष्टियन सामान्य रूपमा यसकारण मण्डलीमा आउँछन् कि खीष्टियनहरूलाई त्यसै गर्नु भनि भनिएको छ। एक जवान खीष्टियन यसकारण मण्डलीमा आउँदछ किनकी हिब्रू १०:२५-ले भन्दछ, "हामी एकसाथ भेला हुनलाई नछोडौ" ।

जति नजिक त्यति असल । तर जब हामी विश्वासमा परिपक्व हुन्छौ, तब परमेश्वरले आफ्ना मानिसहरूलाई किन एक साथ भेला हुनलाई भन्नु हुन्छ भन्ने कुराको स्पष्ट बुझाई हामीमा हुनुपर्दछ ।

## घेरै आज्ञाहरू

हिब्रू मात्रै त्यो पुस्तक हैन जो खीष्टियनहरूलाई एकसाथ हुनलाई आज्ञा गरिएको छ भन्ने कुरालाई ध्यानमा राख्दै यस विषयमा हामी वर्णन गर्न शुरु गरौ । येशूले आफ्ना चेलाहरूलाई भन्नु भयो "एक अर्कालाई प्रेम गर" (यूहन्ना १३:३४)। जब येशूले "एक अर्कालाई" भनेर भन्नुहुन्छ, उहाँले सम्पूर्ण मानव जातिलाई प्रेम गर्नु भनेर हामीलाई कतर्व्य बोध गराउनु भएको होइन । बरु उहाँले अरु चेलाहरूलाई प्रेम गर्नु चेलाहरूको आवश्यकता हो भन्ने कुराको स्पष्ट बोध गराइरहनु भएको छ - यो निश्चित रूपले पारस्परिक प्रेम हुनु पर्दछ । र यो प्रेम नै येशूका चेलाहरूको चारित्रीक परिचय हो । (पद ३५) ।

पारस्परिक प्रेमले पसलहरूमा, खेलकूदमा भएको अचानकको भेटहरूमा आफैलाई प्रकट गर्दैन । येशूको आज्ञाले अड्कल काट्दछ कि उहाँको चेलाहरू नियमित रूपमा एक अर्कालाई भेटिरहेका छन् । खीष्टियनहरू नियमित रूपमा अरु खीष्टियनहरू सँग सँगति गर्नु पर्दछ । पावलले लेखेका छन्, "सबै मानिसको भलाई गर्दै जाऔ, विशेष गरी तिनीहरूको जो हाम्रो विश्वासका परिवारका हुन् (गलाती ६:११) । यो आज्ञा पालन गर्नका निम्ति, को चाहिँ विश्वासीहरूका परिवारहरूको हुन् भनेर चिन्न हामीलाई जरुरी छ । हामीले तिनीहरूलाई भेट्नु जरुरी र हामीले तिनीहरूको आवश्यकता हेर्नु जरुरी छ ।

पावलले गलातीको मण्डलीलाई लेखेका छन्, एक अर्काको सेवा गर

(गलाती ५:१३) । यद्यपि केही तरीकाले अविश्वासीहरूलाई पनि हामीले सेवा गर्नु पर्दछ तर पावलले यो पद हामीलाई त्यो कुरा बताउनलाई प्रयोग गरेका होइनन् । यो पदमा उनले हामीलाई संसारको सेवा गर भनेर आज्ञा गरिरहेका छैनन् साथै हाम्रो सेवा गर्न संसारलाई पनि आज्ञा गरिरहेका छैनन् । बरु उनले येशू ख्रिष्टलाई पछ्याउनेहरूको माझमा पारस्परिक सेवा गर्नको लागि आज्ञा गरिरहेका छन् । "एउटाले अर्काको भार उठाओ, र यसरी ख्रिष्टको व्यवस्था पुरा गर" (गलाती ७:२) । पावल ती मानिसहरूसँग कुरा गरिरहेको छन् र तिनीहरूलाई अरु विश्वासीहरूप्रति तिनीहरूसँग भएको जिम्मेवारीहरूका बारेमा बताईरहेका छन् जोहरूले येशू खीष्टलाई आदर गर्न चाहान्छन् । तर हामीले ती भारहरू के हुन त भन्ने कुरा थाहा नगरी एक अर्काको भार कसरी उठाउन सक्छौ - र नियमितरूपमा हामीले एक अर्कालाई भेट नगरी कसरी थाहा गर्न सक्छौ त ?.

यूहन्नाले लेखेका छन् यदि हामी पनि ज्योतिमा हिँड्छौ भने, एउटा अर्कासित हाम्रो सङ्गित हुन्छ (१ यूहन्ना १:७) । यूहन्नाले तिनीहरूको बारेमा कुरा गरिरहेका छन्, जोहरू ज्योतिमा हिँड्छन् । उनले आत्मिक संगतिका बारेमा कुरा गरिरहेका छन्, अविश्वासीहरूसँग सामान्य चिनजान गरिने कुरा को होइन । यदि हामी ज्योतिमा हिँड्यौ भने, हामी अरु विश्वासीहरू खोज्दछौं, जोहरूसँग हामीले संगति गर्छौं। उसरी नै पावलले लेखका छन्, "एक अर्कालाई ग्रहण गर" (रोमी १५:७)। एउटाले अर्कालाई क्षमा गरेर तिमीहरू एउटा अर्काप्रति कोमल मनका र दयालु होओ (एफिसी ४:३२)। एक अर्काप्रति खीष्टियनहरूसँग विशेष जिम्मेवारीहरू छन् ।

नयाँ करार भरी नै, पहिलेका खीष्टियनहरू एकसाथ आराधना गर्नका निम्ति, एक साथ अध्ययन गर्नका निम्ति र एक अर्कासित आफ्नो जीवन बाड्नका निम्ति एक अर्का सित भेट्दथे (उदाहरणको लागि प्रेरित २:४१-४७) । जहाँकहीं पावल गए, त्यहाँ छरिएर रहेका विश्वासीहरूलाई त्यत्तिकै छोड्नु भन्दा बरु उनले मण्डलीहरू खडा गरे । तिनीहरू एक अर्कासित आफ्नो विश्वास र उत्सुकता बाँड्नका निम्ति व्यग्र थिए । यो बाईबलीय उदाहरण हो ।

तर आज केही मानिसहरू प्रवचनबाट उनीहरूले केही पनि पाउन नसकेको गुनासो पोख्दछन् । हुन सक्छ त्यो कुरा सत्य हो तर सभाहरूमा उपस्थित हुन बन्द गर्नका निम्ति निश्चय रूपले यो बहाना होइन । यस्ता मानिसहरूले "लिनु" भन्ने तिनीहरूको आफ्नो दृष्टिकोणलाई "दिनु" मा परिवर्तन गर्नु आवश्यक छ । हामी

आराधाना सेवाहरूमा केही पाउनका लागि मात्र उपस्थित हुँदैनौ, तर दिनका लागि पनि उपस्थित हुन्छौ । हाम्रो सम्पूर्ण हृदयले परमेश्वरलाई आराधाना गर्न र मण्डलीमा भेला भएका अरु सदस्यहरूलाई सेवा दिनको निम्ति उपस्थित हुन्छौ ।

मण्डलीको सेवाकाईहरूमा हामीले अरुहरूको सेवा कसरी गर्न सक्दछौ ? बालबच्चाहरूलाई पढाएर, भवनहरू सफा गर्न सहायता गरेर, विशेष गाना र भजनहरू गाएर, बस्ने कुर्सिहरू जुटाएर, मानिसहरूलाई शुभकामना (बधाई) दिएर इत्यादी । हामी त्यो वातावरण प्रबन्ध गर्दछौ कि जहाँ अरुहरूले कार्यक्रम प्रवचन बाट केही उपलब्धि हासिल प्राप्त गर्न सकोस् । हामी संगती गर्दछौं र प्रार्थनाका जरुरी विषयवस्तु खोज्दछौ अनि हप्ता भरी अरुहरूलाई सहयोग पुग्ने कार्य गर्नका लागि कामहरू खोज्दछौ । यदि तपाईले प्रवचनहरूबाट केही पनि पाइरहनु भएको छैन भने सिर्फ अरुहरूलाई दिनको निम्ति मात्र भए पनि तपाई उपस्थित हुनुहोस् ।

पावलले लेखेका छन्, "एउटाले अर्कालाई सान्त्वना देओ" (१ थेसोलोनिकी ४:१८) । "एउटाले अर्कालाई प्रेम र असल काम निम्ति उत्साहित गराऔ" (हिब्रू १०:२४) । यो चाहिँ हिब्रू १०:२५ मा एकसाथ भेला हुन नछोडौं भन्ने आज्ञा दिइएको प्रसँगको स्पष्टिकरण हो । हामीले अरुहरूलाई सकारात्मक वचनहरूको स्रोत बन्नका लागि प्रोत्साहन गर्नुपर्दछ, जे कुराहरू सत्य अनि प्यारो र असल परिणामका हुन्छन् ।

येशूलाई उदाहरण स्वरूप लिनुहोस । उहाँ सभाघरमा नियमित रूपमा उपस्थित हुनु भयो र नियमित रूपमा पवित्रशास्त्र पढेको सुन्नु भयो । जसले उहाँको समझमा केही कुरा थपेन तर जुनसुकै तरिकामा उहाँ आराधाना गर्नका निम्ति जानु भयो । हुनसक्छ यस्ता कुराहरूले पावल जस्ता शिक्षित मानिसलाई दिक्क लागि रहेको थियो तर उहाँले आफैलाई त्यस कुराले रोकिन दिनु भएन ।

## कर्तव्र्य र इच्छा

मानिसहरू जसले यो विश्वास गर्दछन् कि येशूले तिनीहरूलाई अनन्तको मृत्युदेखि बचाउनु भएको छ यो कुराले साँच्चै नै उत्साहित तुल्याउँदछ । आफ्नो उद्धारकताको प्रशंसा गर्न तिनीहरू एक साथ भेला हुन रमाउँदछन् । अवश्य पनि कुनै बेला खराब दिनहरू हामीसँग हुँदछ र मण्डलीमा उपस्थित नहोऔ जस्तो लाग्छ । तर त्यो अवस्थामा हाम्रो इच्छा नभएता पनि, उपस्थित हुने कुरा हाम्रो

कर्तव्य हुँदछ । हामी जीवन भर हामीलाई इच्छा लागेको कुराहरू मात्र गर्दै जान सक्तैनौ। यदि हामी येशू ख्रीष्टलाई हाम्रो उद्धारकर्ताको रूपमा पछ्याउँछौं भने ।

उहाँले उहाँको आफ्नो इच्छा गर्न खोज्नु भएन तर पिताको इच्छा खोज्नु भयो । कहिलेकाहीं ती कुराहरू जसले हामीलाई निरास बनाउँदछ जब हाम्रो सबै कुराहरू असफल हुन्छन् पुरानो भनाई बित्दछन् तब निर्देशनहरू अध्ययन गर्नुहोस् । अनि हामीलाई त्यसले पनि उपस्थित हुन भन्दछ ।

तर किन ? मण्डली के को निम्ति हो ? मण्डलीका धेरै कार्यहरू छन् । हामीले तिनीहरूलाई तीन वर्गमा बाँडेका छौं: माथिल्लो तह, भित्री तह र बाहिरी तह । त्यो संस्थागत योजना जस्तै जुन सुकै योजनामा दुवैमा सदाचार र हदहरू हुँदछन् । यो एकदम साधारण छ र सरलता असल हुन्छ ।

तर यसले हाम्रो माथिल्लो तहको सम्बन्धमा दुवै व्यक्तिगत र सार्वजनिक अभिव्यक्तिहरू छन् भन्ने सत्यताको प्रर्दशन गर्दैन । यसले त्यो सत्यतालाई ढाकछाप गर्दछ कि मण्डली भित्र हाम्रो सम्बन्धहरू प्रत्येकसँग एकनासको हुँदैन । भित्री तह र बाहिरी तह दुवै तहमा सेवा दिइएको छ भन्ने कुराको प्रदर्शन यसले गर्दैन मण्डली र समाज वरिपरि दुवै भित्र ।

मण्डलीको कामको अतिरिक्त कृयाकलापहरूमा सहायता गर्नका निम्ति केही ख्रीष्टियनहरूले चार या पाँच प्रकारको योजना प्रयोग गरेका छन् । यो पाठको लागि म ६ वटा वर्गहरूको प्रयोग गर्दछु ।

## १. आराधना

परमेश्वरसँगको हाम्रो सम्बन्ध दुवै व्यक्तिगत र सार्वजनिक रूपमा छ र यी दुवै हामीलाई जरुरी छ । हाम्रो सार्वजनिक प्रतिक्रिया परमेश्वरको आराधनाद्वारा थालनी गरौं । अवश्य पनि, जब हामी सबैजना एक्लै हुन्छौ त्यो बेला परमेश्वरको आराधाना गर्न सम्भव हुँदछ तर आराधाना भन्ने शब्दले प्राय सार्वजनिक रूपमा हामीले केही गर्नु भन्ने बारे बताउँदछ । अंग्रेजी शब्द वर्सिप (आराधना) चाहिँ वर्थ (योग्यता) शब्दसँग सम्बन्धित छ । जब हामी परमेश्वरको आराधाना गर्दछौं, हामी उहाँको योग्यताको घोषणा गर्दछौ ।

यो योग्यताको घोषणा गराई दुवै तरीकामा हुँदछ , व्यक्तिगत रूपमा, हाम्रो प्रार्थनाहरूद्वारा अनि सार्वजनिक रूपमा वचन र स्तुतिका गानाहरूद्वारा (१ पत्रुस

२:९ ले भन्दछ कि हामीहरू उहाँका आश्चर्यपूर्ण कार्यहरूको घोषणा गर्न बोलाइएका हौं । तात्पर्य चाहिँ त्यो एक सार्वजनिक घोषणा हो । पुरानो र नयाँ करार दुवैले एक समुदायको रूपमा परमेश्वरका मानिसहरू एकसाथ सँगै आंराधाना गर्दछन् भन्ने कुरा देखाउँदछ ।

पुरानो र नयाँ नियम दुवैमा वाईवलिय रूपरेखा यो छ कि, गानाहरू प्राय आराधनाका हिस्साहरू हुन् ।• परमेश्वरसँग भएको हाम्रो केही भावनाहरूलाई भजन गीतहरूले प्रकट गर्दछ। भजनहरूले डर, विश्वास, प्रेम आनन्द, आत्मविश्वास, आदर र परमेश्वर सितको हाम्रो सम्बन्धमा हामीसँग भएको अरु विस्तृत भावनाहरू प्रकट गर्न सक्छ ।

अवश्य पनि मण्डलीमा प्रत्येकसँग एकै समयमा समान खालको भावना हुँदैन, तर पनि हामी एकसाथ गाउँछौं । केही सदस्यहरूले त्यही भावनाहरूलाई विभिन्न तरीकामा भिन्नै गीतहरू र भिन्नै शैलीहरूबाट प्रकट गर्दछन् तर पनि अझै हामी एकसाथ गाउँछौ । एउटाले अर्कासँग भजन, गीत र आत्मिक गानमा बोल (एफिसी ५:१९) । यो कार्य गर्नका निम्ति हामी एकसाथ भेला हुनुपर्दछ !

संगीत, एकताको अभिव्यक्ति हुनुपर्दछ - तैपनि प्राय संगीत फुट (वेमेल) को कारण बनेको छ । भिन्नै संस्कृति र फरक उमेरका समूहहरूले परमेश्वरलाई स्तुती प्रशंसा पनि भिन्नै तरिकाहरूले प्रकट गर्दछन् । प्रत्येक मण्डलीहरूको क्षेत्रले विभिन्न संस्कृतिहरूको प्रतिनिधित्व गरेको छ। केही सदस्यहरू नयाँ भजनहरू सिक्न चाहान्छन्, केहीले पुराना गीतहरू । यस्तो लाग्दछ कि परमेश्वरले दुवैलाई मन पराउनु हुन्छ। उहाँ हजारौं वर्ष पुरानो भजनहरूमा आनन्द मनाउनु हुन्छ र उहाँ नयाँ गीतहरूमा पनि रमाउनु हुन्छ । यो कुरा ध्यान दिन सहायक सिद्ध हुनेछ कि केही पुरानो गीतहरू अर्थात भजनहरूले नयाँ गीतहरू आज्ञा गर्दछन्, "हे धर्मीगण हो परमप्रभुमा आनन्दसित भजन गाओ । सोझो मन भएकाहरूले उहाँको स्तुति गर्नु सुहाउँदो छ । वीणा बजाउदै परमप्रभुको प्रशंसा गर, दश तारे सारङ्गी बजाउँदै उहाँको स्तुती गाओ । उहाँको निम्ति एउटा नयाँ भजन गाओ, जयजयकार गर्दै निपुणतासाथ बाद्यहरू बजाओ (भजन संग्रह ३३:१-३) ।

हाम्रो संगीतमा, मानिसहरूको आवश्यकताहरू लाई पनि समावेश गर्नुपर्दछ, जोहरू पहिलो पटक हाम्रो संगतीमा उपस्थित भएको हुन सक्छन् । हाम्रो संगीत तिनीहरूको लागि अर्थपूर्ण हुन सकोस् तिनीहरूले आफैलाई भरपूर आनन्दको

महसूस गरुन् । यदि हामीले आफैलाई मन परेको गीतहरू मात्र गाउछौ भने यस्तो लाग्न सक्छ कि हामी अरु मानिसहरूलाई भन्दा आफ्नै सजिलो को लागि आफैलाई बढी वास्ता गर्छौं ।

अनि हामी तब सम्म पर्खन सक्दैनौ, जब हामी केही आधुनिक शैलीका गीतहरू सिक्न शुरु गर्न भन्दा अघि नयाँ मानिसहरू उपस्थित हुन शुरु गर्दैनन् । हामीले ती गीतहरूलाई अहिले नै सिक्न आवश्यक छ। ताकि हामी ती गीतहरूलाई अर्थपूर्ण रूपमा गाउन सक्छौ । तर संगीत हाम्रो आराधाना सेवाको एक भाग मात्र हो । भावनाको प्रकटीकरण गराईमा भन्दा आराधनामा धेरै कुराहरू सम्मिलित हुदछन् । परमेश्वरसँगको हाम्रो सम्बन्धले हाम्रो मन र हाम्रो सोचाईहरूलाई पनि समेट्दछ । परमेश्वरसँग हाम्रो केही प्रतिक्रियाहरू प्रार्थनाका रूपमा आउँदछन् । हामी परमेश्वरमा भेला गरिएका मानिस हुनाले हामी परमेश्वरसँग कुरा गर्दछौ हामी कविता र गीतमा मात्र उहाँलाई स्तुती प्रशंसा चढाउँदैनौ तर विशेष शब्द र सामान्य भाषामा पनि स्तुति प्रशंसा चढाउँछौ । र धर्मशास्त्रीय उदाहरण चाहिँ यो हो कि हामी एक साथ प्रार्थना गर्दछौ साथ साथै व्यक्तिगत रूपमा पनि प्रार्थना गर्दछौं ।

परमेश्वर प्रेम मात्र हुनुहुन्न, तर सत्यता पनि हुनुहुन्छ । त्यहाँ भावनात्मक भाग र वास्तविक भाग छन् । त्यसकारण हाम्रो आराधना सेवाकाईहरूमा सत्यताको खाँचो पर्दछ र परमेश्वरको वचनमा हामी सत्यता पाउँदछौ । बाईबल नै हाम्रो अख्तियार हो र हामीले गर्ने सबै कुराको आधार हो । वचनको सेवकाईहरू त्यो अख्तियारमा आधारित हुनुपर्दछ । साथै हाम्रो भजनगीतहरू सत्यतापूर्ण हुनुपर्दछ ।

तर सत्यता त्यो अनिश्चित ज्ञान होइन जो हामी भावनामा नडुबी छलफल गर्न सक्दछौं । परमेश्वरको सत्यताले हाम्रो जीवन र हृदयलाई प्रभावित पार्दछ । यसले हामीबाट एक जवाफ माग गर्दछ । यसले हाम्रो सम्पूर्ण हृदय, दिमाग, प्राण र बल माग्दछ । त्यसैकारण प्रवचन हाम्रो जीवनसँग मिल्ने हुन आवश्यक छ । प्रवचनले प्रत्येक दिन हामी कसरी जिउँदछौं, कसरी सोच्दछौं भन्ने अभिप्रायहरूको सन्देश दिनु पर्दछ ।

प्रवचनहरू सत्य र पवित्रशास्त्रमा ठिकसँग आधारित भएको हुन आवश्यक छ । प्रवचनहरू व्यवाहारीक र वास्तविक जीवनसँग मेल खाने खालको हुन जरुरी छ । प्रवचन हृदय देखी नै जिम्मेवारी वहन गर्न लगाउने भावात्मक खालको हुन जरुरी

छ । हाम्रो आराधानाले परमेश्वरको वचन सुनाई र पापबाट पश्चताप गरी उहाँले दिनु भएको उद्धारको आनन्दद्वाराको प्रतिक्रियालाई समेट्दछ ।

प्रवचनहरू हामी घरमै सुन्न सक्दछौ या त टेप वा रेडियो प्रसारणबाट । त्यहाँ धेरै असल प्रवचनहरू उपलब्ध छन् । तर यो मण्डलीको पूर्ण अनुभव होइन । आराधानाको एक स्वरूपमा, यो सिर्फ आंशिक संलग्नता हो । यसमा आराधना प्रतिको सामुदायिक पक्ष लुप्त भइरहेको छ, जसमा हामी एक साथ स्तुती प्रशंसाका गीतहरू गाउँदछौ, जसमा हामी एक साथ परमेश्वरको वचनप्रति प्रतिक्रिया जनाउँदछौं, जसमा हामी सत्यतालाई हाम्रो जीवनहरूमा अभ्यास गर्नको निम्ति एक अर्कालाई आग्रह गर्दछौ ।

अवश्य, केही सदस्यहरू अस्वस्थ्यको कारण सेवाकाईहरूमा उपस्थित हुन सक्दैनन् । यसबारेमा राम्ररी थाहा पाएर पनि तिनीहरू छुटिरहेका छन् । हामी तिनीहरूको निम्ति प्रार्थना गर्छौं र हामीलाई यो पनि थाहा छ कि तिनीहरूको निम्ति पारस्परिक सेवकाई सम्भव तुल्याउन तिनीहरूलाई भेटनु हाम्रो कतर्व्य हो (याकूव १:२७) ।

यद्यपि असामर्थ्य (अपाङ्ग) खीष्टियनहरूलाई शारीरिक रूपमा सेवा गर्न आवश्यक पर्दछश, तर तिनीहरू सधै भावनात्मक र आत्मिक रूपमा अरुलाई सेवा गर्न सक्षम हुँदछन् । तापनि घरैमा बस्ने खीष्टियन समुदाय चाहिँ जरुरतमा बसालिएको कुरा जस्तो हो र येशूले उहाँका सक्षम शरीर भएको चेलाहरू यस्तो गरेका उहाँ चाहानु हुन्न् ।

## २. *आत्मिक अनुशासनहरू*

आराधना सेवकाईहरू हाम्रो आराधनाका भाग मात्र हुन । परमेश्वरको वचन हाम्रो हृदयहरू र दिमागहरूमा पस्नु पर्दछ कि हामी हप्ता भरी जे गर्दछौ त्यस कुरालाई प्रभाव पार्न सकोस् । आराधनाले आफ्नो रूपरेखा नै परिवर्तन गर्न सक्दछ तर यो कहिले पनि बन्द गरिनु हुँदैन । व्यक्तिगत प्रार्थना र बाईबल अध्ययन परमेश्वर प्रतिको हाम्रो जिम्मेवारीको भाग भित्र पर्दछ । अनुभवले यी कुराहरू हाम्रो आत्मिक बृद्धिको निम्ति जरुरी छन् भन्ने कुरा देखाउँदछ । जो मानिसहरू आत्मिक रूप अझ धेरै परिपक्व हुँदैछन् तिनीहरू परमेश्वरसित उहाँको वचनबाट शिक्षा लिन भोकाइरहेका हुन्छन् । तिनीहरू उहाँलाई आफ्नो निवेदनहरू चढाउन आफ्नो

जीवन उहाँसित बाँड्न, उहाँसित हिँड्न, आफ्नो जीवनमा उहाँको उपस्थितिप्रति सचेत हुन उत्सुक हुन्छन् ।

परमेश्वरप्रति हाम्रो समर्पणले हाम्रो हृदय, मन, प्राण र सामर्थ्यलाई समेट्दछ । प्रार्थना र अध्ययन हाम्रो चाहाना हुनुपर्छ तर यदि ती अझसम्म हाम्रो इच्छा भएका छैनन् भने हामीले ती कुरा जसरी पनि गर्नै पर्छ ।

यसले मलाई जोन वेस्लीलाई एक पटक दिईएको सल्लाहको बारेमा सम्झना गराउँदछ । उनले भने कि त्यस समय उनको जीवनमा, उनीसँग ख्रीष्टियन समुदायको बारेमा बौद्धिक स्तरको ज्ञान थियो तर उनलाई उनको हृदयमा विश्वास छ भनेर महसूस गरेनन् । त्यसकारण उनलाई यो सल्लाह दिइयोः तबसम्म प्रचार गर, जबसम्म तिमीसँग विश्वास हुँदैन - अनि यो एकपटक तिमीसँग भइसके पछि निश्चय पनि तिमीले त्यसको प्रचार गर्ने छौ ! विश्वासको प्रचार गर्नु उसको कर्तव्य हो भन्ने कुरा उनलाई थाहा थियो, तसर्थ उनले आफ्नो कर्तव्य पुरा गर्नै पर्दथ्यो । अनि जे कुराको उसलाई कमी थियो, ठिक समयमा परमेश्वरले उनलाई त्यो कुरा दिनु भयो । उहाँले उनलाई हुदय देखीको विश्वास दिनु भयो । कर्तव्यको नाममा उनले जे औपचारिक कामहरू, गर्दथे, अब उनले ति कामहरू आफ्नो भित्री इच्छा देखि गर्न थाले । परमेश्वरले उनलाई जरुरी भएको इच्छा शक्ति दिनु भयो । परमेश्वरले हाम्रो निम्ति पनि त्यस्तै गर्नु हुनेछ ।

प्रार्थना र अध्ययनहरूलाई कहिले कही आत्मिक अनुशासनहरू पनि भनिन्छ । "अनुशासन" भन्नाले सजाय भन्ने जस्तै बुझ्न सकिन्छ, वा शायद मन नपर्ने कुरा गर्नका निम्ति आफूले आफैलाई जबरजस्ती गर्नुपर्दछ । तर अनुशासन शब्दको सही अर्थ हामीलाई "अनुशासित बनाउने", हामीलाई शिक्षा दिने वा अध्ययन गर्नका लागि सहायता गर्ने भन्ने हुदछ । युगभरीका आत्मिक अगुवाहरूले यो कुरा थाहा गरेका छन् कि निश्चित क्रियाकलापहरूले हामीलाई परमेश्वरको बारेमा सिक्न मद्दत गर्दछ ।

परमेश्वरसँगै हिँड्नको निम्ति हामीलाई सहायता गर्ने धेरै अभ्यासहरू छन् । मण्डलीका धेरै सदस्यहरू प्रार्थनामा, वचन अध्ययन र मनन् र उपवाससित सुपरिचित छन् । हामीले सिक्न सक्ने अरु पनि अनुशासनहरू छन् जस्तै सरलता, उद्धारता, प्रसिद्धि अथवा विधुवाहरलाई भेटनु । मण्डलीमा उपस्थिती हुनु पनि आत्मिक अनुशासन हो, परमेश्वरसँगको व्यक्तिगत सम्बन्धको निम्ति फाइदा दिने ।

हामी मण्डलीको सानो समूहमा उपस्थित भएर त्यहाँ अरु खीष्टियनहरूले यी आराधनाका रूपहरू कसरी अभ्यास गर्दछन् भन्ने कुराहरू देखेर अथवा हेरर पनि प्रार्थना, बाईबल अध्ययन र अरु आत्मिक बानीहरूको बारेमा अझ धेरै सिक्न सक्दछौं ।

साँचो विश्वासले सही आज्ञापालनमा डोऱ्याउँदछ - यद्यपि यो आज्ञापालन सुविधाजनक हुँदैन, अल्छी लाग्दो हुन्छ र हामीलाई हाम्रो व्यवहारमा परिवर्तन ल्याउन भन्दछ । हामी परमेश्वरलाई आत्मा र सत्यतामा पुज्दछौं, मण्डलीको भेलाहरूमा, घरमा, हाम्रो काममा, अनि जहा कही हामी जान्छौ । मण्डली परमेश्वरका मानिसहरू संरचना हो र परमेश्वरका मानिसहरूले उहाँलाई व्यक्तिगत रूपका साथ साथै सार्वजनिक रूपमा पनि आराधना गर्दछन् । यि दुवै मण्डलीका आवश्यक कार्यशैलीहरू हुन् ।

## ३. चेलापन

नयाँ करार भरी नै हामी देख्दछौं, आत्मिक अगुवाहरूले अरुहरूलाई शिक्षा दिएको । यो खीष्टियन जीवनशैली र महान आज्ञाको भाग हो । "जाओ, सबै जातिहरूलाई चेला बनाओ ........ मैले तिमीहरूलाई आज्ञा गरेका सबै कुरा पालन गर्न तिनीहरूलाई सिकाओ (मत्ती २८:१९-२०) । हरेक जना कित विद्यार्थी कि शिक्षक हुनै पर्दछ र प्राय हामी एकै समयमा दुइवटै हुँदछौं ।

"पुरा बुद्धिमानी साथ एउटाले अर्कालाई सिकाओ र अर्ति देओ, (कलस्सी ३:१६) । हामी एक अर्काबाट अरु खीष्टियनहरूबाट सिक्नै पर्छ । मण्डली एक शैक्षिक संस्था हो ।

पावलले तिमोथिलाई भने, "धेरै जना साक्षीहरूका उपस्थितीमा तिमीले मबाट जे कुरा सुनेका छौ, ती अरुहरूलाई पनि सिकाउन सक्ने विश्वासयोग्य मानिसहरूलाई सुम्पिदेऊ" (२ तिमोथी २:२) । प्रत्येक खीष्टियन विश्वासको जगको बारेमा सिकाउन सक्षम हुनुपर्दछ र खीष्ट येशूमा भएको हाम्रो आशाको बारेमा बताउन सक्ने हुनुपर्दछ ।

अघि नै सिकी सकेकाहरूको बारेमा के गर्ने त ? नयाँ पिडीहरूलाई यो सत्यता सिकाउनका निम्ति तिनीहरू शिक्षक बन्नु पर्दछ । निसन्देह, सिकाउने काम पाष्टरहरूबाटै धेरै गरिन्छ । तर पावल आज्ञा गर्दछन्, प्रत्येक खीष्टियनले सिकाउनु

पर्दछ । यो कार्य गरिनका निम्ति सानो समूहले एउटा तरीका अपनाउँदछन् । परिपक्व खीष्टियनले वचन र उदाहरणका साथ सिकाउन सक्दछन् । कसरी ख्रीष्टले तिनीहरूलाई सहायता गर्नु भयो भन्ने कुरा उनीहरूले अरुहरूलाई बताउन सक्दछन् । जब उनीहरू को विश्वास कमजोर हुँदछ, उनीहरूले अरुहरूमा हौसला खोज्न सक्दछन् । जब उनीहरूको विश्वास दरिलो हुँदछ, कमजोर विश्वास भएकाहरूलाई सहायता गर्न सक्दछन् ।

मानिसलाई एक्लो हुन असल हुँदैन, न त खीष्टियनलाई एक्लो हुन असल हुन्छ । "एकभन्दा दुई असल हो, किन भने तिनीहरूले आफ्नो कामको असल फल पाउनेछन् । यदि एउटा लोट्यो भने त्यसको मित्रले त्यसलाई उठाउन सहायता गर्छ । तर लोट्दा पनि उठाउने कोही साथी नहुने बिचरा ! ......... एक जनालाई कसैले जित्ला, तर दुई जनाले त आफ्ना सुरक्षा गर्न सक्छन् । तीन सुतले बाटेको डोरी चाँडै चुडिँदैन" (उपदेशक ४:९१२) । एकसाथ काम गराइले एक अर्काको बृद्धि गर्न हामी एक अर्कालाई सहायता गर्दछौं । चेलापन, एक सदस्यले अर्को सदस्यलाई सहायता गर्ने पारस्परिक सहायताको प्रक्रिया हो । तर केही चेलापनमा धेरै निर्देशनहरू दिइए र अझ धेरै उद्देश्यपूर्ण हुँदछ । त्यो विशेष कारणको निम्ति परमेश्वरले उहाँको मण्डलीमा केही मानिसहरूलाई उहाँले नियुक्त गर्नु भएको छ : "अनि उहाँका वरदानहरू चाहिँ यी नै थिए, कि कोही प्रेरितहरू, कोही अगमवक्ताहरू, कोही प्रचारकहरू, कोही मण्डलीका पाष्टरहरू र कोही शिक्षकहरू बनून्, कि खीष्टको शरीर निर्माण होस् र सेवाको काम गर्न सन्तहरू सुसज्जित होउन्, जबसम्म हामी सबैले विश्वासको र परमेश्वरका पुत्रको ज्ञानको एकता प्राप्त गर्दैनौ र परिपक्व मानिस बनी खीष्टको पूर्णताको नापसम्म पुग्दैनौ" (एफिसी ४:११-१३) ।

परमेश्वरले अरुहरूलाई तिनीहरूको भूमिका निर्वाह गर्न तयार पार्नको निम्ति अगुवाहरू जुटाउनु हुन्छ । बृद्धि, परिपक्वता र एकता यसका परिणाम हुन यदि हामीले प्रक्रियालाई परमेश्वरको उद्देश्य झैं कार्य गर्न दिन्छौ भने । केही खीष्टियनको आत्मिक बृद्धि र सिक्ने कार्य समकक्ष व्यक्तिहरूबाट आउँदछ भने केही सिकाउने र खीष्टियन जीवनको रूपरेखा कोर्ने विशेष बोलावट भएको मण्डलीका मानिसहरूबाट आउँदछ । जो मानिसहरू आफूले आफैलाई अलग राख्दछन् तिनीहरूले यी विश्वासका रूपहरू पाउनबाट वञ्चित भइरहेका छन् ।

मण्डलीको रूपमा हामी सधैं नै सिक्नको निम्ति इच्छुक रहेका छौ। हामीले सक्ने जतिका सबै विषयहरूको सत्यता थाहा गर्नको निम्ति हामीले चासो लिएका छौ। हामी बाईबल अध्ययन गर्नका निम्ति इच्छुक थियो, तर अहिले यस्तो लाग्दछ ती उत्साह केही मात्रामा हराएर गएका छन्। सम्भवत: यो सैद्धान्तिक परिवर्तनको अपरिर्हाय नतीजा हो। तर सिक्नको निम्ति एक पटक हामी सँग भएको प्रेम हामीले पुन प्राप्त गर्न आबश्यक छ।

हामीले धेरै कुरा सिक्नु र लागू गर्नु छ। स्थानीय मण्डलीहरूले बाईबल अध्ययनहरू, नयाँ विश्वासीहरूलाई शिक्षाहरू, प्रचार सम्बन्धि तालिमहरू आदि दिनु जरुरी छ। हामीले अदक्ष सेवकाईलाई अनुमति दिएर, तालिम दिएर, साधनहरू दिएर, सुरक्षा गरेर ती तरीकाहरूबाट निकालेर हौसला अथवा प्रोत्साहन गर्न आवश्यक छ !

## ४. संगति

ख्रीष्टियनहरू माझ हुने एक स्पष्ट पारस्परिक सम्बन्ध नै संगति हो। हामी सबैले संगति दिनु र लिनु जरुरी छ। हामी सबैले प्रेम दिनु र पाउनु जरुरी छ। हाम्रा हप्ताका भेलाहरूले संगति हाम्रो लागि ऐतिहासिक रूपमा र अहिले पनि महत्त्वपूर्ण छ भन्ने देखाउदछ। संगति भनेको एक अर्कासँग खेलकूदहरू, ग्रन्थहरू, र समाचारहरूको बारे बात मार्नु भन्दा पनि अझ धेरै भन्दा धेरै कुरा गर्नु हो। संगति भनेको एक अर्कासँग जीवनहरू, भावनाहरू बाँड्नु एक, अर्काको बोझहरू उठाउनु, एक अर्कालाई प्रोत्साहन गराउनु र खाँचोमा परेकाहरूलाई सहायता गर्नु हो।

धेरै मानिसहरू आफ्ना खाँचोहरू अरु मानिसहरूबाट छोप्दछन्। यदि हामी पक्कै एक अर्कालाई सहायता गर्न चाहान्छौ वा गइरहेका छौ भने, हामी एक अर्कोको अति नै नजिक अथवा घनिष्ट हुनुपर्दछ ताकि ती छोपिएका कुराहरू देख्न सकौं। यसको मतलब हामीले छोपेका कुराहरू पनि केही मात्रमा उधारियोस र अरुहरूले पनि हाम्रो खाँचोहरू देखुन्। सानो समूहहरू यी कार्यहरू गर्नका निमित्त अति असल ठाउँ हुन्। हामीले मानिसहरूलाई राम्ररी चिन्नु पर्दछ र थोरै मात्रामा मात्र तिनीहरूबाट सुरक्षित महशूस गर्नु पर्दछ। प्राय, जुन क्षेत्रमा हामी कमजोर हुन्छौ, तिनीहरू त्यही क्षेत्रमा दरिलो हुँदछ। हामी जुन क्षेत्रमा दरिलो हुन्छौ, त्यो क्षेत्रमा तिनीहरू कामजोर हुन्छन्। त्यसकारण एक अर्कालाई सहायता गरेर हामी दुवै दरिलो हुन सक्दछौ। सन्त पावल,

विश्वासमा एकदम ठूला थिए, तैपनि अरु खीष्टियनहरूद्वारा उनले उनको विश्वासमा सामर्थ्य पाउन सकेको महसुस गरे (रोमी १:१२)।

प्राचिन समयहरूमा, मानिसहरू प्राय यताउता डुल्दैन थिए। समाजले नै यी कुराहरूलाई विकसित गर्दै लाँदछ जब मानिसहरूले एक अर्कालाई चिन्दछन्। तर आजको औद्योगिक समाजहरूमा मानिसहरू प्राय: आफ्नै छिमेकीहरूलाई पनि चिन्दैनन्। मानिसहरू प्राय आफ्ना परिवारहरू र साथीभाईहरूबाट अलग हुन्छन्। मानिसहरू सधैं आफूलाई ढाक्दछन्, कहिले पनि आफूलाई सुरक्षित महशूस गर्दैनन् कि भित्री रूपमा उनीहरू को हुन भन्ने कुरा अरु मानिसहरूले थाहा गरुन् भनेर।

प्राचिन मण्डलीहरूले सानो समूहहरूलाई जोर दिइरहनु आवश्यक परेन, उनीहरूले तिनीहरूलाई स्वभाविक रूपमा सृजना गरे। तर आज तिनीहरूलाई जोर दिनु पर्ने कारण चाहिँ समाज धेरै मात्रामा परिवर्तन भएको छ भन्ने कारण हामी पाउँदछौं। साँच्चि कै व्यक्तिगत सम्बन्ध सृजना गर्न खीष्टियन मण्डलीहरूले अपनाउनै पर्ने कुराहरू शुरु गर्न, खीष्टियन मित्रता/ अध्ययन/ र प्रार्थनाका क्रमहरूलाई हामीले स्थापित गर्न थाल्नु पर्दछ।

हाम्रो खीष्टियन जिम्मेवारीहरू पुरा गर्नका निम्ति अश्वय समय लाग्दछ। अरुहरू लाई सेवा गर्नका समय लाग्दछ। कुन किसिमको सेवा तिनीहरूलाई आवश्यक छ भन्ने कुरा थाहा पाउन पनि समय लाग्दछ। तर यदि हामीले येशूलाई हाम्रो प्रभु भनी स्वीकारेका छौं भने हाम्रो समय चाहिँ हाम्रो आफ्नो होइन। येशू खीष्टले हाम्रो जीवनमा मागहरू राख्नु भएको छ। उहाँले हामीबाट बाहाना होइन, पूर्ण समर्पणता माग गर्नुहुन्छ।

## ५. सेवकाई

यहाँ जब म "सेवकाई" लाई अलग श्रेणीमा राख्दछु, म शारीरिक सेवकाईलाई जोर दिइरहेको छु, शिक्षा दिने सेवकाईको बारेमा होइन। शिक्षक पनि त्यो मानिस हो जसले चेलाहरूको घुडा पखाल्दछ र येशूले के गर्नु हुन्छ भन्ने कुरा आफैले गरेर देखाई शिक्षकले खीष्टियन समुदायको अर्थ खोल्दछ। येशूले शारीरिक आवश्यकता परेकाहरूलाई खाद्यान्य र शारीरिक चंगाई दिएर हेरचाहा गर्नुभयो। शारीरिक रूपमा, उहाँले आफ्नो जीवन हाम्रो निम्ति दिनुभयो। पहिलेका मण्डलीहरूले खाँचोमा परेकाहरूलाई आफ्नो सम्पत्तिहरू बाँडेर र भोकाएकाहरूका निम्ति भेटीहरू संकलन

गरेर, शारीरिक रूपमा सहायता गरे ।

सेवकाई मण्डली अर्न्तगत हुनु पर्दछ भनेर पावलले हामीलाई भन्दछन् । "यसकारण मौका पाए अनुसार हामी सबै मानिसको भलाई गर्दैजाऔं, विशेष गरी तिनीहरूको, जो हाम्रो विश्वासका परिवार हुन्" (गलाती ६:१०) ।

जो विश्वासीहरू आफूलाई अरु विश्वासीहरू बाट अलग राख्दछन्, तिनीहरू, खीष्टियन समुदायको यो आशाबाट बन्चित भइरहेका हुन्छन् । यहा आत्मिक वरदानहरूको बारेमा विचार गर्नु महत्त्वपूर्ण छ । "सबैको हितको लागि" परमेश्वरले हामी प्रत्येकलाई एउटै शरीरमा स्थापित गर्नु भएको छ (१कोरिन्थी १२:७) । हामी प्रत्येकसँग अरुहरूलाई सहायता गर्नका निम्ति खुबीहरू छन् ।

तपाईसँग कुन चाहिँ आत्मिक वरदानहरू छन् ? तपाईंले यो कुरा थाहा गर्नको निम्ति जाच्न सक्नु हुन्छ तर धेरै जचाईहरू चाहिँ तपाईहरू कै अनभवमा आधारित हुदछ । विगतमा तपाईले गर्नु भएको कुराले के असल परिणाम ल्यायो ? अरु मानिसहरूले तपाईलाई के का लागि असल ठान्दछन् ? अरु मानिसहरूलाई विगतमा तपाईले कसरी सहायता गर्नु भयो ? खीष्टियन समुदाय भित्र सेवकाई गरिदा आत्मिक वरदानहरूको उत्तम जाँच हुँदछ । मण्डलीमा विभिन्न भूमीका निर्वाह गर्न कोशिस गर्नु होस र अरुहरूलाई तपाईले सबैभन्दा उत्तम के गर्नु हुन्छ सोध्नुहोस् । स्वयंसेवक भनेर सोध्नु होस । प्रत्येक सदस्यहरूले मण्डलीमा कम्तीमा एउटा भूमिका निर्वाह गर्नुपर्दछ । पारस्परिक सेवकाई गर्नका निम्ति साना समूह उत्कृष्ट हुन्छन् । तिनीहरूले कामका धेरै अवसरहरू प्रदान गर्दछन् र तपाईले के असल गर्नु हुन्छ र के गर्दा रमाउनु हुन्छ त्यो अवसरहरू प्रदान गर्दछन् ।

खीष्टियन समुदायले हाम्रा वरिपरि संसारका सबै लाई बचनको मात्र होइन्, तर बचन सँगसँगै जाने असल कामद्वारा पनि सेवकाई गर्दछन् । परमेश्वर बोल्नु मात्र भएन, तर कार्य पनि गर्नु भयो । परमेश्वरको प्रेमले हाम्रो हृदयमा काम गरिरहेको छ भन्ने हाम्रो कामहरूले प्रर्दशन गर्न सक्छ । जब हामी गरिबहरूलाई सहायता गर्दछौं, निराशमा परेकाहरूलाई हौसला दिदछौ, पिडितहरूलाई उनीहरूको जीवनको बारे चेतना जगाउन सहायता गर्दछौ । व्यवहारिक सहायता आवश्यक हुने हरूले नै अक्सर गरेर सु-समाचारको सन्देशलाई स्विकार्दछन् ।

केही तरीकामा शारीरिक सेवकाईले सु-समाचारलाई सहयोग गरेको देख्न

सकिन्छ। यो प्रचारको एक सहयोगी पद्धतीको रूपमा देख्न सकिन्छ। तर केही सेवकाईहरू बिना शर्त, बदलामा केही पाउने स्वार्थ बिना गरिनु पर्दछ। परमेश्वरले हामीलाई केही स्रोतहरू दिनु भएको र आवश्यकतालाई हेर्नका निम्ति हाम्रो आँखाहरू खोलिदिनु भएको कारण हामी सेवा गर्दछौ। येशूले धेरै मानिसहरूलाई तत्काल उहाँको चेला हुनैपर्छ भन्ने बिना शर्त नै तिनीहरूलाई खुवाउनु र चंगाई गर्नुभयो। उहाँले यसकारण गर्नुभयो किनकी यो गरिन आवश्यक थियो र उहाँले यो आवश्यकता उहाँले पुरा गर्न सक्नुहुन्छ भन्ने देख्नु भयो।

## ७. सु-समाचार

स्पष्टरूपमा येशूले हामीलाई आज्ञा गर्नु हुन्छ "संसार भरी जाओ र सु-समाचार सुनाओ। साँच्चै नै यो क्षेत्रमा हामीलाई धेरै सुधारको आवश्यक छ। हाम्रो विश्वासलाई हामी आफैमा कायम राख्नलाई हामी धेरै होशियारी हुनुपर्दछ। अवश्य, जब सम्म पिताले मानिसहरूलाई बोलाउनु हुन्न तबसम्म तिनीहरू परिवर्तन हुन सक्दैन तर यसको अर्थ यो होइन कि हामीले सु-समाचार प्रचार गर्ने पर्दैन !

सुसमाचार सन्देशको प्रभावकारी रेखदेख गर्ने व्यक्ति बन्नका लागि हामीले मण्डली भित्र सांस्कृतिक परिवर्तन गर्न आवश्यक छ। अरु मानिसहरूलाई यो गर्न दिन हामी सन्तुष्ट हुन सक्तैनौ । रेडियो अथवा पत्रपत्रिकामा यो कार्य गर्न हामी अरु मानिसहरूलाई भाँडामा लिन सन्तुष्ट हुन सक्तैनौ। सु-समाचारका ती तरीकाहरू गलत छैनन् तर पर्याप्त पनि छैनन्।

सु-समाचारको लागि व्यक्ति आवश्यक छ। जब परमेश्वरले सन्देश मानिसकहाँ पुऱ्याउन चाहानु हुन्छ, उहाँले मानिसहरूलाई यो गर्नको निम्ति प्रयोग गर्नुहुन्छ। उहाँले आफ्नै पुत्रलाई प्रचार गर्न पठाउनु भयो जो देहमा आउनु भएको परमेश्वर हुनुहुन्थ्यो। जसकोमा आत्मा वास गरिरहनु भएको छ आज ती मानिसहरूलाई परमेश्वरले सन्देश प्रचार गर्न र हरेक संस्कृतिलाई सुहाउँदो स्वरूप तुल्याउन पठाउनु हुन्छ।

हामी, विश्वास बाँड्नको निम्ति सक्रिय, इच्छुक र उत्सुक हुन आवश्यक छ। सु-समाचार प्रचार गर्नका निम्ति हामीसँग जोस हुन आवश्यक छ, जोसले केही मात्रामा हाम्रो छिमेकीहरूलाई खीष्टियनको बारेमा थाहा गर्न मद्दत पुग्दछ। (के हाम्रो छिमेकीहरूलाई हामी खीष्टियनहरू हौ भन्ने थाहा छ ? के हामी खीष्टियन

हुनलाई खुशी देखिन्छौ ?) यस कुरामा हामी वृद्धि भईरहेको, सुधिरहेका छौं तर पनि हामी अझ बढी बृद्धि हुन आवश्यक छ ।

हाम्रो वरिपरि भएकाहरूका निमित्त हामी कसरी ख्रीष्टियन गवाही बन्न सकौं भन्ने बारेमा सोच्न म हामी सबैलाई प्रोत्साहन गर्दछु । म हरेक सदस्यहरूलाई सु-समाचार प्रचार सम्बन्धि अध्ययन गर्न र तिनीहरूले अध्ययन गरेका कुराहरूलाई प्रयोग गर्न प्रोत्साहन गर्दछु । हामी एक साथ सिक्न सक्छौ र असल कामहरू को लागि एक अर्कालाई प्रेरणा दिन सक्छौ । सानो समूहहरूले सु-समाचार प्रचारका केही तालिमहरू दिन सक्दछन् अनि प्राय सानो समूहहरू तिनीहरू आफै सु-समाचार प्रचारका प्रतिनिधि हुँदछन् ।

केही मामिलाहरूमा, सदस्यहरूले उनीहरूको पाष्टरहरू भन्दा पनि छिटो सिक्न सक्दछन् । त्यो ठिक छ । पाष्टरहरूले पनि सदस्यहरूबाट सिक्न सक्दछन् । परमेश्वरले तिनीहरूलाई बिभिन्न आत्मिक वरदानहरू दिनु भएको छ । हाम्रो केही सदस्यहरूलाई उहाँले सुसमाचार प्रचारको वरदान दिनु भएछ र त्यसलाई ब्यूझाईनु र निर्देशित हुन आवश्यक हुन्छ । यदि पाष्टरले सेवकाईलाई त्यो रूप दिनु त्यो मानिसलाई सम्हाल्न सक्तैन भने, पाष्टरले अरु मानिसहरूको लागि सिक्नु, साधन र उदाहरण प्रदान गर्नका लागि मात्रा भए पनि प्रोत्साहन गर्नु पर्दछ ताकि सम्पूर्ण मण्डलीको वृद्धि हुन सक्दछ । मण्डलीका यी ६ प्रकारका कामहरू को रूपरेखामा मलाई लाग्दछ कि विशेष गरेर यस क्षेत्रमा सु-समाचार प्रचारलाई महत्त्वपूर्ण रूपले प्रस्तुत गर्नुपर्दछ ।

## निष्कर्ष

मैले मण्डलीहरूको उद्देश्यहरूको बारेमा विस्तृत रूपमा बताएको छु र मैले ती क्षेत्रहरूलाई स्पष्ट रूपमा प्रस्तुत गरेको छु जसमा हामी बृद्धि हुन आवश्यक छ । म आशा गर्दछु कि मानिसहरूले हामी के गरिरहेका छौ भन्ने कुरा स्पष्ट रूपमा देख्नका लागि यी सहायक सिद्ध हुनेछ । यो शिक्षा अध्ययन गर्ने धेरै मानिसहरू विश्वास योग्य र सहयोगी हुन्छन् । तैपनि मानिसहरू जो कहिल्यै पनि उपस्थित हुँदैनन् मलाई ती मानिसहरूको निम्ति केही शब्द थप्न चाहन्छु । म तपाईंको हृदय जान्न सक्तिन। म तपाईंहरूको सम्पूर्ण पिडाहरू र प्रश्नहरू थाहा पाउन सक्तिन। तर म थाहा गर्दछु कि तपाईंहरूले आफ्नो ख्रीष्टियन जीवनको महत्त्वपूर्ण समय

गुमाउँदै हुनुहुन्छ। बाईबल भरी नै ख्रीष्टियनहरू नियमित एकसाथ भेटेको हामी पाउँदछौं । यदि तपाईंहरूले यसो गरिरहनु भएको छैन भने, कृपया आफूलाई उपस्थित गराई राख्नुहोस्। परमेश्वरले तपाईको जीवनमा धेरै कुराहरू गर्न चाहानु हुन्छ ।

★★★

# इकाई ८ ग

# मण्डलीमा सहकार्य

अरु सदस्यहरूले गरेको भन्दा पूर्ण समय दिने पाष्टरहरूले प्रभुको सेवा धेरै गर्दछन् भन्ने अनुमान कहिलेकाहीं खीष्टियनहरू गर्दछन्। यद्यपि केही मामिलाहरूमा यो सत्य पनि हुन सक्दछन्, तर सबै मामिलाहरूमा सत्य हुन सक्तैन। पावलले हामीलाई भन्दछन् "तिमीहरू जेसुकै गर, सबै परमेश्वरका माहिमाको निम्ति गर" (१ कोरिन्थीन् १०:३१)। खीष्टियनहरू बैंक मै काम गरेता पनि परमेश्वरको महिमाको निम्ति गर्दछन्। विद्यालयमा पढाउने खीष्टियन शिक्षकले पनि परमेश्वरको महिमाको निम्ति गर्दछ। घरमै बालबच्चाहरूको हेरचाहा गर्ने खीष्टियनले बच्चाहरूको डाइपर्स फेरिदिएर भूईहरू पुछेर परमेश्वरको महिमा गर्दछ। तिनीहरू सबैले पूर्ण समय प्रभुको सेवा गरिरहेको छन्, सम्भवत हप्तामा १०० घण्टा !

प्रत्येक सदस्यहरू येशू खीष्टको महिमा र आदरको निम्ति जिउँदछन् (२ कोरिन्थी ५:१५)। हरेक परिस्थीतीहरू र खुबीहरू अनुरूप प्रत्येक सदस्यहरूले उहाँको सेवा गर्दछन्। प्रत्येक सदस्यहरू, येशू खीष्ट संसारमा काम गरिरहनु भएको छ भन्ने कुराको गवाहीहरू हुन् - र यसले संसारिक पेशाहरू पनि धार्मिक कार्यहरूले गर्ने काम जस्तै हो भन्ने देखाउछ। येशू स्वयम आफैले पनि धेरै वर्षसम्म सिकर्मिको काम गरेर परमेश्वरको सेवा गर्नु भयो। आज पनि खीष्टियन सिकर्मिहरूले उनीहरूको काम गराईद्वारा परमेश्वरको सेवा गर्दछन्।

## *सदस्यहरूसँग विशेष काम छन्*

हामीलाई थाहा भए अनुसार मण्डली चाहिँ भवन होइन र यो कुनै समाजिक क्लब अथवा व्यक्तिगत फाइदाका समाजिक संस्था पनि होइन। मण्डली भनेको परमेश्वरका मानिसहरू हुन्। त्यसको अर्थ सेवकाई गर्ने मानिसहरू र साधारण मानिसहरू दुबै परमेश्वरका मण्डली हुन्। अब यो कुरालाई पनि समावेश गरौ कि संसार प्रति मण्डलीको एक विशेष काम छ। परमेश्वरको मानिसहरूसँग पनि संसार प्रति एक विशेष काम छ। सेवकाई गर्ने मानिसहरू र सदस्यहरू दुवैसँग संसार प्रति एक विशेष काम छ।

मण्डलीको विशेष काममा साधारण सदस्यहरूको महत्त्वपूर्ण भूमिका

हुँदछ किनकी नियुक्त गरिएको सेवकहरू भन्दा साधारण सदस्यहरू मण्डलीमा धेरै भन्दा धेरै हुन्छन्। साधारण सदस्यहरूको महत्त्वको अर्को कारण यो हो कि साधारण सदस्यहरू प्राय बढि "संसारमा" हुन्छन्। तिनीहरूको कामहरूको स्वभावको कारण सेवकहरू पहिले नै ख्रीष्टियन भएका मानिसहरूसितको अन्तर क्रियामा रहन्छन्। दैनिक रूपमा अविश्वासीहरूसँग काममा, छिमेकहरूमा, रुचीहरू र खेलकूदहरूमा घुलमिल गराउने काम साधारण सदस्यहरूले नै गरिरहेको हुन्छन्। यस संसारको समस्याहरूको बावजूद पनि आशा र आनन्दले भरिपूर्ण एउटा जीवन, ख्रीष्टको जस्तै जीवनको उदाहरण तिनीहरू पेश गर्दछन्। अविश्वासीहरू लाई त्यस प्रकारको उदाहरण आवश्यक छ।

हरेक हप्ता केही घण्टाहरू आराधना र संगति गर्नका निम्ति मण्डली एक साथ हुदछन्। हप्ताका बाँकी विशेष समयहरूमा मण्डली के गर्दछन् त ? हाम्रो धेरै समय संसारसँग, हाम्रो कामहरूमा हाम्रो छिमेकीहरूसँग साथै हाम्रो परिवारहरू सँग बित्दछ। धेरै पटक यस संसारमा उदाहरण पेश गर्दा मण्डली तितरवितर भएका छन्। विशेष काममा हाम्रो सहभागि हुनु हाम्रो ख्रीष्टियन बोलावटको भाग हो, हामी जे गर्दछौं त्यसमा परमेश्वरको महिमा गर्न र उहाँको आराधना गर्नु पनि हाम्रो ख्रीष्टियन बोलावट हो।

हाम्रो हप्ताका आराधना संगतिहरूले हामीलाई उद्धारको आनन्दले भरेकै हुनुपर्दछ र हप्ता भरी ख्रीष्ट येशूमा जिउनका लागि हामीलाई पूर्ण सामर्थ्य र निर्देशन दिनु पर्दछ। तिनीहरूले जीवन के को लागि हो भन्ने बारेमा हामीलाई सम्झना गराउँदछ, तिनीहरूले हामीलाई परमेश्वरको उपस्थितीमा एक साथ आउन र अघिको हप्तामा उहाँले हाम्रो जीवनमा गर्नु भएका कुराहरूको निम्ति उहाँलाई धन्यवाद दिने अवसरहरू प्रदान गर्दछन्। तिनीहरूले हामीलाई सामूहिक गाना र प्रार्थनामा परमेश्वरको प्रशंसा गर्न स्वर्गीयदुतहरूको गायन मण्डलीहरूसँगै सहभागी हुने अवसर प्रदान गर्दछन्। आउने हप्तामा हामीले परमेश्वरको सेवा कसरी गर्ने भन्ने बारेमा उहाँको बचनहरूबाट अगुवाई खोज्नका निम्ति तिनीहरूले हामीलाई सहायता गर्दछन्।

त्यसैगरी, परमेश्वरले हाम्रो जीवनमा गरिरहनु भएको कामहरू एक अर्का सँग बाड्न, परमेश्वरको वचनमा प्रतिविम्वित हुन हाम्रो सानो समूहको भेलाहरूले हामी लाई अवसर प्रदान गर्दछ ताकि हामी एक अर्कालाई प्रोत्साहन गर्न सक्दछौं

र हाम्रो सेवाहरू सबैभन्दा बढी प्रभावकारी हुन सकोस् भनी एक अर्काको निम्ति प्रार्थना गर्न सक्दछौ ।

सबै सदस्यहरू येशू खीष्टका सेवकहरू हुन । हामी सबैले उहाँको सेवा गर्दछौं । केहीले विशेषगरी प्रार्थना गरेर केहीले गरिबहरूलाई सहायता गरेर, केहीले आफ्नो परिवार र छिमेकीहरूप्रति जिम्मेवारी लिएर - प्रत्येक हाम्रो परिस्थिति र हाम्रो खुवी अनुसार उहाँको सेवा गर्दछौं । आफ्ना बगालको हेरचार गरेर पाष्टरहरूले प्रभुको सेवा गर्दछन् । सदस्यहरूले बगाललाई आत्मिक स्वस्थ्यता र एकतामा ल्याएर प्रभुको सेवा गर्दछन् र हामी सबै चाहिँ हप्ता भरी हाम्रो सामान्य क्रियाकलापहरूमा प्रभुको सेवा गर्दछौ ।

जब येशूले क्रूस उठाऊ र मेरो पछि लाग भन्नु भयो, त्यस बेला उहाँले पाष्टरहरूलाई मात्र भन्दै हुनुहुन्थ्यो ! हामीले कसैलाई हाम्रो निम्ति हाम्रो खीष्टियन सेवा गर्न भाडामा लिन सक्तैनौं । पाष्टरहरू सेवकाईको निम्ति सदस्यहरूलाई अगुवाई गर्न, सिकाउन र सहायता गर्नका लागि हुन् । तर हामी प्रत्येकले हाम्रो आफ्नो कर्तव्य पुरा गर्नुपर्दछ, जसरी हामी पवित्र आत्माद्वारा बोलाइएका र वरदानहरू दिइएको छौं । सबै खीष्टियनहरूले आफैलाई इन्कार गर्दै अनि अरुहरूको सेवा गर्दै खीष्टलाई पछ्याउँदछन् । प्रभुले अरुहरूको सेवा गर्नुभयो र सेवा चाहिँ कसैको प्रतिष्ठाको मुनी हुँदैन, जोहरूले येशू खीष्टको मृत्युद्वारा आफ्नो पापको मोल तिरीसकिएको छ भन्ने कुरा स्विकार्दछ । उहाँले हाम्रो सेवा गर्नु भयो र अरुहरूको सेवागर्न र सबैको भलाई गर्न हामीलाई बोलाउनु हुन्छ ।

प्रश्न यो होइन कि हामीले हप्ताभरी खीष्टको सेवा गर्‍यौं कि गरेनौं तर प्रश्न यो हो कि कसरी हामी उहाँको सेवा गर्दछौ । हामीले चाहे पनि नचाहे पनि हामी अफिसमा, बाटोमा र हाम्रो घरमा येशू खीष्टको प्रतिनिधित्व गर्दछौं । मैले मेरो छिमेकीहरूलाई सहयोग गर्न सक्ने अरु कुनै बाटोहरू छन् ? नयाँ करारले हामी हप्ताभरी के गर्दछौ भन्ने कुरामा जोर दिँदछ यही नै सिद्धान्तले सत्यता व्याख्या गर्दछ कि हामी येशू खीष्ट जस्तै हुनलाई परिवर्तन भइरहेका छौ । उहाँ हामी भित्र वास गर्नुहुन्छ, पावल भन्दछन्, हाम्रो जीवनमा उहाँको प्रभाव उहाँमा भएको राम्रो विश्वास को अनुपातमा हुँदछ ।

हामी मध्ये धेरै जना प्रभुको इच्छा प्रति उत्तरदायी रहेका छौ तर हामी मध्ये धेरै जनाले आफूहरूलाई येशू खीष्टको सेवकको रूपमा सोच्दैनन् । हरेक सदस्यले

सेवकाई गरिरहेका छन्, संसारमा काम गर्न र सेवा गर्नका लागि खीष्टद्वारा अगुवाई पाएर । यो सत्यताले हामीले हप्ता भरी येशूको नाममा गरेका कामको महत्त्वलाई दर्शाउँछ । हामीले गर्ने कामको महत्त्वलाई मात्र होइन तर हामीसित काम गर्नेहरूसितको हाम्रो सम्बन्धलाई पनि ।

सत्यता यो हो कि हाम्रो काम एक सेवकाई हो जसले समाजिक सेवाहरूको महत्त्वलाई दर्शाउँदछ । अवश्य, सामाजिक सेवाका कार्यहरू आफैमा मूल्यवान छन् तर तिनीहरू पनि खीष्ट हाम्रो जीवनमा के गरिरहनु भएको छ भन्ने कुराको गवाही हुने अवसरहरू हुन् । केही मानिसहरू वचनद्वारा सु-समाचार बाँड्न असल छन्, केही चाहिँ उनीहरूको कामद्वारा सु-समाचार प्रचार गर्न असल छन्। अनि जब खीष्टियनहरू एक साथ काम गर्दछन् प्राय एक्लो भन्दा बढी प्रभावकारी हुँदछन् ।

## पारस्परिक सहयोग

हप्ता भरीको मण्डलीको काममा सदस्यहरू अग्रपंक्तिमा हुन्छन् । यस काममा हामी एक अर्कालाई प्रार्थनाद्वारा सहयोग गर्न सक्दछौ । हामी कसरी सेवा गरिरहेको छौ अनि अरुहरूले कसरी सेवा गरिरहेका छन् भन्ने कुरामा हामी होशियार हुन आवश्यक छ ताकि हामी तिनीहरूलाई असल तरीकाले प्रोत्साहन गर्न सकौं । हामी हाम्रो अनुभवहरू र अवसरहरू एक अर्कालाई जुनबेला भेट्दछौं त्यसैबेला बाँड्न सक्छौ । यस कामको निम्ति आराधाना सँगतिहरूले सामर्थ्य र सहयोग हामीलाई प्रदान गर्न सक्दछ । मण्डलीको रूपमा हाम्रो सफलताको धेरै भाग चाहिँ हामी हप्ता भरी के गर्दछौ भन्ने कुराले नापिँदछ । अनि जब तिनीहरू आराधना संगतिहरू र सानो समूहको भेलाहरूमा तिनीहरूले गरेका काम र सुनेका कुराहरूद्वारा जोसिलो र प्रोत्साहित हुँदछन् तब सु-समाचार फैलिंदछ ।

जब सदस्यहरूले उनीहरू येशू खीष्टका सेवकहरू हौं भन्ने कुरा स्विकार्दछन् उनीहरू को हुन् के को लागि उनीहरू बोलाइएका हुन् र कसरी जिउने भन्ने कुराको वास्तविक चित्र उनीहरूसँग हुँदछ तिनीहरूको अस्तित्व खीष्ट मै छ । उनीहरू आराधाना संगतिहरूमा आराधना गर्नका लागि मात्र आउँदैनन् तर हप्ता भरी असल तरीकाले सेवा गर्नका निम्ति उनीहरूलाई सहयोग पुग्ने निर्देशन प्राप्त गर्नका लागि पनि उनीहरू आराधना संगतिहरूमा आउँदछन्। शायद, यसले पनि थोरै सिकायतहरू जस्तै “मलाई खुवाइएको छैन” र धेरै को सोचाईमा चाहिँ “मेरो

जीवनमा परमेश्वरको महिमा कसरी गर्न सक्दछु ?" भन्ने कुरालाई पैदा गर्दछ ।

पाष्टरको कार्य सदस्यहरूलाई उनीहरूको सेवकाईहरूको निम्ति सहयोग गरिसकेपछि उनीहरूलाई दर्शन र अगुवापन प्रदान गर्नु हो यसको मतलब परमेश्वरसँग तिनीहरूको सम्बन्ध स्थापित गर्न तिनीहरूलाई सहयोग गर्नु हो जसद्वारा सबै सेवकाईहरू सञ्चालित हुनु पर्दछ । यस अर्थ प्रेरणा दिइनु, प्रोत्साहन गर्नु, हौसला दिनु, आग्रह गर्नु र चुनौती दिनु हो । यसले प्रचार र प्रशासनलाई समेट्दछ साथै यसले सानो समूहहरूको तालिम दिने अगुवाहरू र अरु सेवकाइहरूको निम्ति विकास गर्ने र निर्देशन गर्ने अगुवाहरूलाई पनि समेट्दछ ।

पुलपिट र सानो समूहहरूबाट मण्डलीले गरिने कामहरूको निम्ति नैतिक सहायता गर्न सक्छ जसले एक अर्कालाई हाम्रो क्रियाकलापहरूले येशू खीष्टलाई सेवा पुऱ्याउँदैछ भन्ने सम्भना गराउँदछ र उहाँको इच्छा लिएर हिँड्न उहाँले हामीलाई शक्ति र हौसला दिनुहुन्छ भन्ने सम्भना पनि गराउँदछ । सानो समूहहरू र अन्य कृयाकलापहरूमा मण्डलीले सिपहरू विकसित गर्नको निम्ति व्यवहारिक अवसरहरू पनि जुटाउँदछ, आत्मिक दानहरू, खोज्न र सेवकाईलाई हौसला दिने अवसरहरू पनि जुटाउँदछ ।

पाष्टरहरूसित कठिन कामहरू छन् । सदस्यहरूले आफ्ना पाष्टरहरूलाई कसरी सहायता गर्न सक्दछ त ? एउटा कुरा चाहिँ उनीहरूको निम्ति प्रार्थना गरिदिएर सदस्हरूले सहायता गर्न सक्दछन् । पाष्टरका कामहरू अलौकिक शक्तिको सहायता बिना गर्न सकिदैन । अर्को कुरा, पाष्टरहरूलाई सोधौं कि सहायता गर्नलाई के गर्नु पर्छ भनेर । तपाई स्वयमसेवक बन्नु होस् - नियुक्ति हुनलाई नपर्खनुहोस् । तेस्रो, सहायोगले मण्डलीमा प्रेमको वातावरण सृजना गर्दछ । यसले "कमजोर" सदस्यहरूलाई आराम अनि "ठाउँ" दिँदछ जब तिनीहरू आफ्नो आवश्यकताहरूको निम्ति काम गर्दछन् । विश्वासमा बलियो सदस्यहरूले मेलमिलाप गराउने खीष्टको मण्डलीभित्रका पिडाहरू शान्त गर्ने, एक अर्कालाई हौसला, प्रोत्साहन, सल्लाह दिने र सुधार ल्याउने सेवकाईमा सहायता गर्न आवश्यक हुन्छ ।

चौथो, धेरै सदस्यहरूसँग केही पाष्टरिय खुबीहरू छन् । तिनीहरूले सेवकाईका कामहरूको निम्ति अरु सदस्यहरूलाई सहायता पनि गर्न सक्छन् । तिनीहरूले हप्ता भरीको आफ्नो सेवकाईहरूमा अरु सदस्यहरूलाई आउनका निम्ति निमन्त्रणा दिन सक्दछन् । तिनीहरू सेवाका उदाहरणहरू बनाउन, वर्णन गर्न र चलाउन

सक्दछन् ।

सानो समूहहरूमा एक-एक गर्दै अरु सदस्यहरूको विश्वासलाई हौसला गर्न अरु सदस्यहरूसँग खीष्टमा तिनीहरूले आफ्नो विश्वास बाँड्न सक्दछन् । तिनीहरूले अरु सदस्यहरूको निम्ति प्रार्थना गर्न सक्दछन् ।

यी सबै तरीकाले सदस्यहरूले पाष्टरलाई सहयोग गर्न सक्दछन् ।

हरेक सदस्य सेवक हुन् ।

★★★

# इकाई ८ क

# परमेश्वरको लिखित वचन

येशू को हुनुहुन्छ अर्थात उहाँले के सिकाउनु भयो भनी हामीले कसरी जान्ने ? सु-समाचार झूटो हो भनी कसरी हामीले जान्ने ? असल शिक्षा र धार्मिक जीवनको निम्ति अधिकार कहाँ छ ? हामीले के जान्नु पर्छ र के गर्नुपर्छ भन्ने परमेश्वरको चाहनाको अचूक अभिलेख र प्रेरणा नै बाईबल हो ।

## *येशूको निम्ति साक्षी*

शायद तपाईंहरूले "जिजस सेमिनार" बारेमा सुन्नु भएको होला वा अखबारहरूमा पढ्नु भएको होला जुन चाहिँ एक येशूले नभन्नु भएको कुराहरू बाईबलले चाहिँ उहाँले भन्नु भएको थियो भनेर भन्दछ भन्ने विद्वानहरूको एक समूह हो । तिनीहरूले विभिन्न भनाईहरू सत्य हुन्छन् कि भनेर मत बटुल्न विभिन्न रुद्राक्षको रङ्गहरूको प्रयोग गर्थे । अर्थात शायद तपाईंले अरु विद्वानहरूको भनाईलाई सुन्नु भएको होला कि बाईबल अन्तर विरोध र पौराणिक कथाहरूको एक संग्रह हो ।

धेरै शिक्षित मानिसहरूले बाईबललाई मान्दैनन् । धेरै अन्य उस्तै शिक्षित मानिसहरूले चाहिँ यो साँच्चै नै परमेश्वरले गर्नुभएको र भन्नु भएको कुराहरूको एक विश्वासीलो विवरण हो भनी विश्वास गर्दछन् । उदाहरणको निम्ति, यदि हामीले येशूको बारेमा बाईबलले जे भन्दछ त्यो विश्वास गर्न सक्तैनौं भने हामीले वास्तवै उहाँको बारेमा केही पनि जान्ने छैनौं ।

जिजस सेमिनार येशूले के सिकाउनु भएको होला भन्ने पूर्व कल्पित विचारद्वारा शुरु भयो । तिनीहरूले त्यो उनीहरूको बिचारसित मेल खाने भनाईहरूलाई स्वीकार गरे र नमिल्ने भनाईहरूलाई इन्कार गरे । फलस्वरूप येशूलाई तिनीहरूकोआफ्नै प्रतिरूपमा ढाले । यो असुल विदुता होइन र उद्धार बिचारका विद्धानहरू पनि जिजस सेमिनारसित सहमत छैनन् ।

येशूको बारेमा बाईबलीय विवरणहरू विश्वास गर्न सक्ने उत्तम कारण के हामीसित छ ? निश्चय नै छ - ती विवरणहरू येशूको मृत्युको केही दशकहरूभित्र लेखिएका थिए । त्यसबेला प्रत्यक्षदर्शीहरू पनि जीवितै थिए । यहुदीहरूले

तिनीहरूको पवित्रगुरुहरूको भनाईहरूलाई सम्झन्थे । त्यसैले यो पूरै सम्भव छ कि येशूका चेलाहरूले कारण सहित हुबहुका साथ उहाँको शिक्षाहलाई जोगाई राखे । हामीसँग कुनै घट्ना छैन कि तिनीहरूले शुरुको मण्डली सम्बन्धका कुराहरू जस्तै खतना जस्ता कुराहरूको व्याख्या गर्न नयाँ भनाईहरू निर्माण गरेनन् । यसले सुझाव दिँदछ कि तिनीहरू येशूले सिकाउनु भएको विश्वास योग्य विवरणहरू हुन् ।

हामी पनि विश्वस्त हुन सक्छौं कि हस्तलिपीहरू राम्ररी जोगाइएका थिए । हामीसित चौथो दशकबाटका केही प्रतिहरू छन् र दोस्रो शताब्दीबाटका साना भागहरू पनि छन् । यो नै अन्य सबै ऐतिहासिक पुस्तकहरूभन्दा धेरै राम्रा छन् । (भर्गिलको सबभन्दा पुरानो कपी भर्गिलको मृत्युको ३५० वर्ष पछाडी प्रतिलिपि गरियो, प्लेटोको १३०० वर्ष पछि) । हस्तलिपीहरूको तुलनाले देखाउँदछ कि बाईबल होशियारीका साथ प्रतिलिपी गरिएको थियो र हामीसित एक सर्वोच्च विश्वासयोग्य पुस्तक छ ।

## पवित्रशास्त्रमा येशूको साक्षी

धेरै सम्बन्धित प्रसङ्गहरूमा येशू फरिसीहरूसित सहमत हुने इच्छा गर्दै हुनुहुन्थ्यो तर उहाँ तिनीहरूको पवित्रशास्त्रको विचारसित सहमत हुने देखिएन । येशू अर्थ खुलाई र परम्पराहरूमा सहमत नभए तापनि विश्वास र अभ्यासको निम्ति पवित्रशास्त्र अख्तियारपूर्ण छ भन्ने कुरामा उहाँ अन्य यहुदी गुरुहरूसित पूर्ण सहमत हुनुहुन्थ्यो ।

पवित्रशास्त्रको प्रत्येक वचन पूरा हुने येशू आशा गर्नु हुन्थ्यो (मत्ती ५:१७-१८, मर्कूस १४:४९) । उहाँले आफ्नो कुराहरू प्रमाणित गर्न पवित्रशास्त्रलाई उल्लेख गर्नुभयो (मत्ती ९:१३, २२:३१, २६:२४, २६:३१, यूहन्ना १०:३४) । धेरै होशियारीसाथ पवित्रशास्त्र नपढेकाले उहाँले मानिसहरूलाई हप्काउनु भयो (मत्ती २२:२९, लूका २४:२५, यूहन्ना ५:३९) । उहाँले पुरानो कराएका मानिसहरू र घट्नाहरू साँचो हुन् भनी उल्लेख गर्नुभयो ।

पवित्रशास्त्रसित यसको पछाडि रहेको परमेश्वरको अख्तियार थियो । जब येशूले शैतानको परीक्षाहरूको जवाफ दिनुभयो तब उहाँले भन्नुभयो, “यस्तो लेखिएको छ” (मत्ती ४:४-१०) । पवित्रशास्त्रमा लेखिएको केही तथ्य येशूको निम्ति थियो जुन चाहिँ एक विवादरहित अख्तियार थियो । दाउदको शब्दहरू पवित्र आत्माद्वारा प्रेरित थिए (मर्कूस १२:३६), एक भविष्यवाणी दानियल “द्वारा” दिइएको थियो (मत्ती

२४:१५) किनकि यसको वास्तविक उत्पत्ति परमेश्वर थिए।

येशूले मत्ती १९:४-५ मा भन्नुभयो कि सृष्टिकर्ताले उत्पत्ति २:२४ मा भन्नुभयो: "मानिसले उसको बुवा र आमालाई त्यागदछ र उसको पत्नीसित एक हुँदछ।" तैपनि उत्पत्तिले यो पदलाई परमेश्वरको शब्दहरूको रूपमा व्याख्या गर्दैन। येशूले सामान्यरूपमा यो परमेश्वरले भन्नुभयो भनी भन्न सक्नुभयो किनकि यो पवित्रशास्त्रमा थियो। परमेश्वर नै सम्पूर्ण पवित्रशास्त्रका मुलभूत लेखक हुन् भन्ने मान्यता छ।

सु-समाचारको पुस्तकहरू भरीको घट्ना यो होकि येशूले पवित्रशास्त्र विश्वास योग्य र भरोसा योग्यको रूपमा विचार व्यक्त गरे। उहाँले यहुदी गुरुहरूलाई याद दिलाउनु भयो कि "पवित्रशास्त्र तोड्न सकिँदैन" (यूहन्ना १०:३५)। येशूले यसको प्रभाव रहने बताउनु भयो। उहाँले पुरानो करारको आज्ञाहरूको प्रभावलाई मान्नु भयो कि पुरानो करार अझै पनि शक्तिमा छ (मत्ती ८:४, २३:२३)।

## प्रेरितहरूको साक्षी

प्रेरितहरूले तिनीहरूको शिक्षक जस्तै गरी पवित्रशास्त्रको अख्तियारलाई लिन्थे। तिनीहरूले यसलाई प्रमाणको सामग्रीको रूपमा प्राय: दोहोऱ्याएर उल्लेख गर्दथे। पवित्रशास्त्रको भनाईहरूलाई परमेश्वरको वचनहरूको रूपमा लिइन्छ। पवित्रशास्त्रलाई परमेश्वर अव्राहम र फारोसित बोल्नु भएको रूपमा चरित्र चित्रण गरिन्छ (रोमी ९:१७, गलाती ३:८)। दाउद, यशैया वा यर्मियाले परमेश्वरद्वारा बोलिएको कुरा नै लेखे त्यसैकारण यो अटल छ (प्रेरित १:१६, ४:२५, १३:३५, २८:२५, हिब्रू १:६-१०, १०:१५)। मोसाको व्यवस्थाले परमेश्वरको मनलाई प्रतिविम्वित गर्दछ भनी मानिन्छ (१ कोरिन्थी ९:९)। पवित्रशास्त्रको वास्तविक लेखक परमेश्वर नै हुन् (१ कोरिन्थी ६:१६, रोमी ९:२५)। पावल भन्दछन् कि पवित्रशास्त्र "परमेश्वरको प्रथम वाणी" हो (रोमी ३:२) पत्रुस भन्दछन् कि "पवित्र आत्माबाट प्रेरणा पाएर भविष्यवक्ताहरूले परमेश्वरका तर्फबाट बोलेका थिए" (२ पत्रुस १:२०)। भविष्यवक्ताहरूले यसलाई सिङ्गारेनन् - परमेश्वरले तिनीहरूलाई प्रेरणा दिनुभयो र उहाँ नै तिनीहरूको वाणीको वास्तविक उत्पत्ति हुन्। प्राय तिनीहरूले लेखे, "परमप्रभुको वचन आयो ....." अर्थात " यसरी परमप्रभु भन्नुहुन्छ ........"।

पावलले पनि तिमोथीलाई बताए कि "सम्पूर्ण पवित्रशास्त्र परमेश्वरको प्रेरणाबाट

भएको हो र यो सिकाउनलाई, अर्ती दिनलाई, सच्याउनलाई, धार्मिकतामा तालिम दिनलाई लाभदायक हुन्छ" (२ तिमोथी ३:१६) । यो चाहिँ परमेश्वरले उहाँको आफ्नो सन्देश बाईबलीय लेखकहरूद्वारा भन्नु भएको जस्तो हो । हामीले सम्झिनै पर्छ कि पावलले यो ग्रीक अनुवादको बारेमा भन्नुभयो (तिमोथीले वाल्यकाल देखि नै वचनहरू थाहा थियो) र यो अनुवाद केही ठाउँहरूमा ओरिजिनल हिब्रूमा भन्दा फरक छ । पावलले यो अनुबादलाई अर्थ बिना । परमेश्वरको वाणीको रूपमा प्रयोग गरे, जुन चाहिँ एक पूर्ण पाठ थियो । अनुवादको असङ्गतिको बावजुद पनि, यो परमेश्वरको वाणी हो र "ख्रीष्टमा विश्वासद्वाराको उद्धारको निम्ति यसले मानिसहरूलाई बुद्धिमान बनाउन सक्षम छ" र यो अझै पनि "विश्वासीहरूलाई प्रत्येक असल कामको निम्ति सहायता गर्न सक्षम छ" (पद १७) ।

## अपूर्ण वार्तालाप

परमेश्वरको ओरिजिनल वाणी पूर्ण छ र यसलाई जस्ताको त्यस्तै अवस्थामा मानिसद्वारा राख्न, यसलाई संरक्षण गर्न र (वार्तालापलाई पूर्ण बनाउन) यसलाई हुबहु बुझ्ने बनाउन परमेश्वर सक्षम हुनुहुन्छ । तर परमेश्वरले यो सबै गर्नु भएको छैन । हाम्रो प्रतिलिपिहरूमा व्याकरण अशुद्धीहरू, प्रतिलिपि गर्दाका त्रुटिहरू हुन सक्छन् र अझ बढी सत्यता चाहिँ मानिसहरूले सधैं नै सन्देश लिनमा त्रुटि गर्छन् । "कोलाहल" छ जसले हामीलाई परमेश्वरको वचन पूर्णरूपले सुन्न र पवित्रशास्त्रमा लेख्न प्रेरित गरिनबाट वञ्चित गर्दछ । तैपनि, परमेश्वरले पवित्रशास्त्रलाई आज पनि हामीसित बोल्न प्रयोग गर्नुहुन्छ ।

"कोलाहल" ले मानिसको गल्तीहरूलाई परमेश्वर र हामीबिचमा राखे तापनि पवित्रशास्त्रको उद्देश्य पूरा गरिन्छ जुन चाहिँ हामीलाई उद्धारको बारेमा र असल चालचलनको बारेमा बताउनु हो । परमेश्वरले उहाँको उद्देश्य पवित्रशास्त्रमा पूरा गर्नुहुन्छ: पूर्ण प्रकाशसित उहाँले हामीलाई उहाँको आफ्नो वचन बताउनु हुन्छ जसले हामी बचाइन सक्छौं र उहाँ हामीले के गरेको चाहनु हुन्छ सो सिक्न सक्छौं ।

पवित्रशास्त्र, अनुवाद मै पनि, आफ्नो उद्देश्यको निम्ति हुबहु नै छ । तर परमेश्वरको उद्देश्य भन्दा बढी यसबाट आशा गरेर हामी चाहिँ गलत हुँदछौं । उहाँले हामीलाई खगोलशास्त्र र विज्ञान सिकाउँदै हुनुहुन्न । पवित्रशास्त्रका गन्तीहरू सधैं आजको गणितिय आधार हुँदैनन् । हामीले पवित्रशास्त्रको उद्देश्यलाई हेर्नुपर्छ, सामान्य

विवरणहरूलाई होइन ।

उदाहरणको निम्ति, प्रेरित २१:११ मा यहुदीहरूले पावललाई बाँध्दछन् र अन्य जातिहरूको हातमा सुम्पिन्छन् भनी भन्न आगावसलाई प्रेरित गरियो । केही मानिसहरूले सोच्न सक्छन् कि आगावसले त कसले पावललाई बाँध्दछन् र तिनीहरूले उनलाई के गर्दछन् भन्ने स्पष्ट भन्दै थिए । तर कहानी यसरी अन्त्य हुँदछ, वास्तवमा पावललाई अन्य जातीहरूद्वारा बचाइए र अन्य जातीहरूद्वारा नै बाँधिए (२१:३०-३३) ।

के यो एक अन्तर विरोध हो त ? प्राविधिक रूपमा यो हो । भविष्यवाणी सिद्धान्तमा सत्य भयो तर सम्पूर्ण विवरणमा चाहिँ भएन । निश्चय नै जब लूकाले यो लेखे तब उनले भविष्यवाणी परिणाममा सही हुनुपर्छ भन्ने सजिल्यै थाहा हुन सक्दथ्यो तर उहाँ भिन्नता देखियोस् भन्ने चाहँदै हुनुहुन्थ्यो । उहाँले मानिसहरूले यस्तो विवरणहरूको यथार्थतामा आशा गरेका चाहनु भएन । पवित्रशास्त्रको सम्पूर्ण विवरणहरूको यथार्थतालाई ध्यान दिने बारेमा यसले हामीलाई सचेत गराउँदछ । हामी सन्देशको मुख्य विषयमा केन्द्रित हुनुपर्छ । उसरी नै पावलले पनि एउटा त्रुटि गरे जब उनले १ कोरिन्थी १:१४ लेखे - एक त्रुटि उनले १६ पदमा सुधारे । प्रेरित गरिएको पवित्रशास्त्रले त्रुटि र सुधार दुवैलाई समेट्छन् ।

कुनै कुनै मानिसहरूले पवित्रशास्त्रलाई येशूसित तुलना गर्दछन् । एउटा चाहिँ परमेश्वरको वचन मानिसको भाषामा, अर्को चाहिँ वचन मानव भएको । येशू पापरहित थिए भन्ने भावमा उहाँ सिद्ध हुनुहुन्थ्यो तर त्यसको मतलब उहाँले कहिल्यै गल्ती गर्नु भएन भन्ने चाहिँ होइन । एक बालकको रूपमा, अर्थात ठूलै मानिसको रूपमा पनि उहाँले व्याकरणमा गल्ती गर्नुभयो र सिकर्मी काममा गल्ती गर्नुभयो तर यस्ता गल्तीहरू पापहरू होइनन् । ती त्रुटिहरूले येशूलाई उहाँको उद्देश्य हाम्रो पापहरूको निम्ति पापरहित बलिदान बन्नबाट वञ्चित गरेनन् ।

यही तरीकाले व्याकरणको त्रुटि र अन्य सामान्य विवरणहरूको त्रुटिले बाईबललाई यसको उद्देश्य: खीष्टद्वाराको उद्धार बारेमा हामीलाई सिकाउनबाट वञ्चित गर्दैन ।

## बाईबलको प्रमाण

कसैले पनि सम्पूर्ण बाईबल साँचो छ भनी प्रमाणित गर्न सक्तैनन् । तिनीहरूले खास

भविष्यवाणी साँचो हुन आएको देखाउन सक्लान् तर तिनीहरूले समपूर्ण बाईबल त्यसरी नै देखाउन सक्तैनन् । यो बढी विश्वास मै आधारित छ । हामी ऐतिहासिक घट्ना देख्दछौं कि येशू र चेलाहरूले पुरानो करारलाई परमेशवरको वचनको रूपमा स्वीकार गरे । बाईबलीय येशू हामीसित भएका एकैजना मात्र हुन् वाकि अरु विचारहरू अनुमानमा आधारित मात्र हुन् नयाँ घट्ना होइनन् । हामी येशूको शिक्षालाई स्वीकार्दछौं कि पवित्र आत्माले चेलाहरूलाई अझ बढी सत्यतातिर डोऱ्याउनु हुन्छ । हामी पावलको दावीलाई स्वीकार्दछौं कि उनले ईश्वरीय अख्तियारद्वारा लेखे । परमेश्वर को हुनुहुन्छ र कसरी हामी उहाँसित सङ्गतिमा हुन सक्छौं भनी बाईबलले हामीलाई प्रकट गर्दछ भनी हामी स्वीकार गर्छौं ।

शताब्दीऔं भरी नै खीष्टियनहरूले बाईबललाई विश्वास र अभ्यासको निम्ति उपयोगी पाएका छन् भन्ने मण्डली इतिहासको गवाहीलाई हामी स्वीकार्दछौं । यो पुस्तकले हामीलाई बताउँदछ कि परमेश्वर को हुनुहुन्छ, उहाँले हाम्रो निम्ति के गर्नुभयो र हामीले कसरी जवाफ दिने । कुन चाहिँ पुस्तकहरू बाईबलीय रूपमा छन् भनी परम्पराले पनि हामीलाई बताउँदछ । हामी भरोसा गर्दछौं कि परमेश्वरले अन्तिम परिणामले उहाँकै उद्देशय पूरा गर्ने प्रक्रियामा अगुवाई गर्नुहुन्छ ।

हाम्रो अनुभवले पनि पवित्रशास्त्रको सटिकपनाको गवाही दिँदछ । यो नै त्यस्तो पुस्तक हो जसले इमान्दारीकासाथ हामीलाई हाम्रो आफ्नो पापी स्वभावको बारेमा बताउँदछ र हामीलाई चेतनालाई शुद्ध बनाउने अनुग्रहको प्रस्ताव गर्दछ । यसले हामीलाई नैतिक सामर्थ्य दिँदछ, नियम र आज्ञाहरूद्वारा होइन तर नसोचेको तरीकाले - अनुग्रह र हाम्रो प्रभुको निन्दनीय मृत्युद्वारा ।

विश्वासको अनुभूतिद्वारा हामी प्रेम, आनन्द र शान्ति पाउन सक्छौं भनी बाईबलले गवाही दिँदछ, बाईबलले व्याख्या गर्दछ कि जुन अनुभूति शब्दहरूमा व्यक्त गर्ने हाम्रो क्षमताभन्दा बाहिरका हुन् । यो पुस्तकले हामीलाई ईश्वरीय सृष्टि र छुट्कारको बारेमा बताएर हामीलाई जीवनको अर्थ र उद्देश्य दिँदछ । यी बाईबलीय अख्तियारको स्वरूपहरू शंका / अविश्वासहरूमा प्रमाणित गर्न सकिँदैन तर तिनीहरूले पवित्रशास्त्रलाई प्रमाणित गर्न सहायता गर्दछन् जसले हामीलाई हामीले अनुभव गर्ने कुराहरू बताउँदछन् ।

बाईबलले यसमा रहेका पात्रहरूको नराम्रो कुरालाई ढाकछोप गर्दैन र यसैले पनि यसलाई इमान्दारको रूपमा स्वीकार गर्न यसले हामीलाई मद्दत गर्दछ । यसले

हामीलाई अब्राहाम, मोसा, दाउद, इस्राएली जातीहरू र चेलाहरूको असफलताहरू बारेमा बताउँदछ । बाईबल त्यस्तो वचन हो जसले अति नै अख्तियारपूर्ण वचन, वचन देहधारी हुनुभयो, परमेश्वरको अनुग्रहको सु-समाचारको गवाही दिँदछ ।

बाईबल सजिलो कुरा होइन, यसलाई सजिल्यै पार लगाउन सकिँदैन । नयाँ करारले पुरानो करारसितको निरन्तरता र स्थगितता दुवैको दावा गर्दछ एक वा अर्कोलाई हटाउन अति सजिलो हुन्छ तर दुवैलाई राख्न अति नै चुनौतीपूर्ण हुँदछ । जस्तै कि येशूलाई मानव र ईश्वरीय दुवै रूपमा प्रस्तुत गरिन्छ जुन संयोजन हिब्रू, ग्रीक वा आधुनिक विचारमा उपयुक्त हुँदैन । यो रूप दार्शनिक समस्याहरूको अनभिज्ञताद्वारा बनाईएको थिएन तर थाहा पाएर नै गरियो ।

बाईबल एक चुनौतीपूर्ण पुस्तक हो, पाखण्डीहरूले छल गर्न खोजेको वा येशूको शरीर चेलाहरूले नै चोरेर लगे भन्ने बनाउन खोजेको जस्तो मात्र होइन । येशूको पुनरुत्थानले पुस्तकलाई अतिरिक्त गहकिलोपना दिँदछ जसले यस्तो एक असाधारण घट्ना प्रस्तुत गर्दछ । येशू को थिए र परमेश्वरको पुत्रको मृत्युद्वारा मृत्यु माथिको विजयको अकल्पनीय तर्कको रूपमा चेलाहरूको गवाहीमा यसले अझ गहकिलो उर्जा थपी दिन्छ ।

दोहोऱ्याएर, बाईबलले परमेश्वरको बारेमा, हाम्रो आफ्नै बारेमा, जीवनको बारेमा, सही र गलत बारेमा हाम्रो सोचाईलाई चुनौती दिँदछ । यसले हामीलाई दिइएको सत्यताको सन्देशलाई आदर गर्न आज्ञा दिँदछ जुन हामी कतैबाट पनि पाउँदैनौं । खीरको प्रमाण खाएपछि मात्र भए झैं बाईबलको प्रमाण पनि हाम्रो जीवनमा यसलाई लागु गरेर मात्र हुन्छ ।

पवित्रशास्त्रको गवाही, परम्परा, व्यक्तिगत अनुभव र कारण सबैले बाईबलको अख्तियारलाई नै थप सहायता गर्दछन् । सारा रीति र परम्पराहरूको बारेमा बताउन सक्नु, यो लेखिएको बेला अस्तित्व मै नभएका अवस्था र परिस्थितिहरूको सम्बोधन गर्न सक्नु नै पनि यसमा रहेको अख्तियारको गवाही हो । बाईबलको प्रमाणले विश्वासीहरूलाई सन्देश दिइएको छ कि पवित्र आत्माले यसलाई तिनीहरूको हृदय र जीवन परिवर्तन गर्न प्रयोग गर्नुहुन्छ ।

## सत्य र तथ्य

कोही इभान्जलिकल ख्रीष्टियनहरू विश्वास गर्छन् कि ख्रीष्टियनहरूले

बाईबललाई सत्य भन्नुपर्छ। अरुले बाईबललाई अचूक तथ्य भन्न रुचाउँछन्। सामान्य प्रयोगमा यी शब्दहरूको अर्थ एउटै हुँदछ तापनि धार्मिक शिक्षामा यी शब्दहरू भिन्न अवधारणाहरूको निम्ति प्रयोग गरिन्छन्।

सामान्यरूपमा सत्यको मतलब पवित्रदर्शनमा, इतिहास वा विज्ञानमा त्रुटिविहिन भन्ने हुँदछ। तथ्य (कहिलेकाहीं निश्चित सत्यता भनिन्छ) ले धार्मिक सिद्धान्तलाई देखाउँदछ, यसले वैज्ञानिक र ऐतिहासिक यथार्थतामा जोड दिंदैन किनिकि तिनीहरू बाईबलको उद्देश्य बाहिरका हुन्।

हाम्रो सेवकाईका कोही सदस्यहरूले बाईबल सत्य हो भनी विश्वास गर्छन्, अरु कोहीले अचूक तथ्यको रूपमा मन पराउँछन्। हाम्रो विश्वासको सारमा केही स्पष्ट शब्द अचूक तथ्य प्रयोग हुँदछ। त्यसमा सबै सदष्यहरू सहमत हुन सक्छन् किनकि सत्यमा विश्वास गर्नेले तथ्यमा पनि विश्वास गर्दछ।

जोनस्टटले सत्यलाई स्वीकार गर्दछन् तैपनि "किन सत्य भन्ने शब्दले मलाई असजिलो बनाउँ भन्ने पाँचवटा कारणहरू" को सूची तयार गर्छन्। पहिलो, पवित्रशास्त्रमा परमेश्वरको आफ्नो प्रकाश विषय र वस्तु दुवैमा अति नै भव्य छ जुन् "सत्यता" वा "त्रुटि" भन्ने तर्कहरूले हटाउन सकिंदैन। "साँचो" हो कि "झुटो" ? भन्ने प्रश्न पवित्रशास्त्रको प्रशस्ततालाई सम्बोधन गर्ने असङ्गगत प्रश्न हुन जान्छ। (आज्ञाहरू न त तथ्य हुन् न त झुटा नै)।

दोस्रो, सत्य शब्द भनेको एक दोहोरो नकारात्मक हो र म एकल सकारात्मकलाई दोहोरो नकारात्मकतमा मन पराउँछु। यो भन्नु असल हुन्छ कि बाईबल सत्य छ र त्यसैले भरपर्दो छ ...

तेस्रो, अकाट्य शब्दले गलत संकेत पठाउँदछ र गलत चालचलन ठिकसित गर्दछ। हामी अनुग्रह र परमेश्वरको ज्ञानमा वृद्धि हुने बारेमा बचनहरू खोज्न हामीलाई हौसला दिनुको सट्टामा यसले हामीलाई दोषको कारणहरू खोज्न अग्रसर गराए जस्तो देखिन्छ र हामीलाई सम्बन्धको अति नै वचावटको निम्ति स्पष्ट असङ्गत बनाए जस्तो देखिन्छ।

चौथो, को चाहिँ इभान्जलिकल र को होइन पत्ता लगाउन सत्य भन्ने शब्दलाई प्रयोग गर्न बुद्धिमानी र निष्पक्ष हुँदैन इभान्जलिकलहरूको लागि छापको रूपमा प्रयोग गर्ने कुनै बाईबलबारेमा सूत्र छैन तर बाईबलले जे सिकाउँदछ त्यसमा हामी

व्यवहारिक रूपमै समर्पणमा जीउँदछौं ।

पाँचौ, बाईबलको कुराहरू त्रुटि रहित छन् भनी प्रमाणित गर्न असम्भव हुन्छ । जब स्पष्ट असङ्गतिहरूसित सामना गरिन्छ तब धेरै ख्रीष्टियनहरूको जवाफ न त अपरिपक्व नकारात्मक इन्साफको हुन्छ न त मिलाप ल्याउनको निम्ति रचनात्मक नै हुन्छ तर इन्साफ गर्न छोडेर हामीलाई अझ प्रकाश दिइयोस भनी धैर्यका साथ पर्खनु पर्छ ।

सत्य भन्ने शब्दसित एक अतिरिक्त समस्या छः योग्य बनाइनै पर्छ भन्ने । पवित्रशास्त्र बारेमा कन्जरभेटिभ विश्वास मध्ये एकले स्वीकार गर्दछ कि बाईबलका व्याकरण त्रुटिहरू, बढाइचढाइ, असङ्गत व्याख्याहरू, अमिल्दो भनाईहरू र सीमित विचारमा आधाररित पर्यवेक्षणहरू ।

अर्को शब्दमा भन्ने हो भने, सत्य भन्ने शब्दको अर्थ "कुनै पनि प्रकारको त्रुटि विहिन" भन्ने हुँदैन । सत्य भन्ने शब्द हस्तलेखमा मात्र प्रयोग गरिन्छ हामीसित आज भएको प्रतिलिपिहरूमा होइन । यी शर्तहरूले सत्य भन्ने शब्द र यसको अर्थलाई फिका देखाउँदछ । मिलार्ड एरिक्सनले भन्दछन् कि मुख्य कुरा भनेको यही हो कि "बाईबलको कथनहरू पूरै सत्य हुन्छन् जब यी जुन उद्देश्यमा लेखिए त्यस अनुसार जाँचियो भने । त्यो नै एक बुद्धिमानी योग्यता हो ।

★★★

# इकाई ८ ख

# धार्मिक सिद्धान्त/डक्ट्रिनको महत्त्व

एकजनाले भने "मलाई डक्ट्रिन पढ्न मन लाग्दैन" "म डक्ट्रिनले थाकेको छु। वचन छोटो र प्रेरणादायी भएको म चाहन्छु - म ती वचन सैद्धान्तिक भएको चाहँदिन।"

म त्यो भावना बुझ्न सक्छु। सैद्धान्तिम सामग्रीहरू निश्चय नै थकाई लाग्दा हुन सक्छन् र डक्ट्रिनले मानिसहरूलाई गलाउन सक्दछ तैपनि म स्पष्ट गर्दछु कि हामीलाई डक्ट्रिन आवश्यक हुन्छ - सामग्रीहरूको प्रसङ्गमा होइन तर हाम्रो विश्वासको बुझाइको प्रसङ्गमा। "डक्ट्रिन" एक "शिक्षा" हो र मण्डलीको महत्त्वपूर्ण शिक्षाहरू परमेश्वरको बारेमा सत्यतासित सम्बन्धित हुन्छन्।

वचनहरू प्रेरणादायी हुनुपर्छ तर हामीलाई चाहिने प्रेरणा वक्ताको क्षमता र सीपबाट आउँदैन तर परमेश्वरको सत्यताबाट आउँदछ। उदाहरणको निम्ति, हामी प्रेरित गरिन सक्छौं र परमेश्वरले ख्रीष्टमा जे गर्नु भयो त्यही कारणले भविष्यको बारेमा हामी विश्वस्त हुनसक्छौं। समस्याको संसारमा पनि हामी आशावादी हुनसक्छौं किनकि हामी येशू ख्रीष्टको बारेमा सिकाइएका छौं। येशू बारेमा हाम्रो शिक्षा र विश्वास नै डक्ट्रिन, परमेश्वरको सत्यता हो र हामीले गर्ने सबैकुराको आधार हो।

स्थायी ख्रीष्टियन विश्वास केवल असल भावनाहरूमा बनाईंदैन, सृष्टिको सुन्दरतामा परमेश्वरको उपस्थितिको महसुस गराईको छोटो क्षणहरूमा पनि बनाईंदैन अर्थात हप्तामा एकपटकको छोटो प्रेरणादायी कथामा पनि बनाईंदैन। प्रेरणाको असल महसुस र क्षणहरू साँच्चै नै अचम्मका आशिषहरू हुन् - तर यी महसुसहरूले मात्र हामीलाई परमेश्वरसितको मिलाप र एकताको पविर्तित जीवनमा डोऱ्याउन सक्तैन जुन जीवन येशूलाई जानेर र उहाँमा विश्वास गराईद्वारा आउँदछ। हामीलाई स्थायी विश्वास आवश्यक हुन्छ र त्यो चाहिँ परमेश्वर बारेमा सत्यता बुझाई र थाहा गराईमा बनाइन्छ।

त्यसैले सैद्धान्तिक शिक्षा महत्त्वपूर्ण हुन्छ र ख्रीष्टियनहरूलाई हप्तामा एकपटकको शिक्षा १० मिनेट भन्दा बढी हुन जरुरी हुन्छ। हामी अनन्तको

सत्यताहरू र अन्तिम वास्तविकताहरूसित कार्य गर्दैछौं, यी कम महत्त्वको हुन सक्छन् तर दिनदिनको जीवनमा अति नै जरुरी देखिन्छन् । कहिलेकाहीं एक गहन विषयवस्तुलाई १० मिनेटको बनाउन सकिन्छ तर परमेश्वर को हुनुहुन्छ र के गर्नु भएको छ भन्ने बुझाईमा निरन्तर बढ्नको निम्ति एक खास निरन्तरता र असीमित समय चाहिन्छ ।

येशूले हाम्रो निम्ति के गर्नुभएको छ साथै त्यसले हामीलाई कसरी प्रभाव पार्छ र हामी कसरी जिउँदछौं भन्ने कुरा बारम्बार व्याख्या गरिनु पर्छ, निरन्तर एक हप्तापछि अर्को हप्ता, विभिन्न तरीकाले, परमेश्वरले हामीलाई सिकाउन दिनुभएको विभिन्न बाईबलीय पाठहरू, भविष्यवाणीहरू, आज्ञाहरू र कथाहरू जाँचिनु पर्छ र व्याख्या गरिनु पर्छ । १० मिनेटमा त कथाको एउटा पाटो मात्र प्रस्तुत गर्न सकिन्छ । तर खीष्टियन जीवन कठीन हुन्छ । हामीले हाम्रो छिमेकीहरूसितको व्यवहार गराईमा खीष्टको क्रूसले कसरी प्रभाव पार्दछ भन्ने कुरा मानिसहरू एकसेएक पक्रिन सक्तैनन् र सुनेको सबै कुरा तिनीहरूले आफसेआफ विश्वास गर्दैनन् । खीष्टियनको सम्पूर्ण प्रकृतिहरू व्याख्या गर्न १० मिनेटभन्दा बढी लाग्दछ । वचनको शिक्षा नयाँ मानिसहरू साथसाथै पुरानो सदस्यहरूको निम्ति पनि हो ।

## कक्षाहरूको आवश्यकता

खास गरेर, मण्डलीहरूले चेलापन कक्षाहरू र सङ्गतिको वचन दुवै सञ्चालन गर्दछन् । कक्षाहरू बढी नै सैद्धान्तिक र व्याख्यात्मक, प्रश्नहरू र छलफलहरूको निम्ति अवसरसितको हुन्छन् । विशेष समूहहरूको निम्ति कक्षाहरू हुन्छन् जस्तै नयाँ खीष्टियनहरूको निम्ति, बालबालिकाहरू, जवानहरू र अन्यको निम्ति । त्यसपछि वचनको सेवकाईं छोटो हुन सक्छ, शिक्षाद्वारा पवित्रशास्त्रको छोटो अनुच्छेदमा आधारित भएर /उत्प्रेरणा खास वक्तव्यको शैलीबाट आउँदैन - यो त परमेश्वरले हाम्रो निम्ति खष्टिमा के गर्नु भएको छ भन्ने सत्यताबाट आउँदछ । वचनको सेवकाईमा केही खास शिक्षा समेटिनु पर्छ, चतुर भनाईहरू र राम्रो विचारहरू मात्र होइन ।

प्रेरणा र प्रोत्साहनलाई सत्यता र चेलापनबाट अलग गर्न सकिंदैन । बाईबल अध्ययन र डक्ट्रिनको अध्ययन आराधनाको एक रूप हो र आराधना सेवामा पनि गर्न सकिन्छ । वचन सेवकाई शिक्षा र हौसला दुवैको निम्ति प्रयोग गरिन्छ ।

डक्ट्रिनको विषयहरूलाई बाईबलीय विवरणात्मक वचनको सेवकाईद्वारा समेट्न सकिन्छ ।

बाईबलमा आधारित सैद्धान्तिक शिक्षा वा बाईबल अध्ययनले विशाल दिमागी शक्ति लिन्छ, तयारी र सुनाई दुवैमा हप्ताको १० मिनेटको सोचाईभन्दा बढी । तर खीष्टियनहरू तिनीहरूको विश्वासलाई बुझ्न चाहन्छन् र खीष्टियन अगुवाहरू र शिक्षकहरूले तिनीहरूलाई त्यसको निम्ति सहायता गर्नैपर्छ । खीष्टियनहरूले महसुस गर्दछन् कि खीष्टमा विश्वास असल अनुभवहरू र प्रेरणादायी भनाईले मात्र भन्दा अझ गहिरो भएर जाँदछ र तिनीहरू आनन्दित हुन्छन् अनि परमेश्वरको वचनले दिएको सबै असल कुराहरू खुवाइएकोमा प्रशंसित हुँदछन् ।

अवश्य नै, म लामो सेवासंगती र वचनको पक्षमा वकालत गर्दै छुईन । मानिसहरूले ध्यान दिनसक्ने भन्दा बढी कुरा गरेर कुनै फाइदा हुँदैन । कोही वक्ताहरूले अरुभन्दा बढी ध्यान खिच्न सक्तछन् तर अति उत्तमले पनि १०० प्रतिशत चाहिँ सक्तैन । तैपनि वक्ताहरूले सकेसम्म राम्ररी परमेश्वरको वचन व्याख्या गर्नुपर्छ, महत्त्वको बारेमा व्याख्या गर्नुपर्छ, यो कसरी खीष्टमा विश्वाससित सम्बन्धित छ देखाउनु पर्छ, कसरी यी जीवन र मृत्युको व्यवहारिक कुराहरूमा सम्बन्धित छ देखाउनु पर्छ, र यो कसरी परमेश्वरले भन्नु भएको र गर्नुभएको कुरामा आधारित छ देखाउनु पर्छ । त्यसले केही समय लिनेछ र यसले दर्शकहरू र वक्ताबाटको केही कार्य लिने नै छ ।

वचनको सेवकाई कति लामो हुनुपर्छ ? ३० देखि ४५ मिनेटसम्मको असल हुन्छ, विशेष अवस्थाहरूको निम्ति विशेष समयको व्यवस्था गर्न सकिन्छ । कोही वक्ताहरूलाई थोरै दान दिइएको हुन्छ र यदि तिनीहरूले छोटो वचन दिँदा बढी प्रभावकारी हुनसक्छ थोरै समय अरुलाई गवाहीको निम्ति दिँदा, वचनको उद्देश्यसित मिल्ने विषयमा प्रेरणादायी कथाहरू वा बाईबलीय प्रकाशहरू बताउँदा बढी प्रभावकारी हुन सक्ला । छुट्टै भन्नुपर्दा, हप्ता भरीमा मानिसहरूले कति आत्मिक खुराक पाउँदैछन् भन्ने कुरामा यो आधारित हुन्छ । के तिनीहरूले आफैलाई परमेश्वरको निर्देशन अनुसारको प्रार्थनामा, बाईबल अध्ययन र सानो समूहगत सङ्गतिमा सहभागी गराउँदै छन् त ? कहिलेकाहीँ यस्तो देखिन्छ कि बाईबल अध्ययन गर्नेहरू नै वचन सुन्न उत्सुक हुन्छन् र चाख लिन्छन् । तिनीहरूसित परमेश्वरप्रतिको भोक छ । खीष्ट नै हाम्रो जीवन र हाम्रो भविष्यमा

सबभन्दा महत्त्वपूर्ण कुरा हुन् ।

म विश्वस्त छु कि सैद्धान्तिक शिक्षा महत्त्वपूर्ण छ - तथापि सबै सैद्धान्तिक शिक्षाहरू उत्तिकै महत्त्वपूर्ण छैनन् । यस्तो देखिन्छ कि कोही मानिसहरूको निम्ति भूईंचालो गएको कुराले खीष्टको पुनरुत्थान जति नै महत्त्व राख्दछ । शायद तिनीहरू बढी नै आजको जीवनसित सम्बन्धित देखिन्छन् तर वास्तवमा येशूको पुनरुत्थान हाम्रो निम्ति सधैं अति नै महत्त्वपूर्ण हुन्छ यदि हामी भूईंचालोको बीचमा भएपनि । पुनरुत्थानको शिक्षा सधैं नै प्रासंगिक हुँदछ - विशेष गरेर जब मृत्यु अवश्यम्भावी नै हुन्छ ! यो महत्त्वपूर्ण छ कि सबै शिक्षा र बाईबल अध्ययनको निर्देशन येशू खीष्टमा आधारित हुनुपर्छ ।

## दोधारपनलाई कसरी हटाउने

खीष्टियनहरूलाई एक दह्रो सैद्धान्तिक शिक्षाको आधार चाहिन्छ जसले थोरै महत्त्वका विचारहरूबाट अति नै महत्त्वपूर्ण शिक्षाहरू छुट्याउन सहायता गर्नेछ । सैद्धान्तिक शिक्षको आधारको कमीले केही खीष्टियनहरू नयाँ युगको शिक्षाहरू वा झूटा खीष्टियन सम्प्रदायहरूको शिक्षाहरूद्वारा आकर्षित गरिन्छन् । हामीले सैद्धान्तिक शिक्षा सिकाउन आवश्यक छ किनकि सैद्धान्तिक शिक्षाले मात्र मानिसहरूलाई दोधारपनको विरुद्धमा बचाउ दिँदछ जसले उत्साह र विश्वस्तताकासित सिकाउँदछ ।

शुरुका मण्डलीसित सैद्धान्तिक शिक्षाको निम्ति एक ठूलो आवश्यकता थियो । नयाँ करार सैद्धान्तिक शिक्षा - येशू खष्टिको बारेमा जानकारी र उहाँले हाम्रो जीवनमा बनाउनु भएको भिन्नताले भरिएको छ । तर सबै बाईबलीय शिक्षाहरू उस्तै महत्त्वपूर्ण छैनन् । उदाहरणको लागि, प्रेरित १२ को शिक्षा येशू खीष्ट मृत्युबाट बौरी उठ्नु भयो भन्ने शिक्षा जति महत्त्वपूर्ण छैन ।

## विश्वासको सार

शुरुका मण्डलीले सैद्धान्तिक शिक्षाहरूको एक छोटो सूची विकसित गरे जुन चाहिँ तिनीहरूले नयाँ विश्वासीहरूले जान्न र स्वीकार्नको निम्ति महत्त्वपूर्ण छ भनी महसुस गरेका थिए । विभिन्न क्षेत्रका मण्डलीहरूसित केही फरक सूचीहरू थिए र समयमा ती सूचीहरू अझ स्तरीय बनें । तिनीहरूलाई अहिले धार्मिक मतहरू

भनिन्छ जुनचाहिँ "म विश्वास गर्छु" भन्ने ल्याटिन शब्दबाटको हो । यी धार्मिक मतहरू सामान्य विश्वासको सारहरू थिए ।

हाम्रो मण्डलीसित पनि एक विश्वासको सार छ जुनचाहिँ हाम्रो सैद्धान्तिक समुहमा धेरै छलफलद्वारा बनाइएको हो । यसले आधारभूत सैद्धान्तिक शिक्षाहरूको एकसूची दिँदछ । यसले सबै कुरा समेट्दैन तर हाम्रो विश्वासको सार पनि जे खीष्टियन विश्वासको निम्ति महत्त्वपूर्ण छ त्यो भन्दा लामो नै छ । त्यसैले सैद्धान्तिक समूहले दश महत्त्वपूर्ण विश्वासको अति छोटो एक सूची बनाएको छ जसलाई हामी सैद्धान्तिक शिक्षाको सार भन्दैछौं । यी नै सैद्धान्तिक शिक्षाहरूको सार हो । यी नै वचनको सेवकाईको अनुक्रमको निम्ति आधार बन्न सक्छन् र यिनीहरूले सैद्धान्तिक शिक्षाको एक स्थिर आधार दिँदछन् । यहाँ सैद्धान्तिक शिक्षाको सार दिइएको छः

हामी विश्वास गर्छौं:

- एक पवित्र, प्रेमिलो, सर्वशक्तिशाली र अनुग्रही सृष्टिकर्ता परमेश्वरमा जो तीन व्यक्तित्व : पिता, पुत्र र पवित्र आत्मा हुनुहुन्छ ।
- बाईबल परमेश्वरको अचुक र प्रेरित वचन हो, विश्वास र अभ्यासको सबै क्रियाकलापको निम्ति पूर्ण अख्तियारपूर्ण वचन ।
- येशू खीष्ट कन्या मरियमद्वारा जन्मनु भयो पूरै परमेश्वर र पूर्ण मानिस हुनुहुन्थ्यो उहाँ प्रभु र उद्धारकर्ता दुवै हुनुहुन्छ ।
- मानिसको पापको निम्ति येशू खीष्टले कष्ट सहनु भयो र क्रूसमा मर्नुभयो, उहाँ तीन दिनमा शरीरमा बौरी उठ्नु भयो र उहाँ स्वर्गमा उचालिनु भयो र परमेश्वर पिताको दाहिने बाहुलीमा बस्नु हुन्छ ।
- येशू खीष्ट जीवित र मृतकलाई इन्साफ गर्न फेरी आउनु हुनेछ र सबै थोकमाथि शासन गर्नुहुनेछ ।
- पवित्र आत्मामा विश्वास गर्छौं जसले पापीहरूलाई पश्चातापमा ल्याउनु हुन्छ, विश्वासीहरूलाई अनन्त जीवन दिनुहुन्छ, उहाँ खीष्टको प्रतिरूपलाई निश्चित गराउन विश्वासीहरूभित्र वास गर्नुहुन्छ ।
- खीष्टियनहरू निरन्तर सङ्गतिमा भेला हुनुपर्छ र विश्वासको जीवन जिउनुपर्छ जसले मानिसहरूलाई येशू खीष्टमा भरोसा राखेर परमेश्वरको

राज्यमा प्रवेश गराउने सु-समाचार हुने बनाउँछ।

- प्रभु येशू खीष्टमा सबै विश्वासीहरूको आत्मिक एकतामा विश्वास गर्छौं।
- उद्धार कामहरूद्वारा आउँदैन तर केवल परमेश्वरको अनुग्रह, येशू खीष्टमा विश्वासद्वारा मात्र आउँदछ।
- संसारको जीवित र मृतकको पुनरुत्थानमा।

मित्रहरू, म आशा गर्छु कि यी सैद्धान्तिक शिक्षाहरू कहिल्यै पट्यार लाग्दो हुँदैनन् र कहिल्यै पनि अप्रासंगिक देखिंदैनन्। वास्तवमै हामी मानव वक्ताहरूले कहिलेकाहीँ पट्यार लाग्दो र अप्रासंगिक बनाउन सक्छौं, तर सैद्धान्तिक शिक्षाहरू आफै चाहिँ हामी सबैको निम्ति महत्त्वपूर्ण हुन्छन्। यी छोटा र प्रेरणादायी सैद्धान्तिक शिक्षाहरू हुन्। एकजनाको निम्ति म धन्यवादी छु कि परमेश्वरले उहाँको सत्यता दिनु भएको छ जुनचाहिँ फेरीफेरी पनि महत्त्वपूर्ण शिक्षा हुन्छ किनकि हामी शिक्षक, येशू खीष्टलाई पछ्याउँछौं।

★★★

## इकाई ८ ग

# पवित्रशास्त्र प्रति आफैलाई समर्पित गर्नुहोस्

पवित्रशास्त्रको अधिकार खीष्टियन समुदायको एक महत्त्वपूर्ण सिद्धान्त हो। हामी जे शिक्षा दिन्छौं पवित्रशास्त्र त्यसको जग हो।

खीष्टियन समुदायको महत्त्वपूर्ण र अत्यावश्यक भाग विश्वास हो। हाम्रो विश्वास त्यो कुरामा हुनुपर्दछ जो सत्य छ तर बेमतलबको विश्वासले केही पनि गर्न सक्दैन। विश्वास झूठो आशाको हुनुहुँदैन, त्यो प्रमाणमा आधारित हुनु पर्दछ। र ती प्रमाणहरू सिकाईन आवश्यक छन्। येशूले स्थापित गर्नु भएको मण्डली शिक्षा दिने मण्डली हुनुपर्दछ र उहाँका मानिसहरू सिक्ने मानिसहरू हुनुपर्दछ। ("चेला" को अर्थ "सिक्ने मानिस हो")

उद्धारकर्तामा विश्वास गर्ने मानिस उहाँको बारेमा अझ धेरै सिक्नको निम्ति इच्छुक हुँदछ। तिनीहरू परमेश्वर प्रतिको भावनाको लागि मात्र भोकाउँदैनन् र तिर्खाउँदैनन् तर सत्यता वर्णन गर्ने परमेश्वरको ज्ञानको लागि पनि हो। तिनीहरू सिक्न चाहन्छन्। शैद्धान्तिक शिक्षा महत्त्वपूर्ण छ भन्ने नयाँ नियमले स्पष्ट गराउँदछ। शिक्षा दिनु भनेर येशूले मण्डलीलाई भन्नुभयो। प्रेरितको पुस्तकले हामीलाई बताउँदछ कि प्रेरितहरूले शिक्षालाई उच्च प्राथमिकता दिए। पावलले शिक्षा महत्त्वपूर्ण छ भन्ने कुरा बारम्बार लेखे। शिक्षा हाम्रो कामको एक महत्त्वपूर्ण भाग हो।

## *बचनको सेवकाईको महत्व:*

येशू स्वर्गमा उठाईनु भएपछि, पवित्र आत्माले चेलाहरू भरिए र हजारौंको संख्यामा मण्डली वृद्धि हुन शुरु गऱ्यो। मानिसहरूले के गरे त ? "तिनीहरू प्रेरितहरूका शिक्षा, सङ्गति र रोटी भाँच्न र प्रार्थनामा भक्तिसाथ लागिरहन्थे" (प्रेरित २:४२)।

त्यहाँ धेरै अनावश्यक आवश्कताहरू थिए, किनकी केही मानिसहरू पेन्तिकोष्टको चाडको लागि येरुसलेम आएका थिए र तिनीहरू उनीहरूले

सोचेभन्दा बढी महिनासम्म बसे । मानिसहरूले कसरी यी सोच्दै नसोचेका आवश्यकताहरू पूरा गरे ? "तिनीहरूले आफ्ना सम्पत्ति र मालमत्ता बेचीकन ज-जसलाई जे जे कुराको खाँचो पर्थ्यो सबैलाई ती बाँडिदिन्थे" (प्रेरित २:४५) ।

के हामी कल्पना गर्न सक्छौं कस्तो भएको थियो होला ? नयाँ अगुवाहरू, नयाँ चेलाहरू र एक नयाँ समाज स्थापना हुँदै थियो । पुरानो मसक जस्तै, पुरानो सामाजिक नियमले ती मानिसहरूको निम्ति काम गरेन । धेरै जनाहरू आफ्ना परिवार र पहिलेका साथीहरूबाट छुट्टिए ताकि नयाँ सम्बन्धको शुरुवात होस् । शुरुमा हरेकको आवश्यकता अनौपचारिक रूपमा हेरचाह गरिएको थिए । आवश्यकताहरू पूरा गर्नका लागि यो नीति सृजना गरिएको थियो । खाँचोमा परेकाहरूलाई बांड्नको निम्ति चन्दाहरू प्रेरितहरूलाई दिइएको थियो (प्रेरित ४:३४-३५) ।

यो सहयोग कार्य अति नै महत्त्वपूर्ण थियो, तर पनि प्रेरितहरूले आफ्नो सम्पूर्ण समय यही कार्यमा बिताइरहेनन् । तिनीहरूले शिक्षामा नै आफ्नो ध्यान केन्द्रित गरी राखे । "अनि हरेक दिन तिनीहरूले मन्दिरमा र घरघरमा गएर येशू नै ख्रीष्ट हुनुहुन्छ भनी सिकाउन र प्रचार गर्न छोडेनन्" (प्रेरित ५:४२) ।

चेलाहरूले स्पष्टरूपमा गरिबहरूको हेरचाहा गर्ने जिम्मेवारीको निम्ति अरु विश्वासीहरूलाई नियुक्त गरे । यद्यपि मानिसहरूले गुनासो गर्न थालेको धेरै दिन भएको थिएन । यो नीतिले स्वच्छ रूपमा काम गरिरहेको छैन भनेर तिनीहरूले भने । (प्रेरित ६:१) यदि हामी प्रेरितहरू भएको भए शायद सबै कुराहरू ठिकसँग चलिरहेको छ भन्ने कुरालाई सही ठहऱ्याउन हामी परीक्षामा पर्ने थियौं । तर बाह्र जना चेलाहरूले त्यो परीक्षालाई हटाईदिए । यो आवश्यकता माथि हेरचाह गर्नको निम्ति उनीहरूले साधारण सदस्यहरूलाई जिम्मा दिए ।

यो महत्त्वपूर्ण आवश्यकताबाट प्रेरितहरू किन पछि सरे ? "परमेश्वरको वचन प्रचार गर्न छोडेर खुवाउने - पियाउने सेवा गर्न हामीलाई उचित हुँदैन ......... हामी चाहिं प्रार्थना र वचनको सेवकाइमा सम्पूर्ण समय दिनेछौं" (प्रेरित ६:२-४) ।

यी आत्मिक अगुवाहरूद्वारा तयार पारिएको प्राथमिकताहरू: प्रार्थना, शिक्षा र प्रचार नोट गर्नुहोस् । यी प्राथमिकताहरू अझसम्म रहेका छन् । आत्मिक अगुवाहरू ती कुराहरूमा भासिनु हुँदैन जुन कुराले उनीहरूलाई प्रार्थना र

परमेश्वरको बचनबाट टाढा लैजाँदछ । मण्डलीमा हाम्रो प्राथमिक भूमिका चाहिँ शिक्षा दिनु र प्रचार गर्नु हो, र यो हामी प्रार्थना र अध्ययनमा मजबुत जग नबसालिकन गर्न सक्तैनौं ।

गर्नुभन्दा भन्नु सजिलो हुन्छ । धेरै पाष्टरहरूले आफ्नो समयमा कहिल्यै अन्त्य नहुने मागहरूसँग सामना गर्दछन् । प्राय मागहरू जायज आवश्यकताका लागि हुन्छन् र हरेकको प्रयोग समय मुताबिक असल हुन सक्दछन् तर जब सबै एकत्रित हुँदछन् भने व्यवस्थित गर्नै नसकिने भार हुँदछन् । पाष्टरहरू हरेकलाई धेरैभन्दा धेरै सहयोग गर्न चाहन्छन्, जोहरू उनीहरूको सामप्यितामा आउँदछन्, उनीहरूले प्रेरितहरूले गरेझैं तिनीहरूको समयलाई प्राथमिकता दिने र दोस्रो दर्जाको जिम्मेवारीहरूको निम्ति प्रतिनिधी खटाउनु पर्छ (प्रेरित ६) । प्राथमिकताको माथिल्लो तहमा प्रार्थना र वचनको सेवकाई हुन्छ ।

यहाँ म "वचनको सेवकाई" को महत्त्वलाई जोड दिन चाहन्छु । यो वाक्यले पवित्रशास्त्रको गहिरिएर अध्ययन गर्ने, सन्देशहरूको बारेमा होसियारीसाथ सोच्ने, नियमवद्ध शिक्षा र विश्वास दिलाउन सक्ने प्रचारको बारेमा वर्ण गर्दछ ।

## शिक्षा र प्रचार:

पवित्रशास्त्रले सत्यताको शिक्षाको सिद्धान्तको महत्त्वलाई जोड दिँदछ । मण्डलीलाई येशूको आज्ञाले शिक्षालाई समावेश गर्दछ (मत्ती २८:२०) । यी महत्त्वपूर्ण कुराहरूले "शिक्षा" येशूको आफ्नो सेवकाईको मुख्य भाग थियो भन्ने कुरा देखाउँदछ । सत्यताले नै मानिसहरूलाई स्वतन्त्र तुल्याउँदछ र सत्यता सिकाईन आवश्यक हुन्छ । असल भावनाहरू र सुखकर शब्दहरू प्रशस्त हुँदैनन् । पहिलेका मण्डलीहरूमा, प्रेरितहरूले प्रचार गरे अनि शिक्षा दिए ।

- "प्रेरितहरूले येशूमा पुनरुत्थान हुन्छ भन्ने कुरा तिनीहरूले मानिसहरूलाई सिकाउँदै थिए र घोषणा गर्दै थिए" (प्रेरित ४:२) ।
- "एकाविहानै तिनीहरू मन्दिर भित्र पसे र शिक्षा दिन थाले" (प्रेरित ५:२१) ।
- "तिनीहरूले येशू नै खीष्ट हुनुहुन्छ भनी सिकाउन र प्रचार गर्न छोडेनन्" (प्रेरित ५:४२) ।
- "तिनीहरूले येशू नै खीष्ट हुनुहुन्छ भनी सिकाउन र प्रचार गर्न छोडेनन्"

(प्रेरित ५:४२) ।

- "वारनावास र सावलले मण्डलीसँग भेटे र मानिसहरूको ठूलो समूहलाई शिक्षा दिए" (प्रेरित ११:२६) ।
- "पावल र वारनावास चाहिँ शिक्षा दिँदै र प्रभुको वचन प्रचार गर्दै अरु धेरै जनाका साथ एन्टिओखियामा बसे" (प्रेरित १५:३५) ।
- "परमेश्वरको वचन सिकाउँदै पावल एक वर्ष छ महिनासम्म तिनीहरूसँग बसे" (प्रेरित १८:११) ।
- "तपाईंहरूको लाभ हुने कुरा तपाईंहरूका सामुन्ने घोषणा गर्न देखि र घरघरमा सबैका सामुन्ने तपाईंहरूलाई शिक्षा दिन देखि म पछि हटिनँ" (प्रेरित २०:२०) ।
- तिनले खुल्लमखुल्ला र विना रोकटोक परमेश्वरका राज्यको प्रचार गर्थे, र प्रभु येशू खीष्टको बारेमा शिक्षा दिन्थे" (प्रेरित २८:३१) ।

## प्रेरित पावलः

पावल आफैले आफूलाई शिक्षक भनेर सम्बोधन गरेका छन् । (१ तिमोथी २:७, २ तिमोथी १:११) । उनले उनका सबै मण्डलीहरूमा शिक्षा दिए । (१ को ४:१७) र पवित्र आत्माले पनि उनलाई उनका धेरै मण्डलीहरूलाई पत्र लेख्नको निम्ति चलाउनु भयो । उनी उनको पत्रहरू मार्फत सुसमाचारको बारेमा सिकाउँदछन् । उनका पत्रहरू शिक्षाका उदाहरणहरू हुन् जसमा पहिलेका मण्डलीहरू निर्माण भएका र भिजाइएका थिए । यी पत्रहरू मण्डलीहरूमा पढिन्थ्यो र यी पत्रहरू विश्वास र अभ्यकासका जग थिए ।

"पावलले येसलोनिकीहरूलाई "दह्रिला भई खडा होओ, र चाहे मुखको वचनबाट होस्, चाहे हाम्रो पत्रबाट होस् - तिमीहरूले जे शिक्षा पाएका छौ तिनलाई थामिराख ।" भनेर विन्ती गरे (२ थेसलोनिकी २:१५) । एफिसीहरूलाई उनले भने कि तिमीहरू "येशूमा भएको सत्यता अनुसार ...... सिकाइएका छौ" (एफिसी ४:२१) । उनले कलस्सीहरूलाई भने, "प्रत्येक मानिसलाई चेतावनी दिँदै र सारा बुद्धिमा सिकाउँदै हामी "खीष्टलाई" घोषणा गर्दछौं ...... त्यसरी नै उहाँमा जीवन बिताओ, तिमीहरूलाई शिक्षा दिए बमोजिम उहाँमा जरा गाडिएका र निर्माण

भएका र विश्वासमा दह्रिला भएका होओ। ......... ख्रीष्टको वचन तिमीहरूमा प्रसस्ततासँग वास गरोस्। पूरा बुद्धिमानीसाथ एउटाले अर्कालाई सिकाओ र अर्ती देओ" (कलस्सी १:२८, २:६-७, ३:१६)।

पावलले कोरिन्थीहरूलाई भने कि तिनीहरूको आराधना संगतिहरूमा हरेक कुराहरू ख्रीष्टको शरीरको निर्माण वा प्रमाणित गर्नको निम्ति गरिनु पर्दछ (१ को १४:२६)। केही मतलब छैन जुनै आत्मिक दान प्रयोग गरिँदै भएपनि तर यो सुधार को निम्ति प्रयोग गर्नुपर्दछ। सुधार नै प्राथमिकता हो। हामी त्यही शब्दहरू मात्र बोल्नु पर्दछ जुन शब्दहरू "समय सुहाउँदो र सुधार गर्ने र जसबाट सुन्नेहरूलाई अनुग्रह मिल्ने हुनुपर्दछ" (एफिसी ४:२९)।

पावलले गरेका हरेक कुराहरू सुधार गर्ने उद्देश्यका लागि थिए (२ को १२:१९)। "हामी ती कुराहरूको अनुशरण गरौं जसल शान्ति ल्याउँछ, अनि एउटाले अर्काको आत्मिक उन्नति गराउँछ" (रोमी: १४:१९)। "एउटाले अर्कालाई प्रोत्साहन देओ, र एउटाले अर्कालाई दह्रिलो पार्ने काम गर" (१ थेसलोनिकी ५:११)। यो आज हाम्रो कामहरूमा निरन्तररूपमा हुनुपर्ने एक महत्त्वपूर्ण भाग हो। हाम्रो सदस्यहरूलाई सिकाउनको निम्ति परमेश्वरले दिनु भएको जिम्मेवारीहरू हामीसँग छन्।

## पाष्टरीय पत्रहरू:

पावलले सुसमाचार प्रचार गरिसकेपछि, मण्डलीहरू खडा भए, सैद्धान्तिक खराबीहरू सच्चाईए र सहयोगीहरूलाई तालिम दिइए, उनले अगुवापनको छडी अरुहरूलाई हस्तान्तरण गरे। जब उनको जीवनको अन्तिम क्षण नजीक आयो, उनले अर्को पिँढीहरूलाई मण्डलीको अगुवापनको निर्देशनहरू दिए। तिमोथी र तितसलाई पठाइएका पत्रहरूमा पनि उनले हामीलाई भनेका छन् कि मण्डलीका पाष्टरहरूसँग महत्त्वपूर्ण जिम्मेवारी छन् :

- "पवित्रशास्त्र पाठ गरी सुनाउनमा, प्रचार गर्नमा र शिक्षा दिनमा ध्यान देउ" (१ तिमोथी ४:१३)।
- "आफ्नो विषयमा र आफ्नो शिक्षाको विषयमा होशियार बस यी कुरामा लागिरहो। यसो गर्नाले तिमीले आफैलाई र सुन्नेहरूलाई समेत बचाउनेछौं" (१ तिमोथी ४:१६) ।
- "यी नै कर्तव्यहरू पालन गर्न र तिनीहरूलाई सिकाउनका निम्ति हुन्" (

१ तिमोथी ६:२)" ।

- "धेरै जना साक्षीहरूका उपस्थितिमा तिमीले मबाट जे कुरा सुनेका छौ, ती अरुहरूलाई पनि सिकाउन सक्ने विश्वासयोग्य मानिसहरूलाई सुम्पिदेउ" (२ तिमोथी २:२) ।
- "सम्पूर्ण पवित्र-शास्त्र परमेश्वरको प्रेरणाबाट भएको हो, र यो सिकाउनलाई, अर्ती दिनलाई, सच्चाउनलाई, धार्मिकतामा तालिम दिनलाई लाभदायक हुन्छ ।" (२ तिमोथी ३:१६) ।
- "वचन प्रचार गर, समय र वेसमयमा तत्पर वस, अर्ती देउ, हप्काउ, उत्साह देउ र धैर्यमा र शिक्षा दिने कुरामा नचूक । किनकी यस्तो समय आउँदैछ, जब तिनीहरू ठीक शिक्षालाई नसहने हुनेछन्" (२ तिमोथी ४:२-३) ।
- मण्डलीको अगुवा, " सिकाइएको विश्वासयोग्य वचनमा दह्रिलो बस्नुपर्छ, ताकि तिनले पक्का सिद्धान्त अनुसार शिक्षा दिन सकुन्, र ती कुराहरूको खण्डन गर्नेहरूलाई झूटा सावित गर्न सकून् (तितस १:९) ।
- तिमीले चाहिँ जे पक्का धार्मिक सिद्धान्त सुहाउँदो छ त्यही सिकाऊ" (तितस २:१) ।

स्पष्टरूपमा, पक्का सिद्धान्त मण्डलीमा महत्त्वपूर्ण छ। लगनशीलता र पवित्रशास्त्रको ठीक अध्ययनमा जग बसालिएको मजबुत शिक्षाको हामीलाई आवश्यक छ । हामीलाई कसैको प्रिय सिद्धान्तहरूको आवश्यक हुँदैन, तर केही शिक्षा चाहिँ अरु विश्वासयोग्य ख्रीष्टियनहरूको विचारको विरुद्धमा जाँच गरिएका हुन्छन् ।

मजबुत शिक्षाले हामीलाई अनिवार्यरूपमा राम्रो महशुस गराउँदैन । मजबुत शिक्षाले कहिलेकाहीं हाम्रो आरामदायी कुराहरूलाई चुनौती दिँदछ । यो कुरा हामीलाई कहिलेकाहीं आवश्यक छ ।

## कामको अनिवार्यता

जसले आफूले पाएको वचनको प्रकाश नै अन्तिम सत्य हो, र जसले यो सत्य होइन भनेर असहमत जनाउँदछन्, तिनीहरू पवित्र आत्माद्वारा अगुवाई गरिएका होइनन् भनी घोषणा गर्नु चाहिँ घमण्डीपना र खतरापूर्ण कुरा हो । जब हामी पवित्रशास्त्र प्राप्त गर्दछौं, आज विश्वास गर्ने समुदायको साथै ऐतिहासिक ख्रीष्टियन

मण्डलीको प्रसङ्गमा यसो गर्न यो हामीलाई सहायक हुँदछ भन्ने कुरा विल्कुलै गलत हो । अरुहरूले हामीबाट सिक्दछन् भन्ने आशा हामीले गरे जस्तै हामी पनि त्यो आशा गर्दछौं कि अरुहरूको खीष्टियन अनुभवहरू र पवित्रशास्त्रको छलफलहरूको माध्यमबाट हामी सिक्न सक्दछौं ।

प्राय: एक समूह वा स्कुलको समभ्कले अर्को स्कूलको समभ्कले देख्न नसकेको गल्तीहरूलाई प्रमाणित गर्न सक्दछ । तसर्थ होसियारी साथ, हामी अरुहरूबाट सिक्न सक्दछौं, र केही मामिलाहरूमा, तिनीहरूले ती क्षेत्रहरू औंल्याउन (देखाउन) सक्दछन् जसमा हामीले अभ्क अगाडि खोज गर्न आवश्यक हुँदछ । त्यसको अर्थ यो होइन कि हामी अरुहरूले भनेका कुराहरू आँखा चिम्लेर स्वीकार गर्दछौं । यदि हामी त्यसो गर्न चाहन्छौं भने हामी त्यो कुरा असम्भव पाउँदछौं किनकी केही सुभ्कावहरूले अरुहरूको विरोध गर्दछ । हामी सम्पूर्ण कुराले तिनीहरूलाई विश्वास गर्न सक्तैनौं ।

यसर्थ, सत्यताको स्तर के हो त ? पवित्रशास्त्र नै हो । त्यसैकारण पवित्र शास्त्रमा बलियोसँग जग बसाउन हामीलाई अत्यावश्यक छ ।

बचनको सेवकाईले काम चाहन्छ । यसले समय लिंदछ पाष्टरहरूले समयको ठूलो परिमाण अध्ययन गरेर खोजवीन गरेर र मजबुत जग सहितको प्रवचन तयार गरेर विताउन आवश्यक छ । धेरै यस्ता कामहरू प्राय: कहिल्यै पनि देखिंदैन, तर यो देखिन आवश्यक छ । हामीसँग पुस्तकालय हुनुपर्दछ, तर जब हामी प्रचार गर्दछौं, हामी हामीसँगै पुस्तकालय ल्याउँदैनौं । हामीले भेटेका हरेक सत्यताको हामी उल्लेख गर्दैनौं । हामीले जाँचेका हरेक ग्रीक शब्दलाई उल्लेख गर्दैनौं । आधुनिक जीवको बारेमा प्रकाश पार्ने कुरा औंल्याउन र चाखलाग्दो तरिकाले यसलाई प्रस्तुत गर्न हामीले पवित्रशास्त्रको सन्देशलाई छान्नका लागि समय लिनु पर्दछ ।

एक पाष्टर "घरमा" उसको अध्ययनमा सहायक कामहरू र प्राविधिक स्रोतहरू सहित सक्रिय हुनु नै पर्दछ । उनी "घरमा" साथै बजारमा, र उनले सेवाकाई गरिरहेका मानिसहरू जो र जहाँ तिनीहरू बस्छन् र काम गर्छन् त्यहाँ पनि सक्रिय हुनुपर्दछ । दुई कुराहरू बीचको खाली ठाउँलाई भर्ने पाष्टरहरूको कार्य हो अर्थात सुसमाचारलाई अनुवाद गरेर स्पष्टसँग चाखलाग्दो, वाध्य बनाउने तरिकाले व्याख्या गर्नु पाष्टरहरूको कार्य हो ।

पाष्टरहरूको जिम्मेवारी सदस्यहरूलाई शिक्षा दिनु हो - र मण्डलीको

सदस्यहरूको जिम्मेवारी अध्ययन गर्नु हो । आउनुहोस्, हामी आफैलाई प्रार्थना र अध्ययन, प्रचार र शिक्षामा समर्पण गरौं ।

## बाईबल अध्ययनका पाँच साधारण नियमहरू:

बाईबल एक जटिल पुस्तक हो, तर यसमा साधारण सन्देश छन् । त्यसभित्र प्रशस्त ज्ञानवर्द्धक कुराहरू आजीवन पूर्ण अध्ययनका लागि छन् र भर्खर शुरुवात गर्नेहरूले पनि सजिलै भेट्टाउने ज्ञानवर्द्धक कुराहरू पनि त्यहाँ छन् । तपाईंले शुरु गर्न सही कदम बढाउनका लागि यहाँ केही आधारभूत नियमहरू छन् ।

यदि तपाईंले कहिल्यै पनि १,००० पन्ना भएको पुस्तक पढ्नु भएको छैन भने, बाईबल कठिन र भेट्न नसकिने जस्तो लाग्न सक्छ । डरलाग्दो नामहरू र डरलाग्दो रीतिरिवाजहरूले तपाईंलाई त्रसित पारिरहेको हुनसक्छ । तर कठिनाईहरूको बावजुद पनि सम्भवत तपाईं बाईबल अध्ययन गर्न चाहनु हुन्छ, किनकी तपाईंले सुन्नु भएको छ कि यसले तपाईंलाई बनाउनु हुने र प्रेम गर्नुहुने परमेश्वरको बारेमा धेरै कुराहरू तपाईंलाई बताउन सक्दछ । यसले तपाईंको उद्धारकर्ता येशूको बारेमा बताउन सक्छ र उहाँले के गर्नुभयो र के शिक्षा दिनुभयो भन्ने बारेमा पनि तपाईंलाई यसले बताउन सक्दछ । यस पुस्तकमा बहुमूल्य कुरा कहीं छिपेको छ, तर तपाईं त्यसलाई कसरी भेट्ने भन्ने बारेमा पूर्णरूपमा निश्चित हुनुहुन्न ।

यहाँ पाँचवटा नियमहरू तपाईंको सहायताको निम्ति छन् :

## शुरुवात:

यो ठूलो पुस्तक हो, र त्यसलाई कुनै कुराले पनि परिवर्तन गर्दैन । शुरुवात गर्ने एउटै मात्र तरिका शुरु गरिहाल्नु हो । दश माइलको पदयात्रा पहिलो कदमबाट शुरु हुँदछ । त्यसकारण अध्ययन गर्न शुरु गरिहाल्नुहोस् ! तर एकै पटकमा सबै अध्ययन गर्ने प्रयास नगर्नुहोस् । बाईबल छिटो अध्ययन गरिने रूपरेखामा तयार गरिएको थिएन । यो कुनै उपन्यास, रहस्यमय वा रोमाञ्चकारी पुस्तक होइन । बरु यो विभिन्न प्रकारका लेखहरूको संकलन हो ।

उदाहरणका लागि उत्पत्तिको पुस्तकमा विभिन्न कथाहरू छन् जसमा विभिन्न मुख्य चरित्रहरूलाई समेटिएका छन् । हरेकले उसको आफ्नै केही सोचहरू उल्लेख गरेका छन्, त्यसकारण मैले त्यो गरेको छु भन्नलाई तपाईं त्यसमा दौडनलाई हतार

नगर्नुहोस् । तपाईं प्रत्येक दिन आफ्नो केही समय लिनुहोस् । तपाईं आफ्नो कार्य र समय तालिकाको रूपरेखा कोर्नुहोस् ताकि यो कामको लागि तपाईंले केही समय निकाल्न सक्नु हुनेछ । तर तपाईं कहाँबाट शुरु गर्नु हुन्छ त ?

उत्पत्तिको पुस्तकमा केही चाखलाग्दो कथांहरू छन्, र महान कथाबाट प्रस्थानको पुस्तक शुरु हुँदछ, तर त्यसपछि कथाहरू नाटकीय रूपमा कम हुँदै गएको छ, र धेरै मानिसहरूले लेवी को पुस्तक र गन्तिको पुस्तक पुग्ने समय सम्ममा चासो गुमाउँदछन् ।

सम्भवत नयाँ नियमबाट शुरुवात गर्नु असल हुँदछ, येशूका कथाहरू सित । मर्कूसको पुस्तक छिटो तरीकाले चलायमान हुने सुसमाचार हो, प्रेरितको पुस्तकमा महान कथा बहेको छ । त्यसपछि यसमा पावलको पत्रहरूको प्रसङ्गलाई समावेश गरेको छ ।

सबै कुरा "सही तरिकामा" अध्ययन गर्नु तपाईंलाई अभिभारा दिइएको महशुस नगर्नुहोस्- रोममा खीष्टियनहरूले प्रथम पटक रोमीको पुस्तक राम्ररी अध्ययन गरे । लूकाको सुसमाचार पढ्दा, त्यसपछि हिब्रूहरूको पत्र पढ्दा वा कुनै पनि पढ्दा तपाईं आफूलाई वरिपरिका कुराहरू देखी स्वतन्त्र महशुस गर्नुहोस् : पछि तपाईं पुरानो नियमको पुस्तक जस्तै भजनसंग्रह वा शामुएलको पुस्तक पनि अध्ययन गर्न कोशिस गर्नै पर्दछ ।

जब तपाईं प्रत्येक पुस्तक अध्ययन गर्न शुरु गर्नुहुन्छ, प्रत्येक पुस्तकको पहिलो पन्नामा मिति हाल्नुहोस् । त्यसो गर्नाले कुनचाहिँ पुस्तक तपाईंले अध्ययन गरिसक्नु भयो र कुन चाहिँ छैन भन्ने कुरा थाहा पाउन तपाईंलाई सजिलो हुँदछ । यदि तपाईंले त्यसरी राख्नु भयो भने, अन्त्य सम्मै ती सबै तपाईंले खोज्नु हुँदा भेट्टाउन सक्नु हुन्छ ।

तपाईं आधुनिक रूपमा अनुवादित बाईबल पनि पाउने चाहना गर्न सक्नुहुन्छ । त्यसमा ४०० वर्ष पुरानो अंग्रेजीको बारेमा सहयोगी वा पवित्र कुराहरू केही पनि छैनन् । तपाईं न्यू इन्टरनेश्नल भरसन, न्यू लिभिङ्ग ट्रान्सलेसन वा अरु सजिलो हुने भरसनहरू अध्ययन गर्न कोशिस गर्नुहोस् ।

## ***अध्ययन:***

यदि तपाईंले एउटै मात्र वाक्य पढ्नु भयो भने, तपाईंलाई गलत बुझाई हुन सक्दछ । उदाहरणको लागि यदि मैले "फायर" भनेर चिच्याए भने मैले तपाईंलाई खतराको जनाउ गराइरहेको छु वा बन्दुक चलाउनलाई तपाईंलाई भनिरहेको

छु तपाईंले थाहा गर्न सक्नु हुन्न । तपाईंले कुनैपनि कुरा बुझ्नु भन्दा अघि शब्दको प्रसङ्ग बुझ्न आवश्यक छ ।

त्यसैले के भइरहेको छ भन्ने कुरा बुझ्न तपाईं चाहनु हुन्छ भने, तपाईंले लेखको अनुच्छेद अध्ययन गर्न आवश्यक हुन्छ, यदि त्यसमा असम्वद्ध अर्थ लाग्ने वाक्य भएमा त्यसलाई छाडेर अर्को पन्ना पल्टाउने नगर्नुहोस् । कहिलेकाहीं त्यस्तो असम्वद्ध अर्थ लाग्ने वाक्य हुँदछन्, तर प्राय त्यस्तो हुँदैन र त्यस्तो अर्थलाग्ने वाक्य छ कि छैन भनेर थाहा गर्नका लागि एउटै उपाय हामी केही मात्र भएपनि पहिलो वाक्य र केही पछिको अध्ययन गर्नै पर्दछ यो महशुस गर्नलाई कि पूरा अनुच्छेदले के को बारेमा कुरा गरिरहेको छ । को कुरा गरिरहेको छ, कसले के गरिरहेको छ, र किन ? भन्ने कुरा थाहा गर्नका लागि पनि ।

धेरै आधुनिक अनुवादहरूले अनुच्छेदहरूमा शब्दहरू थपेर र मुख्य शाखाहरूलाई उपशिर्षकहरू दिएर हामीलाई प्रसङ्ग हेर्नका निम्ति सहायता गरेका छन् । यी चिन्हहरू प्राय: कुनै एक विषय कहाँ अन्त्य भयो र अर्को विषय शुरु भयो भन्ने सूचकको रूपमा सहयोगी छन् । मुख्य बुँदा यो हो कि हरेक पदलाई प्रसङ्गमा अध्ययन गर्नु पर्दछ । तर पूर्णरूपले स्वतन्त्र सोचाईमा भएर होइन ।

## सोध्नु:

दुर्भाग्यवस, हामीले अध्ययन गरेका सबै कुरा हामी बुझ्न सक्दैनौं । हामी आधुनिक उपन्यास अथवा चलचित्रमा सबै कुरा बुझ्न सक्तैनौं तापनि हामी कथाको वहावमा रमाउन सक्दछौं । तर जब बाईबलको प्रसङ्गमा आउँदछ, प्राय: मानिसहरू समस्यामा पर्दछन्, जब उनीहरूले सबै कुराहरू बुझ्दैनन् । अन्त्यमा यो परमेश्वरबाटको सन्देश हो र यसलाई हामीले बुझ्नु पर्दछ र जब हामी बुझ्दैनौं हामी मूर्ख जस्तो महशुस गर्दछौं ।

ल, यो कुरालाई हामी स्पष्ट पारौं: कसैले पनि बाईबलका सम्पूर्ण कुराहरू बुझ्न सक्तैनन्, यद्यपि ५० वर्ष सम्म यसलाई अध्ययन गरेपछि पनि । कसैले पनि त्यसलाई अध्ययन गरेको पहिलो पटक मै सबै कुरा बुझ्न सक्तैनन् । (केही मानिसहरू सोच्दछन् कि तिनीहरू सक्छन् तर तिनीहरूसँग झन् ठूलो समस्या छ ! जब परमेश्वरका कुराहरूको बारेमा आउँदछ, हामी सबै अलिकति अनभिज्ञ छौं । सहज महसुस गर्नुहोस् । यदि तपाईंले केही कुराहरू बुझ्नु भएन भने, प्रश्न सोध्नुहोस् ।

बाईबललाई सोध्नुहोस् । (यदि तपाईं चाहनु हुन्छ भने ठूलो स्वरले कुरा गर्नुहोस् तर कुनै स्वर सुन्ने आशा नगर्नुहोस् ।)

बाईबललाई सोधौं: यहाँ को बोलिरहेको छ ? ऊ वा उनीले कस्तो महशुस गरिरहेको छ ? किन यी मानिसहरूले यो तरिकामा यी कुराहरू गरिरहेका छन् ? के म पनि सोही कुरा गर्न सक्दछु ? के हामीले यसलाई अक्षरश रूपमा मात्र मानी लिनुपर्ने हो वा सच्चै नै यसले केही कुराहरूको बारे कुरा गरिरहेका छ ? के केही कुराहरू असल छन् वा केही कुराहरू खराब ? के मलाई बुझ्नको निम्ति सहायता गर्न संकेत दिने त्यस्तो कुनै कुरा त्यसमा छ ?

कहिलेकाहीं जवाफहरू स्पष्ट हुँदछन्, कहिलेकाहीं हुँदैनन् । कहिलेकाहीँ चाहिं हामीले ठूलो प्रश्न चिन्ह कोरेर त्यसबाट हट्नुपर्दछ । बाईबल हुनुको सिर्फ त्यो एउटा तरिका हो । हुन सक्छ हामी पाँच वर्ष पछि मात्र बुझ्न सक्दछौं । हुन सक्छ हाते बाईबल पुस्तकले बुझ्नको निम्ति हामीलाई सहायता गर्न सक्दछ । हामी जान्दैनौं तर के कुरा निश्चय रूपमा जान्दछौं भने अहिले तत्काल त्यो कुराहरू हामी बुझ्न सक्दैनौं । त्यो ठिकै छ । कहिलेकाहीं अर्को अनुच्छेदमा जानु नै उत्तम हुन्छ । प्रश्नहरू हुनु ठिकै हो ।

## कुराकानी:

प्राय: जुन कुराहरू तपाईं बुझ्नु हुन्न तर कसैले बुझ्न सक्दछ । त्यसकारण जब हामीसँग बाईबलका बारेमा प्रश्नहरू हुँदछन्, हामी त्यसको बारेमा अरु खीष्टियनहरूसँग कुराकानी गर्न सक्दछौं । तिनीहरूले सोही प्रश्नहरूको बारेमा पहिले नै अध्ययन गरिसकेको हुन सक्छन् र यस प्रश्नको बारेमा स्पष्ट पार्न सक्षम हुन सक्दछन् ।

तपाईंले अध्ययन गरेको र आनन्द गर्नु भएको केही कुराहरू तपाईं बाँड्न चाहनु हुन्छ । सम्भवत तपाईंले हितोपदेशलाई तपाईं जुन अवस्थामा हुनुहुन्छ त्यसमा लागु हुने देख्नु हुन्छ । सम्भवत तपाईंले चाहनु भएको र पाउनु भएको विश्वासको कथा तपाईंले अध्ययन गर्नु भएको छ । वा परमेश्वर कति महान हुनुहुन्छ भन्ने आभास मात्र थियो त्यो । यी कुराहरूको पनि एक अर्कालाई प्रोत्साहन गर्नको निम्ति कुराकानी गर्नुहोस् ।

नयाँ नियमले पहिलेका मण्डलीहरूलाई संगतिका रूपमा व्याख्या गर्दछ,

मानिसहरूको समूह जोहरूले प्राय: परमेश्वरको थोकहरूको बारेमा एकअर्का सित बोल्थे । तिनीहरूले आफैलाई प्रेरितहरूको शिक्षाहरूमा समर्पित गरे । तिनीहरूले जे कुरा सिके त्यसैमा रमाए अनि तिनीहरूले पाएको आनन्दको बारेमा कुराकानी गरे ।

आधुनिक संसारमा, ख्रीष्टियनहरू कुराकानी प्राय: मण्डली अघि वा पछि गर्दछन् वा सानो समूहहरूमा जो हप्ता भरीमा घरहरूमा भेट हुन्छ । सानो समूहहरू वृहत उद्देश्यको निम्ति एकसाथ प्रार्थना गर्न, पवित्रशास्त्रको बारेमा छलफल गर्न र एक अर्कालाई सहायता गर्नको लागि भेट्दछन् । यिनै समूहहरू मध्ये एकले तपाईंलाई तपाईंको बाईबल अध्ययनमा सहायता गर्न सक्दछ । त्यसकारण असल तरिकाले बुझ्नको लागि त्यो असल कदम हो: बाईबलको बारेमा अरु ख्रीष्टियनहरूसँग कुराकानी गर्नुहोस् ।

## नरोक्नुहोस:

त्यस समय देखि अहिले सम्म बाईबल एक पुस्तक हो र अझ सम्म पनि हामी त्यसलाई पहिलो पटकमा केही पनि बुझ्न सकिरहेका छैनौं, हामीले त्यसलाई निरन्तर अध्ययन गरिरहन आवश्यक छ । यदि तपाईं साँच्चै नै परमेश्वर हामीसँग बाईबलद्वारा भएर कसरी बोल्नु हुन्छ भन्ने कुरा बुझ्न चाहनु हुन्छ भने तपाईंले तपाईंको जीवनको लामो समय सम्म बाईबलको बारेमा अध्ययन गर्ने, सोच्ने र कुराकानी गर्ने बानी बसाल्न आवश्यक छ ।

बाईबलका सम्पूर्ण कुरा जान्नु अगावै हामी मर्दछौं किनकी त्यसमा सिक्नका निम्ति सधैं धेरै कुराहरू हुन्छन् । यो कुरा चाहिं निरन्तर त्यसमा लागिरहनका लागि प्रेरणाका कुरा हुनुपर्दछ, छोड्नका लागि होइन । बाईबलमा साँच्चै नै मूल्यवान वस्तुहरू छिपेर रहेका छन्, र त्यसलाई खोजेर निकाल्नका लागि धैर्यता र दृढता चाहिन्छ । केही बहुमूल्य वस्तुहरू हामी तुरुन्तै पनि भेट्टाउन सक्दछौं, अरुहरू चाहिं धेरै वर्ष पछि मात्र प्रकाश हुँदछ । त्यहाँ सधैं हेर्नका निम्ति केही कुराहरूले हामीलाई पर्खि रहेको हुन्छ ।

हामी सबैले त्यसलाई स्वीकार गर्नु पर्दछ, हामी कोही पनि जवान भइरहेका छैनौं । हामीले सबैकुरा विर्सिन्छौं । हामीले एकपटक पढेका पाठहरू पनि विर्सिन्छौं, हामी एकपटक थाहा गरेको प्रतिज्ञाहरू पनि विर्सिन्छौं । यदि हामी पवित्रशास्त्र

माथिको हाम्रो स्मरण शक्तिलाई ताजा गरिरहेका छैनौं भने, एकपटक हामीसँग भएको केही कुराहरू हामी विस्तारै गुमाइरहेका हुन्छौं । दृष्टि र दिमाग देखि बाहिर ।

त्यसर्थ नछोड्नु होस्, पुस्तक पढ्दै गर्नुहोस् !

★★★

# इकाई १० क

# अन्त्य

पावल लेख्छन्, यदि भविष्य छैन भने खीष्टमा विश्वास राख्नु मूर्खता हुनेछ (१ कोरिन्थी १५:१९) । भविष्यवाणी अति आवश्यक छ अनि खीष्टियान विश्वाको प्रोत्साहित भाग हो । बाईबलको अगमवाणीले हाम्रो लागिँ अचम्मको सु-समाचार घोषणा गर्दछ । यदि हामीले विवादास्पद बुँदा नबनाई मुख्य अर्थमा ध्यान दियौं भने हामीले धेरै प्रोत्साहनको कुरा पाउँदछौं ।

## अगमवाणीको उद्देश्य

भविष्यवाणी आफ्से आप अन्छ हुँदैन, यसले धेरै महत्त्वपूर्ण सत्यताको घोषणा गर्दछ । परमेश्वरले मानवजातीलाई आफूमा मिलाप गर्दै हुनुहुन्छ, हाम्रो पापहरू क्षमा गरेर उहाँसँगै मित्रता गाँस्न हामीलाई पुनर्स्थापना गर्दै हुनुहुन्छ, भविष्यवाणीले यही सत्यता घोषणा गर्दछ ।

भविष्यवाणी घटनाहरू बताउनलाई मात्र होइन, तर हामीलाई परमेश्वर तर्फ देखाउनलाई पनि हो । यसले परमेश्वर को हुनुहुन्छ, उहाँ कस्तो हुनुहुन्छ, उहाँले के गर्दै हुनुहुन्छ र उहाँ हामीले के गरेको चाहनु हुन्छ भन्ने कुरा हामीलाई भन्दछ । भविष्यवाणीले मानिसलाई खीष्ट येशूमा विश्वासद्वारा परमेश्वरसँग मिलाप गरुन भनी आग्रह गर्दछ ।

पुरानो नियमको समयमा धेरै निश्चित भविष्यवाणीहरू पूरा भए, अनि अझपनि अरु पूरा हुनुपर्ने भविष्यवाणीका पर्खाइमा छौं । तर सबै भविष्यवाणीको मुख्य केन्द्रबिन्दु छुट्कारा - पापहरूको क्षमा र अनन्त जीवन जुन् येशू खीष्टद्वारा नै आउँदछ । भविष्यवाणीले परमेश्वर इतिहासको नियन्त्रणमा छ भनी हामीलाई विश्वास दिलाउँदछ (दायिनयल ४:१७), यसले खीष्टमा हाम्रो विश्वासलाई बलियो बनाउँदछ (यूहन्ना १४:२९) अनि भविष्यको लागि हामीलाई आशा दिँदछ (१ थिस्सोलोनिकी ४:१३-१८) ।

मोसा र अगमवक्ताहरूले येशूको विषयमा लेखे, उहाँ मर्नु हुनेछ र फेरी उहाँको पुनरुत्थान हुनेछ भन्ने सत्यताको घोषणा गरे (लूका २४:२७,४६) । तिनीहरूले येशूको पुनरुत्थान पछि पनि घट्नाहरूको बारे भविष्यवाणी गरे, जस्तै

सु-समाचारको प्रचार (पद ४७)।

भविष्यवाणीले ख्रीष्ट येशूमा भएको मुक्तिलाई देखाउँछ। यदि हामी मुक्ति पाउँदैनौं भने, भविष्यवाणीले हामीलाई असल गर्ने छैन। यो चाहिँ ख्रीष्ट येशूद्वारा मात्र सम्भव छ ताकि हामी सदासर्वदा रहने परमेश्वरको राज्यको एकभागी बन्न सकौं (दानियल ७:१३-१४, २७)।

बाईबलले ख्रीष्ट येशूको वापस आगमनलाई घोषणा गर्दछ, अन्तिम न्याय, अनन्तन्याय र इनामहरूको घोषणा गर्दछ। यी अग्रीमवाणीहरूसँगै, भविष्यवाणीले मानिसलाई मुक्तिको खाँचो छ भनी चेतावनी दिन्छ, लगायत त्यो मुक्तिको पक्का प्रत्याभूती छ भनी घोषणा गर्छ। परमेश्वरले लेखा लिनलाई बोलाउनु हुन्छ भनी भविष्यवाणीले हामीलाई भन्दछ (यहुदा १४-१५), ताकि उहाँले हामीलाई बचाउन सकून् (२ पत्रुस ३:९) अनि उहाँले हामीलाई साँच्चै नै बचाउनु भएको छ (१ यूहन्ना २: १-२)। यसले हामीलाई सबै खराब कुराहरू हार्नेछन् भनी निश्चय गराउँछ, अनि सबै अन्याय र दु:ख को अन्त पनि हुनेछ भनेर निश्चय गराउँदछ (१ कोरिन्थी १५:२५; प्रकाश २१:४)। भविष्यवाणीले हाम्रो परिश्रमहरू व्यर्थ नहोस् भनेर विश्वासीहरूलाई उत्साह दिन्छ। हामी सतावटहरूबाट बच्ने छौं, हाम्रो दोष निवारण हुनेछ अनि हामी इनाम पाउनेछौं। भविष्यवाणीले हामीलाई परमेश्वरको विश्वासनियता र प्रेमको विषयमा सम्झना गराउँछ र उहाँप्रति विश्वासिलो भइरहन हामीलाई सहायता गर्छ (२ पत्रुस ३:१०-१५, १ यूहन्ना ३:२-३)। सबै भौतिक धन सम्पत्तिहरू अस्थायी हुन् भनी सम्झना गराएर परमेश्वरको अदृष्य सम्पत्ति थुपार्ने उत्साह दिँदछ अनि हाम्रो अनन्तसम्बन्ध उहाँसँग नै छ भनेर पनि हामीलाई उत्साह गराउँदछ।

जकरियाको भविष्यवाणीले पश्चातापको लागि बोलावट भएको देखाउँछ (जकरिया १:३-४)। परमेश्वरले सजायको विषयमा चेतावनी दिँदछन्, तर पश्चातापको लागि बाटो पनि हेरी राखेका हुन्छन्। योनाको कथामा देखाइए जस्तै, परमेश्वरले यदि एकजना पापीले मात्र पश्चाताप गरे पनि उहाँको भविष्यवाणीलाई विपरीत पार्न चाहनु हुन्छ। भविष्यवाणीको उद्देश्य हामीलाई परमेश्वर तर्फ फर्काउनलाई हो, जोसँग हाम्रो निम्ति अचम्मको भविष्य छ, तर "रहस्य" कुराहरू जान्न चाहने हाम्रा इच्छाहरू सन्तुष्ट पार्न भने होइन।

## सावधानीको आवश्यकता

कसरी हामीले बाईबल भविष्यवाणी बुझ्न सक्छौं ? धेरै सावधानीसँग मात्र भविष्यवाणी बुझ्न सकिन्छ। अर्थपूर्ण भविष्यवाणीले घमण्डमा फुलेर गलत सिद्धान्त र गलत अगमवाणीसित सु-समाचारमा वादविवाद ल्याउँछ। यस्तो गलत भविष्यवाणीको कारण केही मानिसले बाईबल र ख्रीष्टलाई समेत खिसी गर्दछन्। सानो असफल अगमवाणीहरूलाई गम्भिर चेतावनी हुनुपर्छ ताकि व्यक्तिगत दोष सत्यताको जमानत नहोस्। असफल अगमवाणीले विश्वासलाई कमजोर बनाउन सक्छ, हामी सावधानी हुनुपर्छ।

ख्रीष्टियन जीवन र आत्मिक उन्नति बारे हामीलाई गम्भिर बनाउन हामीलाई उत्तेजित अगमवाणी आवश्यक छैन। मितीहरू र अरु विवरणहरूको ज्ञान (यदि तिनीहरू सही कुरामा फर्के पनि) मुक्तिको ग्यारेन्टी होइन। हाम्रो ध्यान ख्रीष्टमा केन्द्रित हुनुपर्छ, पछि विकसित हुने भयंकर शक्तिको विश्वासलाई सहयोग गर्ने होइन। मनलाई ग्रस्त पार्ने अगमवाणी भन्नुको मतलब हामी सुसमाचारमा त्यति जोड दिंदैनौ भन्ने हुन्छ। मानिसलाई पश्चाताप गर्न र ख्रीष्टलाई विश्वास गर्न आवश्यक छ चाहे ख्रीष्टको आगमन नजीक हो् वा नहोसे्, हजार वर्षको राज्य होस् वा नहोस्, अमेरिकाले बाईबल भविष्यवाणीमा परिचित होस् वा नहोस्।

किन भविष्यवाणी व्याख्या गर्न धेरै कठिन छ ? हुन सक्छ ठूलो कारणचाहिँ लाक्षणिक भाषामा धेरै पटक दिइएको छ। मौलिक पाठकहरूले लाक्षणिक भाषाको अर्थ बुझ्न सक्छन् तर हामी विभिन्न समय र संस्कृतिमा रहन्छौ भने हामी सधैं यी लाक्षणिक कुरा बुझ्न सक्दैनौ।

भजनसंग्रह १८ लाक्षणिक भाषाको उदाहरण हो। यसको कविताले दाउदलाई उसको शत्रुबाट परमेश्वरले बचाएको व्याख्या गर्छ (पद १)। दाउदले यसको लागि केही रूपहरू प्रयोग गरेको छः चिहानबाट बाँचेको (पद ४-६), भूईंचालो (पद ७), स्वर्गीय चिन्ह (पद ८-१४), समुद्रबाट पनि बाँचेको (पद १५-१८)। यी कुराहरू वास्तवमा शाब्दिक रूपमा भएका थिएनन्, तर बाईबलिय कविताले यस्तो काल्पनिक लाक्षणिक बोली प्रयोग गरेको छ। यो भविष्यवाणीको सत्य पनि हो।

यशैया ४०:३-४ ले हामीलाई भन्दछ कि पहाडहरूलाई होच्याइने छ र बाङ्गोटिङ्गो बाटो सोज्याइने छ - तर यसलाई शाब्दिक रूपमा लिन हुन्न। लूका ३:४-६ ले देखाउँछ

कि यो भविष्यवाणी बप्तिस्मा दिने यूहन्नाद्वारा पूरा भयो । भविष्यवाणी पहाडहरू र बाङ्गोटिङ्गो बाटोहरू होइन ।

योएल २:२८-२९- भनेको छ कि परमेश्वरको आत्मा "सबैमाथि" खन्याइने छ, तर पत्रुसले भन्छ यो पेन्टीकोसको दिनमा पूरा भयो (प्रेरित २:१६-१७) । सपनाहरू र दर्शनहरू योएल अगमवक्ताले भविष्यवाणी गरेको कुरा शाब्दिक नहुन सक्छ, पत्रुसले पनि अगमवाणीको विवरण शाब्दिक रूपमा केलाएनन् - र हामीले पनि केलाउनु हुँदैन । जब हामी लाक्षणिक भाषासँग व्यवहार गर्छौं, सबै भविष्यवाणी शाब्दिक रूपमा पूरा हुन्छ भनी सोच्न त्यति ठीक हुँदैन ।

यी कारकहरूले बाईबलिय भविष्यवाणी व्याख्या गर्ने मानिसलाई प्रभाव पार्छ । एउटा पाठकले शाब्दिक अर्थ मन पराउला, अर्कोले लाक्षणिक अर्थ मन पराउला, अनि कुन चाहि) ठिक हो भनी छुट्टाउन कठिन होला । यसले ठूलो तस्वीर माथि हामीलाई ध्यान दिन बाध्य बनाउँछ, विवरणहरूमा होइन । हामीले धमिलो ऐनामा हेर्दैछौ, ठूलो पार्ने स्पष्ट देखिने ऐनाद्वारा हेरेका छैनौ ।

भविष्यवाणीको केही प्रमुख क्षेत्रमा, ख्रीष्टियनहरूको एकमत छैन । मेगारोहण, महासंकष्ट, हजारवर्षको राज्य, मध्यम अवस्था र नरक बारेको विचारमा ठूलो विवाद छ । यी विवरणहरू प्रमुख होइनन् ।

यद्यपि तिनीहरू परमेश्वरको योजनाको एक भाग हुन्, र उहाँको निम्ति महत्त्पवूर्ण हुन्, विशेष गरेर यदि मानिसहरूको विभिन्न उत्तरको कमी सम्झन्छौ भने हामीले सबैको ठिक उत्तर पाउनु पर्छ भन्ने महत्त्वपूर्ण कुरा छैन । सबै कुराको ठिक उत्तर भन्दा पनि हाम्रो व्यवहार धेरै महत्त्वपूर्ण छ ।

शायद हामीले यात्रासँग भविष्यवाणीको तुलना गर्छौं । हाम्रो वास्तविक गन्तव्य कहाँ हो भनेर जान्न आवश्यक छैन, कुन बाटो हामीले लिने वा कति छिटो हामी जान्छौ त्यो जान्न पनि आवश्यक छैन । हामी धेरैजसोले हाम्रो प्रभू येशू ख्रीष्टमा भरोसा गर्न आवश्यक छ । उहाँ मात्र एक हुनुहुन्छ जसले साँचो बाटो जान्नु हुन्छ, हामी उहाँ विना त्यो मार्गमा हिंड्न सक्दैनौ । उहाँमा टाँसिएर रहौं - बाँकी विवरणहरूमा उहाँले नै वास्ता गर्नुहुन्छ ।

मनमा यी सावधानीको कुराहरू लिएर भविष्य बारे केही आधारभूत ख्रीष्टियनको विश्वास तिर हेरौं ।

## ख्रीष्टको पुनार्गमन

भविष्यवारे हाम्रो विश्वासको लागि न्यायिक घट्ना ख्रीष्टको दोस्रो आगमन हो। येशू फर्की आउनु हुन्छ भन्ने तथ्यमा अचम्मको मत छ।

येशूले "म फेरी आउने छु" भनी उहाँको चेलाहरूलाई भन्नु भयो (यूहन्ना १४:३)। उहाँले त्यो कहिले हुन्छ भनेर जान्नलाई समय खेर नफाल भनी चेलाहरूलाई चेतावनी दिनुभयो (मत्ती २४:३६)। त्यो समय नजिक छ भनी सोच्ने मानिसहरूलाई उहाँले जिस्क्याउनु भयो (मत्ती २५:१-१३) र उहाँको आगमन ढिलो हुन्छ भनी सम्झनेहरूलाई पनि जिस्क्याउनु भयो (मत्ती २४:४५-५१)। केही मतलब छैन, हाम्रो अभिभारा तयार हुनु मात्र हो।

स्वर्गदूतहरूले उहाँको चेलाहरूलाई भन्ने - येशू स्वर्गमा जानु भए जस्तै गरी फेरी आउनेछन् (प्रेरित १:११)। उहाँ "स्वर्गबाट आगोको ज्वालामा उहाँको शक्तिशाली स्वर्गदूतहरूसँग प्रकट हुनेछन्" (२ थिस्लोलिनिकी १:७)। पावल यसलाई "हाम्रा महान परमेश्वर र मुक्तिदाता येशू ख्रीष्टका महिमाको आगमन भन्दछन्" (तितस २:१३)। पत्रुसले येशू "प्रकट" हुनुहुन्छ भन्छन् (पत्रुस १:७,१३)। यूहन्नाले पनि भन्दछन् उहाँ प्रकट हुनुहुन्छ (१ यूहन्ना २:२८), अनि हिब्रू ९:२८ ले भन्छ - "उहाँ दोस्रो पल्ट प्रकट हुनेछन् - उहाँको पर्खाइमा रहनेहरूको मुक्तिको लागि उहाँ प्रकट हुनेछन्।"

त्यहाँ "प्रधान स्वर्गदूतको आवाज र परमेश्वरको तुरहीको स्वरसित चर्को आज्ञा" हुनेछ (१ थिस्सोलोनिकी ४:१६)। यसको विषयमा त्यहाँ कुनै गल्ती हुने छैन।

जब येशू फर्कनु हुन्छ दुईवटा अर्को घट्नाहरू घट्दछन् - पुनरुत्थान र न्याय। पावल लेख्छन् कि जब येशू आउनु हुन्छ ख्रीष्टमा मरेकाहरू जीवित हुनेछन्, अनि विश्वासीहरू जो जीवित छन् प्रभू यस प्रथ्वीमा आउनु हुँदा भेट्न जीवित हुनेछन् (१ थिस्सोलोनिकी ४:१६-१७)। "अन्तिम तुरहीको आवाजमा" मरेकाहरू अविनासी शरीरमा जीवित हुनेछन् भनी पावल लेख्छन्, अनि हाम्रो परिवर्तन हुनेछ" (१ कोरिन्थी १५:५२)। हामी महिमित, शक्तिशाली, अविनासी, अमर र आत्मिक भई रूपान्तर हुन्छौं (पद ४२-४४)।

मत्ती २४:३१ ले यो घट्नालाई अर्को दृश्यबाट व्याख्या गरेको छ: "ख्रीष्टले आफ्ना स्वर्गदूतहरूलाई तुरहीको ठूलो आवाजमा पठाउनेछन्, र तिनीहरूले आकाशको

एक छेउ देखि अर्को छेउ सम्म चारै दिशाबाट उसका चुनिएकाहरूलाई भेला गर्नेछन् ।" सामाको दृष्टान्तमा, येशूले भन्नुहुन्छ कि - समयको अन्तमा आफ्ना स्वर्गदूतहरू उहाँले पठाउनु हुनेछ, "अनि तिनीहरूले खराब काम गर्न लाउने र पाप गर्न लगाउने हरेक थोकहरू जस्तो सामाहरू उहाँको राज्यदेखि बाहिर फाल्नु हुनेछ (मत्ती १३:४०-४१) ।

"मानिसको पुत्र आफ्ना पिताको महिमामा आफ्ना स्वर्गदूतहरूसँग आउनेछ र त्यस बेला उसले हरेक मानिसलाई त्यसको काम अनुसार इनाम दिनेछन्" (मत्ती १६:२७) । न्याय पनि विश्वासयोग्य दासको दृष्टान्तमा मालिकको आगमनको अंशको रूपमा (मत्ती २४:४५-५२) र सिक्काहरूको दृष्टान्तमा रहेको छ (२५:१४-३०) ।

पावलले भन्छ कि जब प्रभू आउनुहुन्छ, "उहाँले ज्योति ल्याउनु हुनेछ जुनचाहिं अन्धकारमा लुकेको छ अनि मानिसहरूको हृदय को विचारलाई प्रकट गर्नुहुन्छ । त्यो समयमा हरेकले आफ्ना प्रशंसा परमेश्वरबाट पाउनेछ" (१ कोरिन्थी ४:५) । निश्चय नै, परमेश्वरले हरेकलाई अघिबाटै जान्नु हुन्छ, अनि त्यो प्रशङ्गमाा खीष्टको आगमन भन्दा धेरै अघि नै न्याय हुन्छ । तर यो यस्तो हुनेछ कि न्याय चाहिं हरेकको निम्ति खुलमखुला हुनेछ ।

सत्य चाहिं यही हो कि हामी फेरी जीवित हुनेछौ, अनि हामीले इनाम पाउनेछौं, यो चाहिं अचम्मको उत्साह हुनेछ । पुनरुत्थानको छलफल पछि, पावलले "परमेश्वरलाई धन्यवाद होस्, उहाँले हाम्रो प्रभू येशू खीष्टद्वारा हामीलाई विजय दिनुभएको छ । त्यसकारण, मेरा प्यारा भाईहरू हो स्थिर रहो । केही कुराले तिमीहरूलाई हलचल नपारोस् । सधैं आफूलाई प्रभूको कामको निम्ति पूर्णरूपले दिनुहोस्, किनभने प्रभूमा तपाईंको परिश्रम व्यर्थ हुन्न भनेर तपाईं जान्नु हुन्छ" (१ कोरिन्थी १५:५७-५८) ।

## अन्तका दिनहरू

बढी चाहना उत्पन्न गराउन केही भविष्यवाणीको शिक्षकहरूले सोध्छन्, "के हामी अन्तको दिनहरूमा छौं ?" । ठिक उत्तर चाहिं "हो" - र २००० वर्षको लागि यो ठिकै भएको छ । पत्रुसले अन्तको दिनको बारेमा एउटा भविष्यवाणी उदृत गर्नुभयो र उसको आफ्नै समयको लागि उपयोग भयो (प्रेरित २:१६-१७) । हिब्रूको

लेखकले पनि त्यसै भने (हिब्रू १:२) । अन्तको दिनहरू केही मानिसहरूले सोचे भन्दा धेरै लामो छ । येशू शत्रुहरूमाथि विजय बन्नु हुन्छ र नयाँ युग शुरु हुन्छ ।

लडाईंहरू र संकष्टहरूले हजारौं वर्ष मानिसलाई दु:ख दिन्छ । के यो भयानक छैन र ? शायद, त्यसपछि राम्रो हुनसक्छ, त्यसपछि फेरी भयानक हुन आउँछ अर्थात अरुहरूको लागि भयानक अवस्था बढिरहेको बेला केही मानिसहरूको लागि राम्रो । यी दु:खदायी समय तालिकाहरू इतिहासमा तलमाथि भइरहन्छ, र यो लगातार भइ पनि रहने छ ।

तर युगभरी, केही ख्रीष्टयनहरूले दु:खदायी कष्टहरू पाउँछन् जस्तो लाग्छ । तिनीहरूले धेरैजसो महासंकष्ट कालको आशा गर्छन, दु:खको समय संसारले कहिले देख्ने छैन भनी व्याख्या भएको छ (मत्ती २४:२१) । तिनीहरू ख्रीष्ट विरोधीसँग आकर्षण हुन्छन्, पापको मानिस र अर्को परमेश्वरको शत्रु । तिनीहरूले कुनैपनि डरलाग्दो घट्नाले ख्रीष्ट छिट्टै आउनुहुन्छ भनेर विश्वास गर्छन् ।

यो सत्य हो कि ख्रीष्टले डरलाग्दो महासंकष्टको समयको विषयमा भनेका छन् (मत्ती २४:२१), तर मत्ती २४ मा उहाँले गरेका वाणीहरू ईस्वी संवत् ७० मा यरुशलेम पूरा भएको थियो । येशूले घट्नाहरूको बारेमा आफ्ना चेलाहरूलाई सावधानी गरेका थिए कि तिनीहरूले जीवित छँदै ती देख्ने छन् र ती यहुदियाका मानिसहरू पहाड तर्फ भाग्ने छन् (पद १६) ।

येशूले उहाँको आगमन नभएसम्म लगातार महासंकष्ट कालको वाणी गर्छन् । "यो संसारमा तिनीहरूलाई संकष्टै संकष्ट हुनेछ," भनी येशूले भन्नुभयो (यूहन्ना १६:३३) । धेरैजसो उहाँका चेलाहरूले येशूमा तिनीहरूको विश्वासको लागि जीवन दिए । दु:खहरू ख्रीष्टियन जीवनको एक भाग हो, परमेश्वरले हाम्रो सबै समस्याहरूबाट बचाउनु हुन्न (प्रेरित १४:२२: २ तिमोथि ३: १२, १ पत्रुस ४:१२) । प्रेरितीय युगमा पनि ख्रीष्ट विरोधीहरूले काम गरिरहेका थिए (१ यूहन्ना २:१८, २ यूहन्ना ७) ।

के महासंकष्ट काल भविष्यका लागि वाणी भएको हो ? धेरै ख्रीष्टियनहरूले यसै हो भनी विश्वास गर्छन्, शायद तिनीहरूको विश्वास ठिकै छ । तर लाखौं लाख संसारभरीका ख्रीष्टियनहरू सतावट भोगिरहेका छन् । धेरै मरेका छन् । तिनीहरू हरेकको लागि महासंकष्टले कुनै हानी गर्दैन । डरलाग्दो समयले लाखौं लाख

खीष्टियनहरूलाई सतायो । शायद महासंकष्टकाल धेरै मानिसले सोचे भन्दा धेरै लामो छ ।

हामी खीष्टियनहरूको अभिभारा समान् छन् - चाहे महासंकष्ट नजीक होस् या टाढा होस् या आइसकेको होस् । भविष्यको अन्दाजले येशू जस्तै हुन सहायता गर्दैन, र जब यसरी मानिसलाई पश्चाताप गर्न बाध्यता गर्छौं भने यो दुःखद दुरूपयोग हो । महासंकष्टकालको विषयमा अन्दाज गर्न हाम्रो समयको लागि असल उपयोग होइन ।

## हजार वर्ष

प्रकाश २० अध्यायले खीष्ट र सन्तहरूले १००० वर्षको शासन बारे भन्दछ । केही खीष्टियनहरूले खीष्टको १००० वर्षको राज्य शाब्दिक रूपमा व्याख्या गर्छन् - ताकि जब उहाँ आउनु हुन्छ १००० वर्षको राज्य स्थापना गर्छ । अर्को खीष्टियनहरूको १००० वर्षको समय लाक्षणिक हो भनी बिचार गर्छन्, खीष्ट आउनुभन्दा अघि मण्डलीमा खीष्टको शासनलाई संकेत गर्छ भन्ने विचार गर्छन् ।

उदाहरणको लागि, नम्बर एक हजार लाई लाक्षणिक तरिकाले प्रयोग गरिनु पर्छ (व्यवस्था ७:९, भजन ५०:१०), र प्रकाशको पुस्तकमा शाब्दिक रूपमा लिनुपर्छ भन्ने कुनै प्रमाण छैन । प्रकाशको पुस्तक चाहिं शाब्दिक तरिकाले लेखिएको छ । कुनै पवित्रशास्त्रले जब खीष्ट फर्कनु हुन्छ, अस्थायी राज्य स्थापित हुन्छ भनेर उल्लेख गरेको छैन । निश्चय नै दानियल २:४४ पदमा परमेश्वरको राज्य अनन्तको हुनेछ भने र सल्लाह दिँदछ, एक हजार वर्ष पछि कुनै संकष्ट बिनाको अनन्तको राज्य हुनेछ ।

यदि खीष्ट आएपछि हजार वर्षको राज्य छ भने पापीहरू धर्मीजनहरू पछि हजार वर्षका पुनरुत्थान भएर न्याय गरिनेछन् (प्रकाश २०:५) तर येशूको दृष्टान्तले यस्तो कुनै मध्यान्तरको सुझाव दिँदैन (मत्ती २५:३१-४६, यूहन्ना ५:२८-२९) । हजार वर्षको राज्य येशूको सुसमाचारको भाग थिएन । पावलले धर्मीहरू र अधर्मीहरू एकै समयमा पुनरुत्थान हुनेछ भनेका छन् (२ थिस्सोलोनिकी १:६-१०) ।

धेरै यस्ता विवरणहरू यो शिर्षकमा छलफल गर्न सकिन्छ, तर यसमा यहाँ गर्न आवश्यक छैन ।

पवित्रशास्त्रका खण्डहरू हरेक विचारलाई सहयोग गर्न जम्मा गर्न सकिन्छ ।

तर हजार वर्षको विष्यमा मानिसहरूले के धारणा राख्छन्, मतलब छैन, स्पष्ट कुरा यत्ति नै हो : प्रकाशको पुस्तक २० मा व्याख्या गरिएको समय साँच्चै नै अन्त्य हो, अनि अनन्त र महिमित नयाँ स्वर्ग र पृथ्वीले पछ्याउने छ जुन चाहिं हजार वर्ष भन्दा महान र उत्तम हुन् । त्यसकारण जब हामी भोलीको अचम्मको संसारको विषयमा सम्झन्छौं, हामी अस्थायी राज्य होइन तर सिद्ध राज्य र अनन्त कुरामा ध्यान दिन चाहन्छौं । हामीसँग अगाडी हेर्ने पर्ने अनन्तता छ ।

## ***आनन्दको अनन्तता***

अनन्तता कस्तो हुन्छ ? हामी केही मात्र जान्दछौं (१ कोरिन्थी १३:९, १ यूहन्ना ३:२), किनभने सबै हाम्रो वचन र विचारहरू अहिलेको संसारको आधारमा छ । येशूले हाम्रो अनन्त इनाम विभिन्न तरिकाले व्याख्या गरेका छन्: यो चाहिँ सम्पत्ति पाउनु जस्तो हो वा धेरै सम्पत्ति हस्तान्तरण जस्तो हो या राज्यमा शासन गर्ने जस्तो हो वा विवाह भोजमा जानु जस्तो । यो यी सबैकुरा जस्तै छ, तर अति उत्तम कुरा चाहिँ ती सबै कुराहरू जस्तो छैन भन्नु हो । परमेश्वरसँगको हाम्रो अनन्तता हाम्रो शब्दहरूले व्याख्या गरेको भन्दा उत्तम हुनेछ ।

दाउदले यसलाई यसरी भन्छन्: "तपाईंको उपस्थितिमा अनन्तको भरीपुरी छ, तपाईंको दाहिने बाहुलीमा सदासर्वदाको आनन्द छ (भजन १६:११) । उत्तम कुरा चाहिं परमेश्वरसँग अनन्तसँग रहनु हो, उहाँ जस्तै हुनु हो, उहाँलाई उहाँ जस्तै वास्तविक रूपमा देख्नु हो र उहाँलाई पूर्ण रूपमा चिन्नु हो (१ यूहन्ना ३:२) । परमेश्वरले हामीलाई बनाउनु भएको उद्देश्य यही नै हो, यसले हामीलाई सन्तुष्ट दिन्छ र सदासर्वदा आनन्द दिन्छ ।

अनि १०,००० वर्षमा लाखौं आउन बाँकी छ, आज हाम्रो जीवनमा हामी पछाडी देखिन्छौं, हामीसँग भएको दुःखहरूमा हाँस्छौं, हामी मरणशील जीवनमा छँदै कति छिटो परमेश्वरले उहाँको काम गर्नु हुन्छ, हामी छक्क पर्छौं । यो शुरुवात मात्र हो, र अन्त कहिले छैन ।

★★★

# इकाई १० ख

# पुनरुत्थान: भविष्यको लागि हाम्रो आशा

पावल प्रेरितले १ कोरिन्थी १५:१३-१४ मा हामीलाई यसो भन्दछन्, "यदि मृत्युबाटको पुनरुत्थान नभएको भए, खीष्ट पनि पुनरुत्थान हुनु भएको थिएन र यदि खीष्ट पुंनरुत्थान नभएको भए हाम्रो प्रचार व्यर्थ हुन्थ्यो र तपाईंको विश्वास पनि ।" अर्को शब्दमा भन्नु पर्दा, यदि त्यहाँ कुनै पुनरुत्थान नभएको भए, हाम्रो विश्वास लक्ष्य विहिन वा उद्देश्य विहिन हुन्थ्यो ।

यदि ईसाईत्व चाहिं सामान्य शारीरिक जीवनको बारेमात्र हो भने अनि फेरी कहिल्यै अस्तित्वमा नआउनलाई मर्छौं भने त साँच्चै जे हामी के गर्छौं वा कसरी जिउँदछ र के विश्वास गर्छौं त्यसले कुनै अर्थ दिँदैन ।१९ पदमा पावलले भने जस्तै, "यदि यो जीवनको लागि मात्र खीष्टमा आशा गर्छौं भने, अरु सबै मानिसभन्दा पनि हामी दयनीय बन्ने छौं ।"

यदि त्यहाँ केही पनि हाम्रो निम्ति भविष्य छैन भने, तब हाम्रो जीवन हामीसँग भएका असल समय र हामीले गर्न सक्ने कुराहरू माथि नै बढी केन्द्रित रहन्छ (पद ३) । यदि त्यहाँ पुनरुत्थान नभएको भए, हाम्रो निम्ति खीष्टमा विश्वास गर्नलाई केहि पनि सहयोग हुने थिएन, किनकी त्यसको अर्थ चाहिँ बलिदान र सतावट मात्र हुन्थ्यो । अनि यदि त्यहाँ पुनरुत्थान नभएको भए, येशू खीष्टको क्रूसको बलिदानले साँच्चै नै हाम्रो निम्ति केहि पनि फाइदा ल्याएन र हामी अझै पनि पापमा नै छौं (पद १७) ।

तर त्यहाँ पुनरुत्थान छ, खीष्टको लागि मात्र होइन तर हाम्रो निम्ति पनि हो, र यो चाहिं ईसाई विशवासको महत्त्वपूर्ण भाग हो । यो सिद्धान्तको महत्त्वलाई हेरौं, भविष्यको लागि मात्र होइन, तर दिन-दिनको जीवन जीयाइको लागि पनि हेरौं । यो चाहिं हाम्रो जीवनको प्रत्येक दिन लागि उचित हुन्छ ।

## *बाइबलीय प्रमाण*

पुरानो नियमले पुनरुत्थानको बारेमा त्यति कुरा गर्दैन । इजिकिइलले थोरै मात्र कुरा गर्छन् र दानियलले अलिकति, तर हाम्रो विश्वास चाहिं नयाँ नियममा नै आधारित छ र हुनुपर्छ । येशूले पुनरुत्थानको बारेमा थुप्रै दृष्टान्तहरू भन्नुभयो ।

उहाँ आफैले आफूलाई पुनरुत्थान र जीवन हुँ भनेर भन्नुभयो (यूहन्ना ११:२५)। पुनरुत्थान चाहिं प्रेरितको पुस्तकमा धेरै पल्ट उल्लेख गरिएको छ र त्यसैगरी हिब्रूको पुस्तकमा पनि धेरै पल्ट उल्लेख गरिएको छ तर यी खण्डहरूमा पुनरुत्थान बाहेक अरु केही सिकेनौ ।

यहाँ दुईवटा खण्डहरू छन् जसले पुनरुत्थान बारेमा विस्तृत वा धेरै वर्णन् गरेको छ -

पावलको पहिलो पत्र चाहिं थेस्सलोनिकीको मण्डलीको निम्ति थियो, र उहाँको पहिलो पत्र कोरिन्थीहरूलाई थियो ।

१ थेस्सोलोनिकी ४:१३-१८ मा पावल यसरी लेख्छन्, "तर भाई हो, सुतिगएकाहरूका विषयमा तिमीहरू अन्जान बस भन्ने हामी इच्छा गर्दैनौं, र तिमीहरूले आशा नहुने मानिसहरू जस्ता शोक गर्नु नपरोस् । किनकी हामी विश्वास गर्छौं कि येशू मर्नुभयो र फेरी जिइउठ्नुभयो र त्यसरी नै परमेश्वरले उहाँमा सुतिगएकाहरूलाई येशूद्वारा ल्याउनु हुनेछ । प्रभूको वचनद्वारा हामी तिमीहरूलाई घोषणा गर्छौं, कि हामी जो जीवित छौं र प्रभूको पुनरागमनसम्म बाँचिरहन्छौं, सुतिगएकाहरूलाई कुनै किसिमले पनि उछिन्नेछैनौं । किनकी प्रभू स्वयम् हुकुमको गर्जनसित प्रधान स्वर्गदुतको आवाज र परमेश्वरको तुरहीको सोरसित स्वर्गबाट ओर्लनुहुनेछ, र ख्रीष्टमा मरेकाहरू चाहिं पहिले बौरी उठ्नेछन् । तब हामी बाँचिरहेका र छोडिएकाहरू प्रभूलाई आकाशमा भेट्न तिनीहरूका साथसाथै बादलमा उठाइलगिने छौ, र यसरी हामी सधैं प्रभूसँग रहने छौ । यसैकारण एउटाले अर्कालाई यी वचनहरूले सान्त्वना देओ ।"

यहाँ पावलले पुनरुत्थानको बारेमा त्यति कुरा गर्दैनन् तर सिर्फ समयको बारेमा मत्र कुरा गर्छन् । त्यहाँ पुनरुत्थान हुनेछ, अनि कारण चाहिं थाह पाउने छौं त्यो चाहिं येशूको कारण हो, उदाहरणको लागि साँचो मनुष्यता चाहिं उहाँ आफै मृत्युबाट जिइ उठ्नुभएको हो । उहाँको पुनरुत्थानमा हामी विश्वास गर्छौं, साथै उहाँलाई विश्वास गर्ने सबैलाई पनि उठाउनु हुन्छ भन्ने हामी विश्वास गर्छौं र यो चाहिं जब येशू पृथ्वीमा आउनु हुन्छ, त्यतिखेर हुनेछ । विश्वासी जो मरेको छ त्यो उठ्नेछ र विश्वासी जो जीवित छ उ परिवर्तन हुनेछ, अनि बादलमा उहाँलाई भेट्न उहाँ झैं उचालिने छौ र हामी उहाँसँग सदासर्वदा रहने छौ ।

पहिलो कोरिन्थीमा पावल धेरै गहिराई तथा विस्तृत रूपमा जान्छन्, पुनरुत्थानको बारेमा मात्र वर्णन गर्दैनन् तर पुनरुत्थानको अवस्थामा हामी कस्तो हुनेछौं भन्ने बारेमा संक्षिप्तमा टिप्पणी गर्छन् । सर्वप्रथम उहाँले पुनरुत्थानलाई बिउसँग तुलना गर्नुहुन्छ । बिऊ, बिऊ जस्तै देखिन्छ, तर बिरुवा हुर्किन्छ र यो फरक देखिन्छ, यो कस्तो खालको बिऊ हो त्यो बिउमै भरपर्छ (पद ३७-३८) ।

"मृतकहरूको पुनरुत्थान पनि त्यस्तै हो । जुन शरीर बिनाशमा गाडिन्छ, त्यो अविनाशमा जीवित हुन्छ । दुर्वलतामा त्यो गाडिन्छ, शक्तिमा त्यो जीवित हुन्छ । प्राकृतिक शरीरमा त्यो गाडिन्छ, आत्मिक शरीरमा त्यो जीवित हुन्छ । प्राकृतिक शरीर छ भने, आत्मिक शरीर पनि अवस्य हुन्छ" (पद ४२-४४) ।

हाम्रो पुनरुत्थान पछि, सायद विजउनबाट पात फरक भए जस्तै हामी पनि फरक वा भिन्नै हुनेछौं । महत्त्वपूर्ण भिन्नताहरू चाहिं हामी, नाश नहुने, महिमित, शक्तिशाली र आत्मिकी - अनि हामी खीष्ट जस्तै देखिने छौं ।

"जसरी हामीले माटोको मानिसको रूप धारण गरेका छौं, त्यसरी नै स्वर्गमा मानिसको रूप धारण गर्नेछौं । अब भाई हो म तपाईहरूलाई यो भन्दछु, मासु र रगत स्वर्गका राज्यमा हकदार हुन सक्दैन । न त विनाश अविनाशको हकदार हुनसक्छ । हेर वा सुन म तपाईहरूलाई एउटा रहस्य भन्दछु, हामी सबै सुत्दैनौ, तर हामी सबैको पविर्तन हुनेछ, एकै क्षणमा आँखाको एक निमेषमा, तुरहीको आखिरी आवामा । किनकी, तुरही बज्नेछ, र मृतकहरू अविनाशी भएर जीवित हुनेछन् । अनि हाम्रो चाहिं (रूप) शरीर परिवर्तन हुनेछ । किनकी यस विनाशी स्वभावले अविनाशी र यस मरणशील शरीरले अमरत्व धारण गर्नुपर्दछ" (पद ४९-५३) ।

यहाँ पावलले भिन्नै तरीकाको शैली प्रयोग गरिरहेका छन् । नयाँ लुगा वा पोशाक लगाउनु भनेर । उनले यहाँ अति जोड दिएको मुख्य कुरा चाहिँ, उनले यहाँ जोड्दार उल्लेख गरेको मुख्य कुरा चाहिं हामी नाश हुने छौनौं - हाम्रो शरीर विग्रिने वा नाश हुने छैन र हामी कहिल्यै मर्दैनौं भन्ने नै हो । हामीसित पवित्रआत्माले परिवर्तन गरेको नयाँ, महिमित शरीर येशू जस्तै हुनेछ ।

## अनन्तको महत्व

यो सिद्धान्तले हाम्रो निम्ति के महत्त्व ल्याउँछ ? अनन्तको महत्त्व भनेको चाहिं

हामी सदासर्वदा बाँच्छौं- अनि सदासर्वदा बाँच्नु मात्र होइन, तर हामी ख्रीष्टसँग सदासर्वदा बाँच्ने छौ - र त्यति मात्र होइन, तर हामी महिमित शरीरमा जिउनेछौं जुन चाहिं उहाँको जस्तै शक्तिसँग र महिमा अनि जीवन त्यो चाहिं अहिले हामीले जानेको भन्दा असल र राम्रो ।

हाम्रो निम्ति महान इनामले पर्खिरहेको छ, एक इनाम जुन चाहिं कहिले-काहिं ईसाईत्वमा आइपर्ने कठिनाईको निम्ति क्षतिपूर्तिको रूपमा पाइने इनाम । अनन्त इनाम चाहिँ महत्त्वपूर्ण हो -पावलले भने जस्तै, यदि विश्वास यो जीवनको हितको लागि मात्र हो भने, यो पर्याप्त हुँदैन । तर त्यहाँ जीवन पछिको पनि छ, त्यहाँ पुनरुत्थान छ, अनि त्यहाँ अचम्मका इनामहरूले हामीलाई पर्खिरहेका छन् । यो जीवनमा जस्तोसुकै बलिदानहरू गरे तापनि केही होइन, ती राम्रा कै निम्ति गरिन्छ, किनकी हामीलाई १०० पल्ट दिइने छ र अझ बढी हुन आउने संसारमा । पुनरुत्थान चाहिं यो तस्विर महत्त्वपूर्ण भाग हो ।

## दिन-दिनको महत्व

माथि उल्लेख गरे अनुसार पुनरुत्थानमा हाम्रो विश्वाससँग हाम्रो दैनिक जीवनका निम्ति पनि महत्त्वपूर्ण परिणामहरू छन् । उदाहरणको लागि, पुनरुत्थानको बारेमा जान्नुले हामीलाई कठिनाइहरूमा काम गर्न सहयोग गर्छ र कोही विश्वासी नभएको ठाउँमा खीष्ट विश्वास गर्दा हुने सतावटमा यो कुरो थाहा पाइराख्दा यसले हामीलाई सहयोग गर्दछ । जब हाम्रो सेवकाई र जीवन समस्यामा हुन्छ, हामी चुप रहँदैनौं । यसो भन्दैनौ आउनुहोस् हामी खाउँ, पिऊँ र खुशी मनाऔं किनकी केही पनि भएको छैन । होइन, हामी त्यहाँ भविष्य देख्छौं र जीवनले महत्त्व राख्छ, र हामी हाम्रो भविष्यको सोचाईसँग जीउन चाहन्छौं ।

पुनरुत्थानको सिद्धान्त चाहिं इन्साफको सिद्धान्तसँगसँगै जान्छ । येशूले भने जस्तै, कोही जीवनको पुनरुत्थानमा उठ्ने छन्, र अरु कोही चाहिं इन्साफ वा न्यायका दिनमा पुनरुत्थान हुन्छन् । यसले यसो भन्छ कि परमेश्वरले हाम्रो जीवन जीयाइमा रेखदेख गर्नुहुन्छ । हाम्रो जीवन जीयाइको बारेमा उहाँसँग केही भन्ने कुरा छ र उहाँले हामीलाई हाम्रो जीवन जिएको लेखा लिन बोलाउनु हुन्छ ।

सु-समाचारले भन्दछ कि न्यायको दिनमा कसरी हामी दोषमुक्त हुन सक्छौं - यसले भन्दछ कि हामी येशू ख्रीष्टलाई विश्वास गरेर धार्मिकता पाउन सक्छौं

। सु-समाचार चाहिं पुनरुत्थान र न्यायको सत्यतामा र निर्माण भएको हुन्छ। पुनरुत्थानको अस्तित्वले सु-समाचार किन यो सुसमाचार हो र किन आवश्यक छ भनी व्याख्या गर्दछ।

सु-समाचार चाहिं खुशीको खबर हो र यो विश्वास गर्ने मानिसको निम्ति मात्र होइन, तर विश्वास नगरेका र गर्न बाँकी भएकाहरूका लागि पनि हो। हामीले प्रचार गरेको सुसमाचारमा असीम महत्त्व छ। हामीले केही वर्षका असल अनुभवहरू बारेमा भनेका होइनौ, अथवा ७० वर्षका असल कुराहरूका बारेमा पनि होइन- हामी अनन्त जीवनको बारेमा भन्दै छौं। जुन अनन्तता चाहिं यो जीवनसित भएको कुरा भन्दा पनि असल कुरा हो। हामीलाई थाहा छ ख्रीष्टमा हामीले के सेवा गरेका छौं, सु-समाचारलाई सहयोग गरेर हामीले के गरेका छौं, त्यो चाहिँ हामीले योग्य काम गरेका छौं। यो चाहिं सु-समाचार सुन्नु पर्ने सबैको लागि अति महत्त्वपूर्ण छ।

पुनरुत्थानको सत्यताले अरु मानिसलाई सुसमाचार सुनाउनुको महत्त्वलाई जोड दिन्छ। यसरी पावलले पुनरुत्थानको अध्यायलाई अन्त गर्दछन्: "यसैकारण (पुनरुत्थान छ) मेरो प्रिय भाई हो, स्थिर र अटल रहो। प्रभूको काममा सधैं बढ्दैजाओ। किनकी तिमीहरू जान्दछौ, कि प्रभूमा तिमीहरूको परिश्रम व्यर्थ जाँदैन" (पद ५८)। पुनरुत्थान चाहिं भविष्यको बारेमा चाखलाग्दो कुरा मात्र होइन - यसमा आजको हाम्रो जीवनको निम्ति व्यवहारिक प्रतिष्ठा, परिणामहरू रहेको छ। यसले हामीलाई काम गर्नलाई कारण दिन्छ, जे सुकै कठिनाईहरूको सामना गर्न परे तापनि खुरन्धारसँग लागिरहनुलाई कारण दिन्छ।

पुनरुत्थान दिनहुँको ईसाई चालचलनमा सम्बन्धित कुरा पनि हो। हामी यसलाई रोमी ६: अध्यायमा देख्छौं। "यसकारण बप्तिस्माद्वारा हामी मृत्युमा उहाँसँगै गाडियौं, ताकि जसरी पिताको महिमाद्वारा ख्रीष्ट मरेकाहरूबाट जीवित पारिनु भयो, त्यसरी हामी पनि नयाँ जीवनको मार्गमा हिँड्छौं" (पद ४) पावलले ५ पदमा यसरी व्याख्या गर्छन्, ".... हाम्रो पुरानो मनुष्यत्व उहाँसँग क्रूसमा टाँगियो, ताकि हाम्रो पापमय शरीर नाश होस् र अब उसो हामी पापका कमरा नहोऔं।"

पावल चरित्र परिवर्तनको बारेमा बोल्दैछन्। जब हामी आफैले ख्रीष्टसँग भएको थाहा गर्छौं, तब हामी पापको कामलाई मृत्युमा हालिदिन्छौं। तिनीहरूलाई हामी हाम्रो जीवन देखि ब्राहिर फ्याक्छौं वा फालिदिन्छौं, र हामी नयाँ मार्गमा हिंड्छौं

र जिउँछौं, ठीक ख्रीष्ट मृत्युबाट नयाँ जीवनमा उठेको जस्तै । पुरानोबाट बाहिर र नयाँसँग भित्र भएर ।

११-१३ पदमा पावल भन्दछन्, "यसैगरी तिमीहरूले पनि आफू आफूलाइं पापको लागि मरेका, तर ख्रीष्ट येशूमा परमेश्वरको लागि जीवित भएको ठान्नुपर्छ । यसकारण शरीरका अभिलाषा अनुसार चल्न नपरोस् भनी तिमीहरूका मरणशील शरीरमा पापलाँई राज्य गर्न नदेओ । आफ्नो शरीरका अङ्गहरू दुष्टताको साधनको रूपमा पाप गर्नलाई समर्पण नगर । तर मृत्युबाट जीवनमा ल्याइएका मानिसहरू जस्तै आफैलाई परमेश्वर कहाँ दिइहाल र शरीरका अङ्गहरूलाई धार्मिकताका साधनजस्तै परमेश्वरकहाँ समर्पण गर ।"

किनकी त्यहाँ पुनरुत्थान छ, हामीले फरक र नयाँ तरीकाले जीउनुपर्छ । शरीरको इच्छामा सेवा गर्नुको साटोमा, हामीले प्रभूको सेवा गर्न चाहनुपर्छ, किनकी हामी उहाँसँग सदासर्वदा रहने छौं । हामीले ख्रीष्टमा विश्वास गरेर दण्डबाट भाग्न सक्छौं - तर परमेश्वरको क्षमादानले हाम्रो जीवन जियाइलाई रेखदेख गर्नुहुन्न भन्ने चाहिं होइन । उहाँले अहिलेसम्म रेखदेख गरिरहनु भएको छ, उहाँले अहिलेसम्म आज्ञा गरिरहनु भएको छ, पुनरुत्थानको बुझाइले हामीलाई नयाँपनको जीवनमा हिंड्नलाई सहयोग गर्छ ।

१ यूहन्ना ३:२-३ ले भने जस्तै, "प्रिय मित्र हो, अहिले हामी परमेश्वरका सन्तान हौं, र हामी के होऔंला, सो अहिलेसम्म प्रकट भएको छैन । यति जान्दछौं, कि जब उहाँ प्रकट हुनुहुन्छ, तब हामी उहाँ जस्तै हुनेछौं । किनकी उहाँ जस्तो हुनुहुन्छ हामी उहाँलाई त्यस्तै देख्नेछौं । अनि जस्तो उहाँ पवित्र हुनुहुन्छ, उहाँमाथि यो आशा राख्ने हरेक मानिसले आफूलाई पवित्र पार्छ ।"

पद ४-६ सम्मा यूहन्नाले भन्न लागे, जब हामी ख्रीष्टमा जिउँछौं, हामी चम्किने छैनौं । हामी सबै गर्नबाट चुपचाप रहन्छौं । तर यदि हामीले पाप गर्‍यौं भने, हामीले गरे जस्तै सबैले गर्छन्, तब हामीलाई येशू ख्रीष्टद्वारा कानुनी तवरले रक्षा गर्छन् र प्रायश्चितको बलिदान हाम्रो निम्ति भइसकेको छ । हाम्रो लागि दोषको दण्ड छैन, तर जसले पुनरुत्थानमा विश्वास गरेको छ त्यसले उनीहरूको जिउने जीवन शैलीलाई पनि परिवर्तन गर्छ । ख्रीष्टसँग सदासर्वदा रहन्छौं भन्ने जानेपछि उहाँसँग जिउने जीवनशैली ठीक अहिले नै परिवर्तन हुन्छ ।

पुनरुत्थानलाई जान्नु वा बुझ्नाले मृत्युलाई एक नयाँ दृष्टिकोण दिँदछ । हामी जान्दछौं कि मृत्युले सबैलाई अन्त गर्दैन । हामी त्यो जन्दछौं कि हाम्रो प्रियलाई फेरी देख्ने छौं हामीं यो पनि जान्दछौं कि जीवन चाहिँ सदासर्वदा रहनेछ ।

हिब्रू २:१४-१५ ले भन्दछ, येशूले हाम्रो मनुष्यत्व माथी केही भन्नुहुन्छ, “किनकी छोराछोरीहरू मासु र रगतमा सहभागी भएका हुनाले उहाँले पनि त्यही स्वभाव लिनुभयो, ताकि मृत्युद्वारा नै मृत्युको शक्ति भएकोलाई, अर्थात दियाबलसलाई उहाँले नष्ट गरुन् । र मृत्युको डरले आजीवन बन्धनमा परेकाहरूलाई उहाँले मुक्त गरिदिऊन् ।”

पुनरुत्थानको बारेमा थाहा पाएर हामी मृत्युको डरबाट स्वतन्त्र भएका छौं । शत्रुलाई जितिएको छ, र हामी चाहिँ विजय प्राप्तकर्ताहरू हौं, जुनचाहिं खीष्टले जित्नु भयो ! उहाँले मृत्युमाथि विजय गर्नुभयो, र उहाँको जीवनमा सहभागी भयौं, मृत्युको डरबाट स्वतन्त्र पार्नुभयो । पहिलो थेस्सोलोनिकी पढे अनुसार, हामी अरु मानिस जस्तो शोक गर्दैनौं । हामीसँग शोक छँदैछ (र त्यो ठिकै छ किनकी मृत्यु चाहिं अझै शत्रुको रूपमा छँदैछ जितेको शत्रु भए तापनि त्यो अझै हाम्रो शत्रुको रूपमा छँदैछ), तर हामीमा आशा छ जुन चाहिं अरुमा छैन ।

पुनरुत्थानको ज्ञानले हामीलाई विश्वाससाथ मर्न सहयोग गर्छ, त्यो चाहिं भविष्यको निम्ति आशा र भरोसामा हुन्छ । सबैभन्दा राम्रो चाहिं आउन बाँकी नै छ । पहिलो थेस्सोलोनिकी ४:१८ ले भने अनुसार, “यसैकारण एउटाले अर्कालाई यी वचनहरूले सान्त्वना देओ ।”

★★★

# इकाई १० ग

# सु-समाचार बाँड्नु

येशू पुनरुत्थान हुनु भए पछि केही हप्तासम्म उहाँका चेलाहरूसित देखा पर्नु भएपछि, उहाँले तिनीहरूलाई जैतुन डाँडामा लैजानु भयो । चेलाहरूले उहाँलाई सोधे, "प्रभू, के तपाईले इस्रायल राज्यको पुनर्स्थापन गरिदिनुहुन्छ ?" (प्रेरित १:६) । अर्को शब्दमा हामीहरू भविष्यवाणीको समय तालिकामा अहिले कहाँ छौं ? के हामी अन्तको नजिक छौं त ?

अनि येशूले उत्तर दिनुभयो, "पिताले आफ्नो अधिकारद्वारा तोक्नु भएको बेला वा समय जान्ने तिमीहरूको काम होइन । तर पवित्र आत्मा तिमीहरूमा आउनु भएपछि तिमीहरूले शक्ति पाउने छौ र तिमीहरू यरुशेलममा, सारा यहुदीयामा, सामरियामा र पृथ्वीको अन्तिम छेउसम्म मेरा साक्षी हुनेछौ" (पद ६-८) । अर्को शब्दमा तपाईंलाई भविष्यवाणीको समय तालिका जान्न आवश्यक छैन । तपाईंले गर्नुपर्ने आवश्यक कुरा चाहिं सुसमाचार प्रचार गर्नु हो ।

येशूले चेलाहरूलाई भन्नु भएको कुरा अझै साँचो छ: अगमवाणीमा हाम्रो स्थान चाहिं तिथिमितिको हिसाब गर्नु होइन तर सुसमाचार प्रचार गर्नु हो । हामीहरूलाई परमेश्वरको आउँदो योजनाको अवस्थाबारे चिन्ता गर्नु आवश्यक छैन - हामीहरू त हालमा भइरहेको इतिहासको अवस्थाको बारेमा चिन्तित हुनु आवश्यक छ । यो युग मण्डलीको युग हो, सुसमाचार प्रचार गर्ने युग, र उहाँले हामीलाई अह्राउनु भएको काम हामीले गर्नु आवश्यक छ ।

सु-समाचार हाम्रो काम (मिशन) मा केन्द्रित छ, महान आज्ञामा येशूले बताउनु भयो "जाओ र सबै देशका जातिहरूलाई चेला बनायो, पिता, पुत्र र पवित्र आत्माको नाउँमा तिनीहरूलाई बप्तिस्मा देओ, मैले तिमीहरूलाई आज्ञा गरेको सबै कुरा गर्न तिनीहरूलाई सिकाओ" (मत्ति २८:१९-२०) ।

## *प्रेरितहरूलाई मात्र हो र ?*

तै पनि केही मानिसहरू अचम्भित भएका छन्: "प्रेरितहरूलाई यी पदहरूमा सु-समाचार प्रचार गर्नु भनी आज्ञा गरिएको छ, हामीहरूलाई पनि आज यो लागु हुन्छ भनी हामीले कसरी जान्ने ? एउटा असल उदाहरण तय गरेर मानिसहरूले

सु-समाचारको विषयमा सोध्दा सुसमाचार प्रचार गर्नु नै हाम्रो कर्तव्य होइन र ? खासगरी बाईबलले मानिसहरूलाई प्रचार गर भनी हामीलाई आज्ञा दिंदैन, दिन्छ र ?

प्रेरितहरूलाई आज्ञा दिइएको हो, हामीलाई होइन भनी कोहिले भन्लान् । साँचो हो, प्रेरितहरूलाई नै आज्ञाले देखाउँदछ । तिनीहरूलाई सुसमाचार प्रचार गर र विश्वासीहरूलाई बप्तिस्मा देओ भनी आज्ञा गरिएको थियो । तर कथामा अलि ज्यादा छ ।

२८:१९-२० मा हेरौं । येशूले उहाँका चेलाहरूलाई आज्ञा गर्नु भएको कुराहरू मानिसहरूलाई पालन गर्न सिकाओ भनी भन्नुभयो । अनि तिनीहरूलाई आज्ञा गरिएको मध्ये एउटा चाहिँ प्रचार गर्नु हो, र परिणाम स्वरूप प्रेरितहरूले विश्वासीहरूलाई येशूको सुसमाचार गर्नु भन्ने आज्ञा पालन गर्न भनी सिकाए । वास्तवमा, येशूले आफैलाई चिरस्थाई बनाउने आज्ञा दिनुभयो । भविष्यको चेलाहरूलाई आज्ञामा डोऱ्याउनु थियो । मत्तीले उनको किताबलाई आज्ञासित अन्त गरे ताकि उहाँको पाठकहरूलाई आज्ञा पालन गर्नु आवश्यक थियो ।

पद २० ले हामीलाई बताउँदछ कि येशूले प्रतिज्ञा गर्नुभयो, "म युगको अन्तसम्म सधैं तिमीहरूको साथमा छु ।" येशूले केवल चेलाहरूसित मात्र रहने प्रतित्रा गर्नु भएन, तर शताब्दीहरू भएर मण्डलीसित रहने प्रतिज्ञा गर्नुभयो । त्यसैगरी आज्ञा सम्पूर्ण मण्डलीलाई लागु गर्न सकिन्छ, प्रेरितहरूको युग देखि युगको अन्त सम्म पनि । खीष्ट प्रेरितहरूसित हुनु भएको र अरु धेरै विश्वासीहरूलाई सुसमाचार प्रचार गर्न प्रेरणा दिनु भएको नयाँ नियमले लेखा राख्दछ ।

## बचन प्रचार गर्ने बारे

हामीले नयाँ नियममा मण्डलीले प्रचार गर्ने आज्ञालाई पालन गर्नुपर्ने उदाहरणहरू हेर्नु भन्दा पहिले, अनुवाद गरिएको ग्रीक शब्द "प्रचार गर्नु" वा "प्रचार" लाई राम्ररी बुझ्न एकैक्षण हामी हेरौं । केही विश्वासीहरूले सबै विश्वासीहरूलार्य "प्रचार गर्न" बोलाइएको हो भन्ने कुरालाई छोडिदिन्छन् । तिनीहरूले "प्रचार गर्नु भनेको कुनै समूह अघि उभिएर प्रभावकारी ढङ्गले र दावाका साथ सु-समाचारको विषयमा प्रचार गर्नु भन्ने बुझ्दछन् । स्वभावैले कमै मानिसहरू मात्र यस प्रकारले प्रचार गर्नलाई सुसज्जित भएका हुन्छन् र यसलाई

प्रभावकारीता साथ र उत्तरदायीसित गर्छन् ।

तर "प्रचार गर्नु" चाहिं ग्रीक शब्दहरू अनुवाद गर्न सकिने एउटै मात्र सम्भावित तरीका हो । शब्दहरू मध्यै एउटा अनुवाद भएको चाहिं "प्रचार गर्नु" evaggelizo हो, र यसको अर्थ "ल्याउनु वा सु-समाचार घोषणा गर्नु हो ।" निश्चय नै, "प्रचार गर्नु" को साधारण बुझाइ चाहिं एउटा महत्त्वपूर्ण तरीका हो जसमा सुसमाचार घोषणा गरिन्छ । तर त्यो साधारण समझ चाहिं निश्चय नै सुसमाचार ल्याउने तरीका मात्र होइन ।

उदाहरणको लागि हेरौं, यस्तो खण्डहरू लूका १:१९ र २:१० को जस्तै, जहाँ evaggelizo लाई सु-समाचार "ल्याउनु" वा "देखाउनु" अनुवाद भएको छ । प्रचार गर्नु भन्ने कुरालाई वृद्धि गर्न हाम्रो विचारमा अरुलाई सु-समाचार दिनसक्ने अन्य धेरै तरीकाहरू समावेश गर्नु आवशयक छ । evaggelizo सित इच्छा गरिएको विचार चाहिं अन्य मानिसहरूमा कुनै व्यक्ति वा व्यक्तिहरूबाट सु-समाचारको सन्देश पुग्नु हो । प्रचार गर्ने अतिरिक्तमा थुप्रै तरीकाहरू अपनाउन सकिन्छ ।

प्राय अर्को शब्द "प्रचार गर्नु" लाई kerusso अनुवाद गरिएको छ, यसको मतलब राज्यको घोषणा गर्नु, चिनाउनु हो । यो सार्वजनिक प्रचार गर्न सकिन्छ, निश्चय नै, तर यस्तालाई अर्को तरीकाले पनि गर्न सकिन्छ । मर्कूस १६:१५ मा प्रयोग गरिएको शब्द "प्रचार गर" लाई kerusso अनुवाद गरिएको छ ।

विभिन्न अनुवादहरूले kerusso वा evaggelizo लाई विभिन्न शब्दमा अनुवाद गरेका छन् । उदाहरणको लागि लूका ९:२ मा किङ्ग जेम्स अनुवादले kerusso लाई "प्रचार गर्नु" भनी अनुवाद गरेको छ भने न्यू अमेरिकन स्टैण्डर्डले "घोषणा गर्नु" अनुवाद गरेको छ । लूका १:१९ मा, KTV ले evaggelizo लाई "तिमीलाई यो शुभ समाचार सुनाउन" अनुवाद गरेको छ भने NAS ले "यो शुभ समाचार तिमीमा ल्याएको छु" अनुवाद गरेको छ अनि न्यू इन्टरनेशनल भर्जन (NTV) ले "तिमीलाई यो सु-समाचार सुनाउन" भनेर अनुवाद गरेको छ ।

सुसमाचार अरुलाई दिलाउन चाहिं सुप्रसिद्ध राष्ट्रहरूलाई मात्र प्रचार गर्नुमा सिमित छैन । यसको बदलामा येशू खीष्टमा परमेश्वरको अनुग्रहको बारेमा अरुलाई जानकारी दिन धेरै, धेरै रूपहरू लिन सकिन्छ, अनि हामी सबै जनालाई एउटा न एउटा तरीकाले अरुहरूलाई सु-समाचार पुर्‍याउनलाई पवित्र आत्माद्वारा

वरदान दिइएको हुन्छ।

## शुरुको मण्डलीमा सु-समाचार

प्रेरितको सम्पूर्ण किताबमा प्रेरितहरूले येशूको आज्ञालाई पुरा गरेको पाउँदछौं। तिनीहरूले येशू नै खीष्ट हुन् भनी घोषणा गरे, उहाँलाई क्रूसमा टाँगिएको थियो र मृत्युबाट बौरी उठ्नु भयो, अनि उहाँबाट उद्धार पाइन्छ। यो खीष्टमा केन्द्रित सन्देश, एउटा "सु-समाचारीय" वा "सु-समाचार पूर्वीय" सन्देश थियो।

तर के सुसमाचार प्रेरितहरूले एक्लै घोषणा गरे त ? निश्चय नै होइन। स्टेफनसले खीष्टको नाममा महान काम गरे र येशू नै खीष्ट हुन् भनी बहस गरे (प्रेरित ६:८-१०)। महासभाको अगाडि उसले प्रभावशाली रूपले येशू नै धर्मी, मसीह, पवित्रशास्त्रमा भविष्यवाणी गरिएका हुन् भनी बहस गरे (प्रेरित ७:५१-५२)। र उहाँ मर्दै गर्दाको शब्दहरू खीष्टमा पापहरूको क्षमा छ भन्ने साक्षी थियो (पद ६०)।

परमेशवरले स्टेफनसलाई प्रेरणा दिनुभयो, अनि उसले अरु धेरैलाई प्रेरणा दिए। "त्यसै दिन यरुशेलममा भएका मण्डलीको विरुद्धमा ठूलो सतावट शुरु भयो, र प्रेरितहरू बाहेक .... सबै छरपष्ट भए। ती छरपष्ट भएकाहरूले चारै पट्टी गएर वचन प्रचार गरे (प्रेरित ८:१,४)। उनीहरूको जीवनको जोखिममा पनि, तिनीहरूले खीष्टियनहरूलाई आराले काटे पनि सुसमाचार अरुलाई सुनाए। तिनीहरूले खीष्टियनले स्वभाविकरूपले के गर्नु पर्ने त्यही मात्र गर्दै थिए। अनुभव भयो - पवित्र आत्माले डोऱ्याईएका - परमेश्वरले उनीहरूलाई आशिष दिनुभयो भनी अरुलाई सुसमाचार भन्न तिनीहरूलाई बाध्य बनाइएको थियो। हमीहरूले पछ्याउनलाई एउटा असल उदाहरण झैं लूकाले कथा प्रस्तुत गर्दछन्।

त्यसपछि, फिलिप "सामारिया सहरमा गएर खीष्टको प्रचार गरे" (पद ५)। परमेशवरले केही सामरीहरूलाई बचाएर (जीवन बदलाएर) यो प्रचारलाई आशिष दिनुभयो। सुसमाचार वृद्धि गराउनलाई निरन्तरता दिइयो।

"स्टेफनसको सम्बन्धमा शुरु भएको सतावटको कारण जतातत्तै छरपष्ट भएकाहरूले अरुलाई होइन, तर यहुदीहरूलाई मात्र वचन प्रचार गर्दै फोनिके, साइप्रस र एन्टिओखिया सम्म यात्रा गरे। तर तिनीहरू मध्ये कोही- कोही साइप्रस र कुरेनीका मानिसहरू थिए। तर तिनीहरू एन्टिओखियामा आएर ग्रीकहरूलाई

पनि प्रभू येशूको बेला प्रचार गरे । प्रभूको बाहुली तिनीहरूसँग भएकोले विश्वास गर्नेहरू धेरै सदस्यहरूमा प्रभूतिर फर्के (प्रेरित ११:१९-२१) । फेरी, परमेश्वरले उहाँको मानिसहरूलाई येशूको बारेमा सु-समाचार भन्नलाई प्रेरणा दिनुभयो, अनि उहाँले परिणामहरूलाई आशिष दिनुभयो ।

अन्य जातीहरूको निम्ति एउटा प्रेरितको रूपमा पावललाई विशेष आज्ञा दिइएको थियो । तर लूकाले हामीलाई भन्दछन् कि तिनीहरूलाई सु-समाचार बाँड्ने उनी मात्र थिएनन् । पावल र बर्नाबास एन्टिओकमा रहे, जहाँ तिनीहरू र अरु धेरैले प्रभूको वचन सिकाए र प्रचार गरे (प्रेरित १५:३४) । स्पष्टरूपले, प्रेरितहरूलाई मात्र आज्ञा लागु हुँदैन भनी लूकाले भन्दछन् । मण्डलीको भविष्यको पिढींहरूले के गर्नुपर्छ भन्ने उदाहरणको रूपमा उहाँको किताबले सेवा दिलाउँछ ।

प्रेरितहरूको किताबमा हामीले अपोलसको उदाहरण पनि देख्छौं, जसले पवित्रशास्त्रका वचनद्वारा येशू नै खीष्ट हुनुहुन्छ भन्ने कुरा देखाइकन यहुदीहरूलाई सबैका सामुन्ने विलकुल निरुत्तर तुल्याए (प्रेरित १८:२८) । पछि अझ धेरै मानिसहरूले खीष्टको प्रचार गरेका थिए भनी आनन्द मनाए (फिलिप्पि १:१५-१८) kerusso पद १५ मा प्रयोग गरिएको छ, kataggello, अर्थ "घोषणा" पद १६ र १८ मा प्रयोग गरिएको छ) ।

पावलले तिमोथीलाई (२ तिमोथी ४:५) प्रचारको काम गर भनेका छन् (evaggelistes-सु-समाचार ल्याउने) । परमेश्वरले कसैलाई प्रचार गर्ने वरदान दिनुहुन्छ (एफिसी ४:११) । तालिमले तिनीहरूको वरदान अझ प्रभावशाली बनाउन सक्छन् । मण्डलीले आफ्नो काम पूरा गर्न सक्दैन थियो यदि सबै कुरा मानिसको लागि आओस् भनी पर्खेको भए । खीष्टको नाउँमा बाहिर जाने र सु-समाचार मानिसमा पुऱ्याउने भित्री चाहनाको आवश्यक छ ।

## व्यक्तिगत सु-समाचार

एक वा अर्को स्तरमा, सुसमाचार मण्डलीको हरेक सदस्यमा, येशू खीष्टको हरेक चेलामा समाहित हुन्छ । हामीहरू विश्वासमा वयस्क हुँदा, हरेक सदस्य खीष्टियन सन्देश दिन अझ दक्ष हुनुपर्छ । "यतिका दिनसम्म त तिमीहरू शिक्षक भइसक्नु पर्दथ्यो," (हिब्रू ५:१२ ले भन्छ, कुनै पनि व्यक्ति जो केही बेर खीष्टियन छ भने अरुलाई सु-समाचार दिन सक्ने हुनुपर्छ) ।

परमेश्वरले येशू खीष्टद्वारा पुनर्मिलन गरिएका सबैलाई "पुनर्मिलनको सन्देश" दिनुभएको छ (२ कोरिन्थी ५:१८-१९)। हामीले येशू खीष्टको सु-समाचारद्वारा परमेश्वरमा पुनर्मिलन हुनलाई अरु मानिसहरूलाई उत्साह दिनुपर्छ।

मण्डलीले खीष्टको आज्ञाहरू पालन गर्दा र हामी आफैले "खीष्टको सु-समाचारको योग्यको चाल" चलेका हुन्छौं, साँच्चै नै मानिसहरू हामीमा आउँछन् र मद्दत माग्छन्। यो उदाहरण सहितको सु-समाचार हो, र यसले हाम्रो प्रचार गर्ने दायित्वलाई सहयोग गर्दछ। हामीहरूले दुवै गर्नुपर्छ। उदाहरणको भाग चाहिं हामीमा काम गर्ने व्यक्तिलाई सहयोग पुऱ्याउने हाम्रो चाहना हुनुपर्छ।

हामीहरू पवित्र मानिसहरू हौं, "अन्धकार देखि उहाँको उदेकको ज्योतिमा ल्याउनु भयो, ताकि तिमीहरू उहाँका आश्चर्यपूर्ण कार्यहरूको घोषणा गर्न सक" भनी बोलाइएका हौं (१ पत्रूस २:९)। हामीले यसलाई कसरी गर्दछौं ? जीएर, "अन्य ज्ञातिहरूका बीचमा तिमीहरूको चालचलन असल होस्। कसैले तिमीहरूलाई कुकर्मी भनी तिमीहरूका विरुद्धमा बोले तापनि तिमीहरूले तिमीहरूका असल कामहरू देखुन् र आगमनको दिनमा तिनीहरूले परमेश्वरको महिमा गरुन् (पद १२)।

असल उदाहरण बन्ने विषयमा पत्रूस लेख्छन्, "तिमीहरूमा भएका आशाको विषय कसैले सोधपुछ गरे त्यसको जवाफ दिन सधैं तयार बस" (१ पत्रूस ३:१५)। उदाहरण र सु-समाचार सँगसँगै जान्छन्।

आज संसारमा, खीष्टयन जीवनशैली सर्वश्रोष्ठ छ। जब समान निरासा र उदासिन हुन्छ, खीष्टियन आशा र उद्देश्यलाई हेर्न सकिने हुन्छ। मानिसहरूलाई खीष्टको शान्ति आवश्यक छ र चाहन्छन्, चाहे यो बुझेको भए पनि नबुझेको भए पनि। तिनीहरूले मद्दत माग्दा, किन हामीहरूको येशू खीष्टमा आशा छ भनी हाम्रो आफ्नै शब्दमा वर्ण गर्न सक्छौं। एउटा असल उदाहरण र एउटा बुद्धिमानी साक्षीले सु-समाचार प्रचार गर्ने विश्वासमा सहयोग गर्दछ।

पावलले खीष्टियनहरूलाई यसरी जिउन उत्साह दिन्छन्, "निर्दोष र सुधा भएर टेढा र बरालिएका पुस्ताको बिचमा परमेशवरको निष्खोट सन्तान होओ, जुन पुस्ताको बीच संसारमा तिमीहरू ताराहरू झैं चम्कन्छौ" (फिलिप्पी २:१५)। तर समाजमा खीष्टियनको भूमिकाले पाप देखि अलग रहन सक्दैन। त्यसपछिको पावलको शब्दहरू "जीवनको वचन दह्रिलो गरी पक्री राख" (पद १६)। तिनीहरूको

कामहरू तिनीहरूको शब्दहरू मिलेका थिए । असल कामहरू सु-समाचारसित जान्छन् ।

## उत्तर दिनलाई तयारी

हरेक खीष्टियन विश्वासको आधार वर्णन गर्न सक्ने हुनुपर्छ । शायक बोलक्कड भैं नहोला र बहस गर्ने गरी पनि होइन, तर साधारण स्थितिमा । हामीले हाम्रो जीवनमा परमेश्वरको शान्ति थाहा छ । हामीहरू पुनरुत्थान हुनेछौं भन्ने हामीलाई थाहा छ। जीवन बहुमूल्यको छ भनी हामीलाई थाहा छ । परमेशवरले उहाँको पुत्र हाम्रो निम्ति मर्नलाई पठाउनुभयो । अनि अहिले उहाँ हाम्रो निम्ति जिउनु हुन्छ भनी हामीलाई थाहा छ । हामीले हाम्रो आफ्नै निम्ति जिउन छोडेर उहाँको निम्ति जिउन थालौं भन्ने उहाँ चाहनु हुन्छ भन्ने हामीलाई थाहा छ (२ को ५:१५) ।

खीष्टियनहरूले बाईबलको हरेक शब्दहरू वर्णन गर्न सक्दैनन् । तर तिनीहरूले किन विश्वास गर्दछन् भनी उनीहरूको आफ्नो गवाही दिन सक्छन् । तिनीहरूले हरेक बुँदा बहस साथ प्रमाणित गर्न सक्दैनन् र तिनीहरूलाई आवश्यक पनि छैन । तिनीहरूको गवाहीलाई विश्वासयोग्य बनाउने चाहिं "खीष्टमा उनीहको असल स्वभाव हो" (१ पत्रूस ३:१६) । हामीले आशाको निम्ति प्रतिउत्रर दिंदा त्यो हामीमै भरपर्दछ, प्रमाण चाहिं हाम्रो कामहरूमा साथै हाम्रो शब्दहरूमा भर पर्दछ । उनीहरू एक्लैमा भएको भन्दा अझ प्रभावकारी बनाउनमा एक अर्कामा बलियो बनाउँछ ।

परमेश्वरको अनुग्रहलाई वाग्मीतापूर्ण व्याख्या गर्नुमा हरेक सदस्यलाई बराबर वरदान पाएको हुँदैन । अनि हरेक सदस्यले उस्तै तरीकाले गर्दैनन् । सुसमाचारसित अरुमा नियमित पुऱ्याउने कुरामा "सु-समाचार प्रचार" एउटा आत्मिक र हरेक खीष्टियनमा यो निश्चित वरदान आशा गर्न सकिंदैन । तर सबै खीष्टियानहरूलाई प्रतिउत्तर दिनलाई तयार हुनलाई आज्ञा गरिएको छ । हाम्रो छिमेकीहरू अन्जानमा बसेको भन्दा खीष्टलाई चिन्ने आशिष पाऊन भन्ने हामी सबैले चाहनु पर्छ । मिल्दो परिस्थिति उत्पन्न हुँदा सबै खीष्टियनहरू परमेश्वरद्वारा चलाइनुलाई तयार हुनुपर्छ ।

व्यक्तिगत सु-समाचारलाई उपेक्षा गरिनु हुँदैन । पवित्र आत्माले हरेक खीष्टियानलाई स्वभावमा र बोलीमा डोऱ्याउनु हुन्छ । त्यसको मतलब हामी हरेक

जना समाजमा असल उदाहरण हुनुपर्छ र हामीमै रहने विश्वासको विश्वासिलो साक्षी हुनुपर्छ । यदि तपाईं ज्यादै आरक्षित व्यक्ति हुनुहुन्छ भने चाहिं तपाईंले पहिलो विाष्य ल्याउनु खोज्नु भएको पवित्र होयन भने, त्यो ठीकै छ । परमेश्वरले वरदान दिनु भए अनुसार ख्रीष्टको निम्ति इर्ष्यालु उत्तर दिनलाई सधैं तयार हुनुहोस् । तयार हुनले इच्छुकतालाई समावेश गर्दछ, केवल ठीक शब्दहरू हुनु मात्र होइन ।

ख्रीष्टको आज्ञा अरुमा सु-समाचार पुऱ्याउनु चाहिं हाम्रो कामको भागलाई निरन्तर दिनु हो । त्यसैले हामीहरू सु-समाचार प्रचारको काममा समर्पित छौ - यो एउटा तरीका हो जहाँ हामीले येशू ख्रीष्टलाई पालन गर्दछौं । यो एउटा हाम्रो आज्ञाको भाग हो, हाम्रो कर्तव्यको भाग हो ।

★★★

सम्पर्क
**चेलापन कार्यक्रम**
पोष्ट बक्स ८९७५
इ.पि.सि. ७८४
काठमाडौं
नेपाल

Contact :
***Discipleship Programme***
P.O. Box : 8975
E.P.C. : 784
Kathmandu
Nepal